# नगर शिक्षा योजना

# MUNICIPAL EDUCATION PLAN

## (२०८२/०८३-२०८६/०८७)

नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश

हरिसिद्धि, सीतापाइला, काठमाडौं

नगर कार्यपालिकाको मिति २०८१/१२/१७ गतेको वैठकबाट स्वीकृत गरिएको

नागार्जुन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हरिसिद्दि , सीतापाइला काठमाडौ

बागमती प्रदेश, नेपाल

प.सं.

च. नं.

# शुभकामना मन्तव्य

शिक्षाले जीवन निर्वाह गर्न सहयोग गर्न सक्नुपर्छ । आदर्श, नैतिकवान, चारित्रवान  र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । शिक्षा देश विकास र समृद्धिको मूल आधार हो भने मानव जीवनको अपरिहार्य आवश्यकता हो । यसर्थ न्यूनतमरुपमा आधारभूत तहको शिक्षा प्राप्त गर्नु मानव अधिकारको रुपमा लिइएको छ भने नेपालको संविधान २०७२ ले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी नागार्जुन नगरपालिकाको शिक्षाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप जस्ता पक्षहरु यस शिक्षा योजनाले निर्धारण गरेकोमा मलाई खुशी लागेको छ । यस ५ वर्षे आवधिक शिक्षा योजनाको कार्यान्वयनबाट शैक्षिक समस्याहरूलाई समाधानमा कोसे ढुङ्गा हुने अपेक्षा लिइएको छ । यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक पूर्वाधार विकास तथा सूचना प्रविधिको न्यूनतम सुविधा, अभिभावकहरुको सकारात्मक सहयोग तथा शिक्षकहरूको तालिम व्यवस्थापन, शिक्षकहरूमा उत्प्रेरणा र आत्मबल विकास, शैक्षणिक सामग्री उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापनमा सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ ओटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको ५ वर्षे योजना, शिक्षा नीति २०७६, आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । गुणस्तरीय विद्यालय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनु पर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुऱ्याउने छ । शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकीकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षाप्रेमी, बुद्धिजिवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक संघ संस्थाका पदाधिकारीहरू र शिक्षाका राष्ट्रसेवक कर्मचारीहरूको निरन्तर परिश्रम र लगनशिलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक, आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्तमा यो ५ वर्षे (२०८२/८३-२०८६/८७) आवधिक शिक्षा योजना तयार गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो । स्रोत पहिचान एवम् व्यवस्थापनको काम समेत चुनौतीपूर्ण रहेको छ । योजना कार्यान्वयनमा सरोकारवालाको अपनत्व हुने अपेक्षा लिएको छु । अन्तमा यस आवधिक शिक्षा क्षेत्रको  योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८१ फागुन

नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिसिद्धि, सीतापाइला काठमाडौ
बागमती प्रदेश, नेपाल

प.सं.
च. नं.

## शुभकामना मन्तव्य

बालबालिकामा रहेको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वातावरण घर, परिवार र विद्यालयमा सिर्जना गर्न सक्नु हामी सबैको कर्तव्य हो । शिक्षाको विकास विना नगरपालिकाको विकासको परिकल्पना पनि गर्न सकिदैन । मानवीय सर्वाङ्गीण विकासका लागि शिक्षा अपरिहार्य हो । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गर्दै वर्तमान ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४,पञ्चवर्षीय योजनाहरू, शिक्षा क्षेत्र योजना तथा विभिन्न ऐन, कानुनको परिधी एवम् नगरपालिकाले शिक्षासम्बन्धी अवलम्बन गरिएका नीति, कार्यक्रम तथा बजेटको प्रतिबद्धतासमेतलाई समेटेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग छलफल गरी निर्माण गरिएको यो शिक्षा योजना नगरपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ । जनताको सबै भन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले जनतासँग प्रत्यक्षरुपमा सरोकार राख्ने कुराहरू लगायत आधारभूत आवश्यकताहरूको सम्बोधन गर्ने कर्तव्य स्थानीय तहको पनि हो । शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन,व्यापार, कृषि,पशु लगायतका विषयमा प्रत्यक्ष र परोक्षरुपमा स्थानीय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीविका र रोजगारीका सन्दर्भमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ ।

गुणस्तरीय जीवन निर्वाह गर्न शिक्षाले सहयोग गर्न सक्नुपर्छ, त्यसको निम्ति नैतिक शिक्षा, आदर्श, चारित्रवान र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । गुणस्तरीय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनुपर्ने चुनौती पनि हाम्रो सामु रहेको छ । यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुऱ्याउने छ । योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षाप्रेमी, बुद्धिजिवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक संघ संस्थाका पदाधिकारीहरू र राष्ट्रसेवक कर्मचारीहरूको अविछिन्न परिश्रम र लगनशिलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक, आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्तमा यस पाँच वर्षे (२०८२/८३-२०८६/८७)दीर्घकालिन शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८१ फागुन

सुशिला अधिकारी
उपप्रमुख

**नागार्जुन नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**हरिसिद्दि, सीतापाइला काठमाडौ**

**बागमती प्रदेश, नेपाल**

**प· सं·**

**च· नं·**

# शुभकामना मन्तव्य

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभूत आवश्यकताका साथै मौलिकहकको रुपमा स्थापित हुन आउँछ । लोकतान्त्रिक मूल्य मान्यतामा आधारित रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका हुन आउँछ । व्यक्तिको आनीबानीमा परिवर्तन गरी सामाजिकरण गर्दै राष्ट्र निर्माणमा यसले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सबैका लागि शिक्षा सहज एवम् पहुँच र निरन्तरताको सुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन आवश्यक हुन आउँछ ।

शिक्षाले व्यक्ति समाज र राष्ट्रको परिवर्तन गर्ने महत्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको जिम्मेवारी हुन आउँछ । शिक्षाका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा वृद्धि, शैक्षिक सुधारका कार्यक्रमहरूको छनौट र कार्यान्वयन गर्नु जरुरी हुन आउँछ । शिक्षाका राष्ट्रिय, तहगत उद्देश्यहरू पूरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति लिई कार्यान्वयन गर्नु जरुरी पर्दछ ।

नगरपालिकाको शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि यो योजना आफैंमा पथ प्रर्दशकको एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य, उद्देश्य र कार्यक्रमहरू केही बढी महत्वकांक्षी पनि हुन सक्छन भने कतिपय कार्यक्रम छुटेका र दोहोरिएका पनि हुन सक्छन । यसर्थ यसको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक बर्ष यसै योजनाका आधारमा बार्षिक कार्यक्रम कार्यान्वयन रणनीतिक योजना निर्माण गर्नु आवश्यक हुन्छ । तथापी नागार्जुन नगरपालिकाले नगरक्षेत्र भित्रका शैक्षिक विकास गरी यसलाई गन्तव्यको थलोको रुपमा विकास गर्न शिक्षा योजना कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवम् उद्देश्यहरू हासिल हुने अपेक्षा लिइएको छ । त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु । यो ५ वर्षे शिक्षा योजना कार्यान्वयन गर्नका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जनप्रतिनिधि, लगायत सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरूको महत्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छु ।

अन्तमा शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकीकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।

धन्यवाद !

२०८१ फागुन

शिवप्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत

# कार्यकारी सारांश

नेपालको संविधानले शिक्षालाई मौलिक हक र राज्यको निर्देशक सिद्धान्तमा नागरिकको आधारभूत आवश्यकताको रुपमा प्रत्याभूत गरेको छ । नागरिकको सहज पहुँचमा शिक्षा प्रदान गर्नु राज्यको सामाजिक दायित्व हो भने नागरिकको नैसर्गिक अधिकार हो । आधारभूत शिक्षा प्रदान गर्न राज्यका तर्फवाट समय सापेक्ष शैक्षिक नीति तथा कार्यक्रमहरु जारी भइ कार्यान्वयन भइरहेका छन् । यद्यपि ती शैक्षिक नीति तथा कार्यक्रम लागु गरी कार्यान्वयन गर्ने सन्दर्भमा देश सङ्घीयता गएसँगै विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको एकल अधिकार क्षेत्र र संघ, प्रदेश सरकारको साझा अधिकार क्षेत्रभित्र पर्ने भएकोले तीनै तहका सरकार बिच आपसी सहअस्तित्व, समन्वय र सहकार्यमा शैक्षिक क्षेत्रको विकास र सुधार गर्न आवश्यक छ र हुन्छ पनि । सोही बमोजिम विगत देखि अविछिन्नरुपमा विषयगत सम्बन्धित निकायहरुबाट स्रोत र साधनको विनियोजन भइ कार्यान्वयनका लागि प्रयास भइरहेका छन् । तथापि पालिका विशेषको सिकाइ आवश्यकता, विद्यमान अवसर र संभावना, समस्या र चुनौतीको आधारमा शिक्षा नीति तथा कार्यक्रमहरु लागु गर्नुपर्ने हुन्छ । सोही बमोजिम हिजोको शिक्षा, आजको इच्छा र भोलिको अपेक्षालाई विश्लेषण गर्दै " सत्य सूचना तथा तथ्याङ्क साथमा, वास्तविक आवश्यकतामा आधारित योजना हातमा " र "कार्यान्वयन योग्य योजना साथमा, सफलता हातमा" भन्ने सन्देशलाई कार्यरुप दिन नागार्जुन नगरपालिकाले आर्थिक २०८२।०८३ देखि २०८६।०८७ को लागि पहिलो पाँच वर्षे शिक्षा योजना निर्माण गर्ने सोच राखी शिक्षा योजना निर्माणका लागि प्राविधिक कार्यदल गठन गरी आवश्यकता अनुसार शिक्षा सरोकारवालाहरुसँगको आपसी अन्तरक्रिया र छलफलबाट उक्त योजना निर्माण गरी यहाँहरु समक्ष प्रस्तुत भएको छ । शिक्षा योजना निर्माणका क्रममा पालिकाका नेतृत्व, कार्यपालिका पदाधिकारी, शिक्षा समितिका पदाधिकारी र शिक्षा, युवा तथा खेलकुद शाखासँगको नियमित सम्पर्क र समन्वयमा नगरपालिकाका प्रमुख सरोकारवालाहरुबाट उपलब्ध प्रेरणा, आवश्यक स्रोत र सूचना तथा तथ्याङ्क, विद्यालय शिक्षाको विकास र गुणस्तर सुधार केन्द्रित सुझाव र विज्ञको प्राविधिक सल्लाहका आधारमा योजना निर्माण गरिएको हो । यसको अतिरिक्त समसामयिक शैक्षिक नीति तथा कार्यक्रम, संघ प्रदेश र स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रमा गरेको लगानी, विगतको अनुभव र वर्तमानको आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर योजना निर्माण गरिएको छ ।

यस योजनालाई ८ वटा परिच्छेदमा लिपिवद्ध गरिको छ । जसमध्ये परिच्छेद एक :परिचय, परिच्छेद दुई : दूरदृष्टि लक्ष्य उद्देश्य रणनीति वा कार्यनीति र अपेक्षित उपलब्धि,परिच्छेद तीन: विद्यालय शिक्षा क्षेत्रका उपक्षेत्र, परिच्छेद चार: शिक्षा क्षेत्रसँग अन्तरसम्बन्धित विषयक्षेत्र, परिच्छेद पाँच: संस्थागत विद्यालय, परिच्छेद छ: सुशासन र व्यवस्थापन, परिच्छेद सात: वित्तीय लगानी र स्रोतको व्यवस्थापन र परिच्छेद आठ: अनुगमन तथा मूल्याङ्कन पक्षलाई समेटिएको छ । परिचय, वर्तमान अवस्था, अवसर,समस्या र चुनौती, उद्देश्य, रणनीति एवम् कार्यनीति र उपलब्धि,नतिजा र प्रमुख क्रियाकलाप तथा बजेटको खाकामा सबै अवयवहरुलाई प्रस्तुत गरिएको छ । साथै ५ वर्षे शिक्षा योजनामा प्रस्तावित कुल बजेट १अर्ब ४९ करोड ५५ लाख ८७ हजार मध्ये वाह्यस्रोत तर्फ १ अर्ब ११ करोड ४० हजार(७४.२२%) र आन्तरिक स्रोत तर्फ ३८ करोड ५५ लाख ४७ हजार (२५.७८ %) स्रोत आंकलन गरिएको छ । उक्त योजनामा विना बजेट तर्फ ४२ वटा र न्यून एवम् आवश्यक बजेट लाग्ने २०१ वटा समेत जम्मा २४३ वटा क्रियाकलाप प्रस्तावित गरिएको छ । उक्त क्रियाकलापहरु आन्तरिक स्रोत तर्फ १७४ वटा र वाह्य स्रोत तर्फ ६९ वटा क्रियाकलापहरु रहेका छन् । ती २४३ वटा क्रियाकलापहरु योजनामा रहेका १६ ओटा क्षेत्रगत अवयव (प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम. पाठ्यपुस्तक सिकाइ सामग्री र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा र आजीवन सिकाइ,प्राविधिक तथा व्यवसायिक सिप, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम;विद्यालय सुरक्षा, विपद न्यूनीकरण र उत्थानशिलता, विद्यालयमा भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि, शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास, शिक्षा योजना कार्यान्वयनको प्रबन्ध र अनुगमन तथा मूल्याङ्कन) भित्र प्राथमिकताक्रममा प्रस्तुत गरिएको छ । प्राथमिकताक्रम कायम गर्दा अनिवार्य दायित्व एवम् PMEC (Proiritise Minimum Enabing Condtions) कक्षाकोठा, शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक, छात्रा शौचालय र नवीनतम शैक्षिक सामग्री र विधि जस्ता पक्षलाई आधार लिइएको छ । चालु बर्षको कार्यक्रम तथा बजेटको कार्यान्वयनका लागि कार्ययोजना, योजना निर्माणको समय र बजेटमा समेत सामान्य हेरफेरको संभावना रहेसँगै यस योजनाको कार्यान्वयनमा सहजताको लागि पहिलो बर्षमा सञ्चालन गर्ने कार्यक्रम एवम् क्रियाकलाप र स्रोत व्यवस्थापनलाई अलग्गै प्रस्तुत

गरिएको छ । संघ प्रदेश सरकारबाट प्राप्त वित्तीय अनुदान सहयोग र विकास साझेदार वा गैहसरकारी संघ संस्थासंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयनमा स्रोत र प्राविधिक सहायताका लागि अपेक्षा समेत गरिएको छ ।

नगरपालिकाको सपना " समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पूर्वाधार" लाई विपनामा रुपान्तरित गर्न शिक्षाको विकास पहिलो सर्त हो । शिक्षा आफैंमा विकासको संवाहक हो र समग्र पूर्वाधार विकासको पनि पूर्वाधार हो । त्यसकारण शिक्षाले उच्च प्राथमिकता प्राप्त गरेको प्रमाण आन्तरिक स्रोततर्फको शिक्षा क्षेत्रमा गरेको बजेट विनियोजनले स्पष्ट गरेको छ । अत: विगतमा स्थानीय सरकारले गरेको लगानीको आधारमा आवधिक बजेटमा हुने अनुपातिक वृद्धि हुने तथ्यलाई सुरक्षित राख्दै कार्यक्रम र बजेट प्रस्तावित गरिएको छ । यद्यपि संघ,प्रदेश सरकारबाट प्राप्त स्रोतमा क्रमिक वृद्धिको अपेक्षा र गैहसरकारी निकायसँगको हातमालो कार्यलाई निरन्तरता दिइएको छ । योजनाको सफलता नै त्यसको प्रभावकारी कार्यान्वयन हो । तसर्थ स्थानीय समुदाय,अभिभावक, शिक्षक र विद्यार्थीहरुवाट प्राप्त हुने सहयोग, सहभागिता ( तन, मन र धन  एवम् श्रम र शक्ति ) लाई उच्च स्थान प्रदान गर्दै स्थानीय राजनीतिक नेतृत्व, सामाजिक अभियान्ता र सरकारी निकाय र संस्थागत संरचनाहरुबाट सकारात्मक सहयोग र आवश्यकता अनुसार सहजीकरणको अपेक्षा पनि यस योजनाले राखेको छ । अन्तमा योजना निर्माणमा महत्वपूर्ण सहयोग गर्नु हुने सबै प्रति आभार प्रकट गर्दछौं ।

धन्यवाद !

**शिक्षा योजना मस्यौदा तयारी समितिका सदस्यहरुको नामावली**

| | | |
|---|---|---|
| १. | नगर उप प्रमुख श्री सुशिला अधिकारी | संयोजक |
| २. | सामाजिक विकास समितिका संयोजक श्री केशव थापा | सदस्य |
| ३. | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री राजन पुरी | सदस्य |
| ४. | प्रधानाध्यापक श्री सुन्दर पन्त | सदस्य |
| ५. | प्रिन्सीपल श्री बासुदेव घिमिरे | सदस्य |
| ६. | कार्यपालिका सदस्य श्री हम्जुला राइ वि. क. | सदस्य |
| ७. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री कृष्णबहादुर कुँवर | सदस्य सचिव |

**शिक्षा योजना लेखाजोखा समितिका सदस्यहरुको नामावली**

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत श्री शिवप्रसाद रिजाल | संयोजक |
| २. | विज्ञ श्री सुकदेव नेपाल | सदस्य |
| ३. | प्रवक्ता श्री महेश रिमाल | सदस्य |
| ४. | प्रिन्सीपल श्री दुर्गाप्रसाद गौतम | सदस्य |
| ५. | डा·श्री उत्तम खनाल | सदस्य |
| ६. | प्रिन्सीपल श्री शिवराम गिरी | सदस्य |

## सङ्क्षेपीकरण

| | |
|---|---|
| **आ वः** | **आर्थिक वर्ष** |
| एसइइः | सेकेण्डरी एजुकेशन इक्ज्यामिनेसन |
| कि मिः | किलोमिटर |
| प्रावाशिविः | प्रारम्भिक बाल शिक्षा तथा विकास |
| रायोआ | राष्ट्रिय योजना आयोग |
| विक्षेवियोः | विद्यालय क्षेत्र  विकास योजना |
| विशिक्षेयोः | विद्यालय शिक्षा क्षेत्र  योजना |
| शिमास्रोविकेः | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| शिविप्रमः | शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय |
| प्रअः | प्रधानाध्यापक |
| विव्यसः | विद्यालय व्यवस्थापन समिति |
| विनिः | विद्यालय निरीक्षक |
| शैव्यसूप्रः | शैक्षिक व्यवस्थापन सूचना प्रणाली |
| पाविकेः | पाठ्यक्रम विकास केन्द्र |
| पूप्राशिः | पूर्व प्राथमिक शिक्षा |
| रापबोः | राष्ट्रिय परीक्षा बोर्ड |
| प्रशिताकेः | प्रदेश शिक्षा तालिम केन्द्र |
| प्राशिव्याताः | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम |
| शिविनिः | शिक्षा विकास निर्देशनालय |
| सिउः | सिकाइ उपलब्धि |
| स्रोव्यः | स्रोत व्यक्ति |
| शै सः | शैक्षिक सत्र |
| सासिकेः | सामुदायिक सिकाइ केन्द्र |
| सकाः | सहयोगी कार्यकर्ता |

## विषय सूची


| क्रम सख्या | विषय शीर्षक | पेज नं. |
|---|---|---|
| | **योजनाको सारांश** | १ - ४ |
| १ | विषय प्रवेश | १ |
| २ | शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | १ |
| ३ | स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य | २ |
| ४ | शिक्षा योजना निर्माणका आधार | २ |
| ५ | शिक्षा योजना निर्माण प्रक्रिया | २ |
| ६ | योजनाको लेखाजोखा | ३ |
| ७ | योजनाको दस्तावेजको स्वरुप | ३ |
| | **परिच्छेद १: परिचय** | ५ - १५ |
| १.१ | पृष्ठभूमि | ५ |
| १.२ | नगरपालिकाको सन्दर्भ | ६ |
| १.३ | प्रमुख शैक्षिक समस्या तथा चुनौतीहरू | १४ |
| १.४ | अवसर | १५ |
| | **परिच्छेद दुई: दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र अपेक्षित उपलब्धि** | १६ - २६ |
| २.१ | सन्दर्भ र औचित्य | १६ |
| २.२ | सोच लक्ष्य उद्देश्य रणनीति | १६ |
| २.२.१ | नगरपालिकाको दूरदृष्टि | १६ |
| २.२.२ | लक्ष्य | १६ |
| २.२.३ | उद्देश्य | १६ |
| २.२.४ | रणनीति | १७ |
| २.२.५ | कार्यनीति | १८ |
| २.२.६ | अपेक्षित उपलब्धि | २० |
| २.२.७ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य (२०८१।८२  देखि २०८५।८६) | २३ |
| | **परिच्छेद तीन:विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** | २७- ५७ |
| ३.१ | प्रारम्भिक बालविकास र शिक्षा | २७ |
| ३.१.१ | परिचय | २७ |
| ३.१.२ | वर्तमान अवस्था | २७ |
| ३.१.३ | अवसर एवम् सवल पक्ष | २७ |
| ३.१.४ | समस्या र चुनौती | २८ |
| ३.१.५ | उद्देश्य | २८ |
| ३.१.५ | रणनीति तथा कार्यनीति | २८ |
| ३.१.७ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | २८ |
| ३.२ | आधारभूत शिक्षा | ३२ |

| | | |
|---|---|---|
| ३.२.१ | परिचय | ३२ |
| ३.२.२ | वर्तमान अवस्था | ३२ |
| ३.२.३ | समस्या र चुनौती | ३२ |
| ३.२.४ | अवसर एवम् सवलपक्ष | ३३ |
| ३.२.५ | उद्देश्य | ३३ |
| ३.२.६ | रणनीति तथा कार्यनीति | ३३ |
| ३.२.७ | उपलब्धि,  नतिजा  र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ३७ |
| ३.३ | माध्यमिक शिक्षा | ४१ |
| ३.३.१ | परिचय | ४१ |
| ३.३.२ | वर्तमान अवस्था | ४१ |
| ३.३.३ | समस्या र चुनौती | ४१ |
| ३.३.४ | अवसर एवम् सवलपक्ष | ४१ |
| ३.३.५ | उद्देश्य | ४२ |
| ३.३.६ | रणनीति तथा कार्यनीति | ४२ |
| ३.३.७ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | ४५ |
| ३.४ | प्राविधिक तथा व्यावसायिक सिप र तालिम | ४८ |
| ३.४.१ | परिचय | ४८ |
| ३.४.२ | वर्तमान अवस्था | ४८ |
| ३.४.३ | अवसर र चुनौतीहरु | ४८ |
| ३.४.४ | उद्देश्य | ४९ |
| ३.४.५ | रणनीतिहरु | ४९ |
| ३.४.६ | उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ४९ |
| ३.५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ५३ |
| ३.५.१ | परिचय | ५३ |
| ३.५.२ | वर्तमान अवस्था | ५३ |
| ३.५.३ | अवसर र चुनौतीहरु | ५४ |
| ३.५.४ | उद्देश्यहरु | ५४ |
| ३.५.५ | रणनीतिहरु | ५५ |
| ३.५.६ | उपलब्धि  नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ५५ |
| | **परिच्छेद चार: अन्तरसम्बन्धित विषय तथा क्षेत्र** | ५८-९३ |
| ४.१ | पाठ्यक्रम, पाठ्यपुस्तक,  सिकाइ सामग्री  र मूल्याङ्कन | ५८ |
| ४.१.१ | परिचय | ५८ |
| ४.१.२ | वर्तमान अवस्था | ५८ |
| ४.१.३ | अवसर र चुनौतीहरु | ५९ |
| ४.१.४ | उद्देश्यहरु | ५९ |

| | | |
|---|---|---|
| ४.१.५ | रणनीतिहरु | ६० |
| ४.१.६ | उपलब्धि  नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ६० |
| ४.२ | शिक्षक व्यवस्थापन र विकास | ६५ |
| ४.२.१ | परिचय | ६५ |
| ४.२.२ | वर्तमान अवस्था | ६६ |
| ४.२.३ | अवसर र चुनौतीहरु | ६७ |
| ४.२.४ | उद्देश्यहरु | ६७ |
| ४.२.५ | रणनीतिहरु | ६८ |
| ४.२.६ | उपलब्धि  नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ६८ |
| ४.३ | शैक्षिक समता र समावेशीकरण | ७३ |
| ४.३.१ | परिचय | ७३ |
| ४.३.२ | वर्तमान अवस्था | ७३ |
| ४.३.३ | उद्देश्यहरु | ७४ |
| ४.३.४ | रणनीतिहरु | ७४ |
| ४.३.५ | उपलब्धि  नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ७४ |
| ४.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७८ |
| ४.४.१ | परिचय | ७८ |
| ४.४.२ | वर्तमान अवस्था | ७८ |
| ४.४.३ | उद्देश्य | ७८ |
| ४.४.४ | रणनीति | ७९ |
| ४.४.५ | उपलब्धि,  नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | ७९ |
| ४.५ | विद्यालय सुरक्षा विपद न्यूनीकरण र उत्थानशिलता | ८२ |
| ४.५.१ | परिचय | ८२ |
| ४.५.२ | वर्तमान अवस्था | ८२ |
| ४.५.३ | उद्देश्य | ८२ |
| ४.५.४ | रणनीति | ८३ |
| ४.५.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | ८३ |
| ४.६ | विद्यालय भौतिक पूर्वाधार विकास | ८७ |
| ४.६.१ | परिचय | ८७ |
| ४.६.२ | वर्तमान अवस्था | ८७ |
| ४.६.३ | उद्देश्य | ८८ |
| ४.६.४ | रणनीति | ८८ |
| ४.६.५ | उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | ८८ |
| ४.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ९१ |
| ४.७.१ | परिचय | ९१ |

| | | |
|---|---|---|
| ४.७.२ | वर्तमान अवस्था | ९१ |
| ४.७.३ | उद्देश्य | ९२ |
| ४.७.४ | रणनीति | ९२ |
| ४.७.५ | उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य | ९२ |
| | **परिच्छेद पाँच: संस्थागत विद्यालय** | ९४-९६ |
| ५ | संस्थागत विद्यालय | ९४ |
| ५.१ | परिचय | ९४ |
| ५.२ | वर्तमान अवस्था | ९४ |
| ५.३ | अवसर एवम् सवल पक्ष | ९४ |
| ५.४ | समस्या तथा चुनौतीहरु | ९४ |
| ५.५ | उद्देश्य | ९४ |
| ५.६ | रणनीतिहरु | ९५ |
| ५.७ | उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ९५ |
| | **परिच्छेद छ : सुशासन तथा व्यवस्थापन** | ९७ - १०९ |
| ६.१ | शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास | ९७ |
| ६.१.१ | परिचय | ९७ |
| ६.१.२ | वर्तमान अवस्था | ९७ |
| ६.१.३ | अवसर र चुनौती | ९८ |
| ६.१.४ | उद्देश्य | ९९ |
| ६.१.५ | रणनीति | ९९ |
| ६.१.६ | उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | ९९ |
| ६.२ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १०४ |
| ६.२.१ | परिचय | १०४ |
| ६.२.२ | वर्तमान अवस्था | १०४ |
| ६.२.३ | अवसर र चुनौती | १०५ |
| ६.२.४ | उद्देश्य | १०५ |
| ६.२.५ | रणनीति | १०५ |
| ६.२.६ | उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | १०६ |
| | **परिच्छेद सात : लगानी र स्रोत व्यवस्थापन** | ११० -१२५ |
| ७.१ | परिचय | ११० |
| ७.२ | वर्तमान अवस्था | ११० |
| ७.३ | उद्देश्यहरु | ११४ |
| ७.४ | रणनीति | ११४ |
| ७.५ | उपलब्धि र नतिजा | ११४ |
| ७.६ | ससर्त वित्तीय हस्तान्तरण तर्फ कार्यक्रमगत बजेट प्रक्षेपण (२०८२/८३ देखि २०८६/८७ ) | ११८ |

| | | |
|---|---|---|
| ७.७ | आवधिक ५ वर्षे शिक्षा योजनाको लागि अनुमानित बजेट (२०८२/८३ देखि २०८६/८७ ) | १२१ |
| | **परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन** | १२८-१३२ |
| ८.१ | परिचय | १२८ |
| ८.२ | वर्तमान अवस्था | १२८ |
| ८.३ | अवसर र चुनौती | १२९ |
| ८.४ | उद्देश्य | १२९ |
| ८.५ | रणनीति | १३० |
| ८.६ | उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य | १३० |
| अनुसूची | | १३३-१३५ |
| सान्दर्भिक सन्दर्भ सामग्रीहरु | | १३६ |

# योजनाको सारांश

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारीरुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसैगरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भइ कार्यान्वयनमा छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयनमा भइरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।

नेपालमा शिक्षा योजनाको क्रमवद्ध विकासको समय त्यति लामो छैन। वि.सं. २०२० सालको विकेन्द्रिकरणको दस्तावेजले शिक्षा योजनाको अवधारणा ल्याएको हो। यही वर्षवाट सुरु भएको जिल्ला शिक्षा योजनाले सन् १९९९ मा पुग्दा व्यापक रुप लियो। खास गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरण लागु भएपछि मात्र जिल्ला शिक्षा योजना निर्माण क्रममा नियमितता आयो। यसै सन्दर्भमा जिल्लाका प्रत्येक विद्यालयले सरोकारवालाहरुको आम सहभागितामा सुक्ष्म योजना प्रक्रियाबाट विद्यालय सुधार योजना, गा.वि.स.ले गाउँ शिक्षा योजना,नगरपालिकाले नगर शिक्षा योजना र तत्कालिन जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा योजना बनाउने गरेका थिए। यही प्रक्रियाबाट नै नागार्जुन नगरपालिकाले वि.सं. २०८१ सालमा पाँच वर्षे नगर शिक्षा योजनाको निर्माण गरी प्रस्तुत गरिएको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षिय योजनाको अवधारणा एवं विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरुप कार्यान्वयन गर्दै विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश सहित सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखियो। विज्ञान तथा प्रविधिमा भएको विकास एवं परिवर्तनलाई आत्मसाथ गरी सिर्जनशील, सक्रिय एवं नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्दै शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाका अधिकार तोकिएका छन्। यस ऐनको दफा२४(१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्न सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि वृद्धि गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् भने सबै स्थानीय तहले शिक्षा योजना निर्माण गर्दै कार्यान्वयन गर्नपर्ने आवश्यकतालाई महसुस गरी नागार्जुन नगरपालिकाले पनि नगर शिक्षा योजना निर्माण गरेको छ।

## ३. शिक्षा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न

३.२ सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३.३ कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

३.४ साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

३.५ शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार मानिएको छः

४.१ नेपालको संविधान,२०७२

४.२ सोह्रौ आवधिक योजना,२०८१/०८२देखि २०८५/०८६

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४.४ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

४.५ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

४.६ विद्यालय शिक्षा क्षेत्र योजना, सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना

४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

४.८ विद्यालय शिक्षामा समता रणनीति

४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

४.१० स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ स्थानीय तहको मध्यमकालीन खर्च संरचना

४.१२ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१३ बालमैत्री स्थानीय शासन कार्यान्वयन ढाँचा

४.१४ हरित विद्यालय निर्माण कार्यविधि

४.१५ आवधिक विकास योजना २०८१/०८२ देखि २०८६/०८७

४.१६ विद्यालय सुधार योजना र अन्य सरकारी गैह्रसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

नेपालको संविधान अनुसार  विद्यालय तह सम्मको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी एवम् अधिकार स्थानीय सरकारको मातहतमा रहने संवैधानिक व्यवस्था अनुसार सोही संवैधानिक अधिकार कार्यान्वयन गर्ने शिक्षा क्षेत्रको पहिलो योजना निर्माण गर्ने कार्यमा पालिकाले अग्रसरता लिएको छ। विगतमा पालिकाको आवधिक योजना अन्तर्गत शिक्षा क्षेत्रको  योजना समावेश गरिएको भए तापनि अलग्गै शिक्षा योजना तयार हुन सकेको थिएन। सोही आवश्यकतालाई महसुस गरि चालु आर्थिक वर्षमा ५ बर्षे  शिक्षा योजना निर्माणको थालनी तपसिल बमोजिमको प्रक्रिया अपनाई गरिएको छ।

**(क) योजनाको पूर्वतयारी एवम् प्रथम चरणः** यस चरणमा नगर शिक्षा योजनाको औचित्य, आवश्यकता तथा निर्माणका लागि पालिकाका नेतृत्व, जनप्रतिधिहरु, प्रधानाध्यापकहरूसँग नगरकार्यापालिकाको कार्यालयमा नै छलफल तथा अन्तर्क्रिया गरी पालिकाका शैक्षिक क्षेत्रमा देखिएका समस्या चुनौती सहित समाधानका संभाव्य उपायहरूको खोजि गर्दै क्षेत्रगत रुपमा विश्लेषण पश्चात पालिकाको दूरदृष्टि स्थापित गरिएको छ ।

**(ख) दोस्रो चरणः** यस चरणमा विद्यालयहरूको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थाको जानकारी लिन प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी तथा नगरपालिका अन्तर्गतका सबै वडाहरुसँग प्रत्यक्ष सम्पर्क, पत्राचार र सञ्चार माध्यमहरूबाट जानकारी लिने गरिएको छ ।

**(ग) तेस्रो चरणः** यस चरणमा शैक्षिक योजना निर्माणका लागि आवश्यक शैक्षिक सूचनाहरू संकलन र विश्लेषण गरिएको छ । यसका अलवा नगरपालिकामा रहेको प्रारम्भिक दस्ताबेज अध्ययन तथा विश्लेषण गरिनुका साथै नगरपालिकामा सम्पन्न भएका छलफल र गोष्ठीबाट प्राप्त विद्यालय शिक्षासँग सम्बन्धित सबै क्षेत्रको सुझाव तथा प्रतिक्रियाको आधारमा क्षेत्रगत रणनीति तथा आवश्यकता अनुसार कार्यनीति तयार गरी नतिजा खाका विकास आदि कार्यहरू सम्पन्न गरिएका छन ।

**(घ) चौथो चरणः** यस चरणमा शिक्षा क्षेत्रको योजनाको प्रारम्भिक मस्यौदालाई छलफलको लागि नगरपालिका स्थित नगर शिक्षा समितिका पदाधिकारीहरुसँग नगरकार्यपालिकाको कार्यालयमा नै प्रस्तुतिकरण र छलफल भए पश्चात प्राप्त सुझावलाई टिपोट गरी लेखन कार्य गरिएको छ ।

**(ङ) पाँचौ चरणः** यस चरणमा खेस्रा शिक्षा योजना माथि नगरपालिका कार्यालयमा भएको छलफल पश्चात प्राप्त बुँदाहरुलाई योजनामा समायोजन गरी अन्तिम योजनाको खाका एवम् दस्तावेज तयार गरिएको छ ।

## ६. शिक्षा योजना निर्माणको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनिय, वस्तुनिष्ठ, दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनु पर्छ जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण गरिएको योजनाको लेखाजोखा कार्यलाई नगर शिक्षा समितिको मिति २०८१/०८/०५ गते बसेको निर्णय अनुसार आवश्यकतानुसार समितिमा थपघट हुने गरी ५ जनाको नगर शिक्षा योजनाको लेखाजोखा समिति गठन गरिएको थियो । उक्त समितिले नेतृत्व तथा सहभागिता, पर्याप्तता र सान्दर्भिकता, समता, सक्षमता तथा गुणस्तर, अन्तर्सम्बन्ध र तादात्म्य, सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता, स्रोतको प्रबन्ध, संस्थागत क्षमता, कार्यान्वयनमा तत्परता, तथ्याङ्क विश्लेषण र प्रक्षेपण तथा अनुगमन र प्रतिवेदन जस्ता विषयवस्तु हेरिएको थियो ।

## ७. शिक्षा योजनाको दस्तावेजको स्वरुप

नगर शिक्षा योजनाको लागि विकास गरिएको यस ५ वर्षे योजनालाई विभिन्न ८ परिच्छेदमा सङ्गठित गरिएको छ ।

- योजनाको बारेमा भनाइ, कार्यकारी सारांश, विषयसूची,तालिकाहरुको सूची, चित्रहरुको सूची, रहेका छन् ।
- पहिलो परिच्छेदमा योजनाको पृष्ठभूमि तथा योजना निर्माण प्रक्रिया उल्लेख गरिएको छ ।
- दोस्रो परिच्छेदमा नगरको भौगोलिक तथा जनसाङ्ख्यिय स्वरुप, सामाजिक तथा साँस्कृतिक सन्दर्भ, समग्र शैक्षिक सन्दर्भ लगायत शिक्षा योजनाको तर्जुमाको समग्र सन्दर्भको सङ्क्षिप्त समीक्षा प्रस्तुत गरिएको छ । यसमा विद्यालय शिक्षा योजनाका प्रमुख अवसर चुनौतीसमेत पहिचान गरिएको छ ।
- तेस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य ,रणनीति तथा योजनाले अपेक्षा गरेका उपलब्धिहरु प्रस्तुत गरिएको छ ।
- चौथो परिच्छेदमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाको खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरुमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ रहेका छन् ।
- पाँचौ परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरु समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरुमा पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास,शिक्षामा समता र समावेशीकरण,विद्यालय पोषण तथा स्वास्थ्य,विद्यालय सुरक्षा,विपत् न्यूनीकरण तथा उद्यमशीलता, विद्यालय भौतिक पूर्वाधार विकास,विद्यालयमा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । त्यस्तै अन्य उपक्षेत्र अन्तर्गत संस्थागत विद्यालयको बारेमा उल्लेख गरिएको छ ।

- छैटौ परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास,योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन,मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली समावेश गरिएको छ।
- सातौ परिच्छेदमा योजनाका लागि लगानीको प्रक्षेपण र आवश्यक स्रोत व्यवस्थापनको सिंहावलोकन प्रस्तुत गरिएको छ।
- आठौ परिच्छेदमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरु उल्लेख गरिएको छ।
- अन्तिममा यी सबै परिच्छेदमा आवश्यक पर्ने तथ्याङ्कहरुलाई अनुसूचीहरुमा समावेश गरिएको छ।

# परिच्छेदः एक

## १.परिचय

## १.१ पृष्ठभूमि

शिक्षा नै विकासको आधारस्तम्भ हो । यसले संसारलाई राम्रोसँग बुझ्न मद्दत गर्दछ । शिक्षा प्रणालीमा आएको सुधारले समग्र राष्ट्रको चौतर्फी विकास हुनुको साथ साथै स्वयम् व्यक्तिलाई पनि गुणस्तरीय जीवन जिउने आधार प्राप्त हुन्छ । विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सख्या, आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर, विद्यालय शिक्षा पछि विश्वविद्यालयहरूमा जाने विद्यार्थीको सख्या, देशमा रोजगारीको दर तथा विश्वस्तरमा देशबाट उत्पादित विद्यार्थीहरूको खपत आदि कारणहरूले देशको शिक्षा प्रणालीको स्तर निर्धारण भै रहेको हुन्छ ।

राणाकालबाट नेपालमा औपचारिक शिक्षाको विकास सुरुवात भएको हो । यसै अनुरुप नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले शिक्षालाई व्यवस्थित रुपमा अगाडि बढाउन प्रयास गरेको थियो । यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग २०१८, राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८-२०३२, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८ जस्ता आयोगका प्रतिवेदन तयार भइ कार्यान्वयन भएका छन् । देशमा प्रजातन्त्र पश्चात सन १९९१ पछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट तीन वटा प्रमुख शैक्षिक योजना सञ्चालन गरिए जसमा BPEP ( Basic and Primary Education Program Nepal) 1993-2008, SSRP(School sector reform program) 2009-2015, SSDP (School Sector Development Plan) 2016-2023 रहेका छन । उल्लिखित शैक्षिक कार्यक्रमहरूले विद्यालयमा विद्यार्थीहरूको पहुँच,क्षमता वृद्धि, समानता,नियमितता,भौतिक पूर्वाधारको साथ साथै गुणस्तरीय शिक्षामा विशेष जोड दिएको पाइन्छ । यी शैक्षिक कार्यक्रमहरूबाट विद्यार्थीको विद्यालयमा पहुँचमा वृद्धि, विद्यालयहरूको भौतिक पूर्वाधारहरूमा सुधार,छात्रा भर्ना अनुपात वृद्धि,साक्षरता दरमा सुधार तथा समानतामा सुधार भएता पनि शिक्षाको अपेक्षित रुपमा गुणस्तरमा सुधार हुन सकेको देखिदैन ।

शैक्षिक सुधारको विद्यमान परिस्थितिलाई मध्य नजर गर्दै दिगो विकासका लक्ष्यहरूको प्राप्ति र तिनीहरूलाई संस्थागत गर्नको लागि शिक्षा क्षेत्रमा नयाँ योजनाको महशुस गरी School Education Sector Plan (SESP) 2021-2030 लागु गरिएको छ । जसको मुख्य उद्देश्य विगतमा भएको शैक्षिक उपलब्धिलाई निरन्तरता दिइ शिक्षामा समानता, दक्षता र गुणस्तर सुधार कायम गर्नु रहेको छ । सबैका लागि शिक्षाको विश्वव्यापी घोषणा सन् १९९० (World Declaration on Education for All 1990) तथा इन्चोन घोषणा सन् २०१५, दिगो विकास लक्ष्य (Sustainable Development Goal- SDG) सन् २०१६-२०३० को विकास लक्ष्य नं. ४ "सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अवसरको प्रवर्द्न गर्ने" जस्ता उदेश्य र लक्ष्य प्राप्तिको लागि विद्यालयहरूको विद्यमान शिक्षण सिकाइ प्रकृयामा सुधार गरी नविनतम शैक्षिक प्रविधि तथा उपयुक्त शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगको माध्यमबाट विद्यार्थीहरूको सिकाइ सुधार गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिनु पर्दछ ।

चालु आवधिक सोह्रौ योजनाले व्यक्तिको सर्वाङ्गीण विकास, सामाजिक आर्थिक रुपान्तरका लागि गुणस्तरीय शिक्षा प्रणालीको विकास, बिच मै पढाइ छोड्नुपर्ने अवस्थाको अन्त्य, रैथाने ज्ञान र सिपको खोजी गरी आधुनिक ज्ञान र सिपसँग एकीकरण भइ शैक्षिक क्रियाकलापहरू सञ्चालन तथा व्यवस्थापनमा जोड दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ वटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको ५ वर्षे योजना, शिक्षा नीति २०७६, सोह्रौ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्ने नीतिगत व्यवस्था भएको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी नागार्जुन नगरपालिकाको समग्र विकास र

परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ। उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन,लैङ्गिक समानता तथा समावेशीकरण,विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (Project Bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरूको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ । नेपाललाई वि.सं. २०८७ सम्ममा मध्यम आय भएको राष्ट्र बनाउन आवश्यक जनशक्ति उत्पादन गर्न नेपाल सरकारले राखेका २५ वर्षीय दीर्घकालीन सोच अन्तर्गत **"समृद्द नेपाल सुखी नेपाली"** को लक्ष्य प्राप्तिको लागि शिक्षा क्षेत्रको विकास, सुधार, सहभागिता र योगदान सुनिश्चित गर्न स्थानीय सरकारले सहयोग पुऱ्याउनु आजको आवश्यकता हो।

संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट र स्थानीय तहको आन्तरिक बजेटबाट स्थानीय सरकारले कार्यक्रम बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ। शिक्षा क्षेत्रको सुधारका लागि नगरपालिकासँग भएको स्रोत र साधनलाई आवश्यकताको आधारमा समस्या समाधान तथा कार्यान्वयनका लागि योजना निर्माण गर्नु अति आवश्यक छ। राज्यको लक्ष्य, उद्देश्य, नीति कार्यक्रम पूरा गर्नका लागि नगरपालिकाले ५ वर्षे शिक्षा योजना तयार गर्नु सान्दर्भिक रहेको छ। नेपालका शैक्षिक क्षेत्रको अवस्थामा सुधार ल्याउन दीर्घकालीन योजनाको आवश्यकता रहेको छ । यस नगरपालिकाको शिक्षा क्षेत्रमा पनि समस्याहरूका साथमा अवसर र संभावनाहरु छन् । तसर्थ यस परिवेशमा ५ बर्षे शिक्षा योजना निर्माण र उक्त योजनामा लिपिवद्ध कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि संघ,प्रदेश र स्थानीय तहको बिच आवश्यक समन्वय र सहकार्यबाट शिक्षाको गुणस्तरमा सुधार गर्न संभव छ र ल्याउनु अति आवश्यक छ।

## १.२ नगरपालिकाको सन्दर्भ

### १.२.१ भौगोलिक सन्दर्भ

नागार्जुन नगरपालिका सङ्घीय नेपालको बागमती प्रदेश अन्तर्गत काठमाण्डौ जिल्लाको पश्चिम,उत्तर पहाडी भू-भागमा अवस्थित प्राकृतिक र सांस्कृतिक रूपमा सुन्दर र हराभरा भएको नगरपालिका हो। यस नगरपालिकाको कार्यालय काठमाण्डौ जिल्लाको सदरमुकाम सिंहदरबारबाट ५ किलोमिटरको दूरीमा पर्ने वडा नं. ५ को हरिसिद्दि, सीतापाइलामा रहेको छ। साविकको ५ वटा गाविसहरु इचंगुनारायण, सीतापाइला, रामकोट, भिमढुङ्गा र स्यूचाटारलाई मिलाएर नागार्जुन नगरपालिका बनाइएको हो। यस नगरपालिकाको भू–धरातलमध्ये करिब दुई तिहाई भाग उपत्यका भित्र र एक तिहाई भाग पहाड तथा दुर्गम क्षेत्रमा पर्दछ। त्यसैले यस नगरपालिकालाई मुख्य दुई क्षेत्रमा विभाजन गर्न सकिन्छ। क. उत्तरी पहाडी क्षेत्र र उपत्यका क्षेत्र। मिश्रित जातजातिको बसोबास रहेको यस नगरपालिकामा मुख्यगरी हिन्दु तथा बौद्धहरुको पवित्र एवं प्रसिद्ध इंचगुनारायण मन्दिर, आदेश्वर मन्दिर, ऐतिहासिक भिमसेनस्थान मन्दिर, सेतो गुम्बा, नागार्जुन, जामाचो, हरिसिद्धि मन्दिर, राधाकृष्ण मन्दिर, छापे चौर (स्वीजरल्याण्ड पार्क), गणेशमान स्मृति पार्क, हसन्टार गुम्वा, पुष्पलाल पार्क, बद्रीनारायण धाम, नागेश्वर गुफा लगायतका मठमन्दिर पाटी पौवा स्तम्भहरु नेपालको साथै विश्वमा समेत विस्तारित हुन पुगेको छ। नेपालको मान चित्रमा नागार्जुन नगरपालिका २७ डिग्री ४० मिनेट देखि २७ डिग्री ४४ मिनेट उत्तरी अक्षांश र ८५ डिग्री १२ मिनेट देखि ८५ डिग्री १७ मिनेट पूर्वी देशान्तरमा रहेको छ। यो नगरपालिका समुद्री सतहको करिब १३०० मिटरदेखि २५०० मिटर सम्मको उचाइमा अवस्थित रहेको छ। यस नगरपालिकाको कूल क्षेत्रफल २९.८ वर्ग कि.मि छ। यस नगरपालिकाको सिमाना पूर्वमा काठमाण्डौं महानगरपालिका,पश्चिममा धादिङ्ग जिल्ला, उत्तरतर्फ तारकेश्वर नगरपालिका र दक्षिणतर्फ चन्द्रागिरी नगरपालिकासँग सिमाना जोडिएको छ।

### १.२.२ चिनारी तथा नामाकरण

ब्रिटानिका १९९५ का अनुसार दक्षिण भारतका एक ब्राह्मण परिवारमा नागार्जुन नाम गरेका व्यक्ति जन्मेका थिए। उनको जन्म १५० सेन्चुरी र मृत्यु २५० सेन्चुरीमा भएको थियो। उनी भारतीय भिक्षु, दार्शनिक र बौद्ध धर्मको माध्यमिक विद्यालयका संस्थापक पनि थिए। उनले महायान बौद्ध धर्मका सिद्धान्तहरू अध्ययन गर्दा आध्यात्मिक रूपान्तरण गरे। उनले मध्य मार्गको मौलिक बुद्धि र द्वन्द्वात्मक विधिको अस्तित्व कसरी उत्पन्न हुन्छ भन्ने ज्ञानको माध्यम वास्तविकताको प्रकृति बारेमा गलत विचारहरूको आलोचनात्मक विश्लेषण गरे।

स्ट्यानफोर्ड इन्साइक्लोपीडिया ऑफु फिलोसोफी २०१० का अनुसार नागार्जुन एक व्यक्ति (१५० शताब्दी देखि २५० शताब्दि) ऐतिहासिक बुद्धपछि महत्वपूर्ण बौद्ध दार्शनिक, भारतीय दर्शनको इतिहासमा सबैभन्दा मौलिक र प्रभावशाली विचारक थिए।

उनले शून्याताको केन्द्रीय धारणाको वरिपरि आधारित मध्यमार्ग दर्शनको विकास गरे । उनको मृत्युपछि हजार वर्षसम्म भारतीय दार्शनिक बहसलाई प्रभावित गऱ्यो । तिब्बत, चीन, जापान, नेपाल र अन्य एसियाली देशहरूमा बुद्ध धर्मको फैलावटसँगै उनका लेखहरू आफ्नै दार्शनिक जिज्ञासाको सन्दर्भको अपरिहार्य बिन्दु बन्यो ।  नागार्जुनको विचारको विशिष्ट पठन, प्रासांगिक–मध्यमार्ग तिब्बती बौद्ध धर्मको आधिकारिक दर्शन बन्यो ।

मिस कविता, जर्नल अफ आइजेसिआरटि २०२१ का अनुसार नागार्जुनको जन्म दक्षिण भारतको विदर्भ भन्ने ठाउँमा एक ब्राह्मण परिवारमा भएको थियो । उनी कालचक्र साराहका शिष्य थिए । उनले वेद र वेदाङ्गका सबै विज्ञानको अध्ययन गरे । यी शास्त्रहरूको ज्ञानले उनी सन्तुष्ट भएनन् । उनी बुद्ध सिद्धान्तबाट आकर्षित भइ त्यसलाई दर्शनमा रुपान्तरण गरे । उनले नब्बे दिनभित्र तीनवटै पिटकको अध्ययन गरेर तिनको अर्थ बुझे । त्यसबाट पनि सन्तुष्ट नभइ आफ्नो महत्वाकांक्षा पूरा गर्न अन्य स्रोतहरू खोजिगर्दा हिमालयमा पुगे । उनी नेपाल खण्डको उच्च भाग जामाचो भन्ने ठाउँमा पुगे । उनले त्यहाँ ५ बर्ष समय ध्यानमा बिताए र  त्यहाँ बस्ने एक पूज्य साधुबाट महायान सूत्र स्वीकार गरी  दक्षिण भारतमा बौद्ध धर्मको उत्साहजनक प्रचार गरे । उनले भोजदेव नामक शक्तिशाली राजालाई पनि बौद्ध धर्ममा ल्याए । उनको सिद्धान्तमा शून्यता अर्थात परम्परागत सत्य र सर्वोच्च सत्यको मान्यताबाट स्थापित गर्न सकिन्छ भन्ने दर्शनको प्रचार गरे ।

नेपाल वाइल्डनेस ट्रेकिङ, २०१७ का अनुसार पहिला नागार्जुन पहाडको मूल नाम जामाचो थियो । दोस्रो शताब्दीमा भारतीय बौद्ध दार्शनिक साधु नागार्जुनको नाममा पुनः नामाकरण गरियो । उनले जामाचोमा पाँच वर्षसम्म ध्यान गरे । यहाँ एक प्रसिद्ध बौद्ध स्तूप, पुरातन गुफाहरू र हिमालयको दृश्यहरू प्रदान गर्ने जामाचो अहिले पनि छ । हिमालयन वान्डर वाकर २०१७ अनुसार नागार्जुन राष्ट्रिय निकुञ्जको नाम नागार्जुन नामक बौद्ध दार्शनिकबाट आएको हो जसको ध्यान गुफा त्यहाँ अवस्थित छ । तिब्बतीमा नागार्जुनलाई गोन्पो लुडुप भनिन्छ । यसै निकुञ्जको नामबाट नागार्जुन नामाकरण भयो ।

यी माथिका  प्रमाणहरुलाई आधार मान्दा नागार्जुन नाम गरेका दक्षिण भारतका ब्राहमण परिवारमा जन्मेका एक व्यक्ति निकै चतुर दार्शनिक थिए । उनले वेद तथा बुद्ध दर्शनबारे सानै उमेरमा ज्ञान हासिल गरे । उनले तीन महिनाको अवधिमा बुद्धदर्शनको तीनवटै पिटकको अध्ययन पूरा गरे । ती ज्ञानबाट समेत उनको आकांक्षा पूरा भएन र ज्ञानको थप खोजिमा हिमाल पहाड भौतारिदै नेपालको जामाचो भन्ने ठाउँमा आइपुगे । यस पहाडमा उनी पाँच बर्षसम्म ध्यानमा बसे । ध्यानमा बस्दा त्यहाँ रहेका एक पुज्य साधुबाट बुद्धधर्म सम्बन्धी महायान सुत्र स्वीकार गरी भारत, चीन, तिव्बत, जापान र अन्य एशियाली देशहरुमा बुद्धधर्मको व्यापक प्रचारप्रसार गरे । उनी १५० शताब्दी देखि २५० शताब्दीको समयसम्म बाँचेका थिए । अतः जामाचोको डाँडामा नागार्जुनले तपस्या गरी महायान सुत्रपात दर्शनको ज्ञान हाँसिल गरेर चारैतिर कृति फैलिएकाले यस स्थानको नाम नागार्जुन कै नामबाट परिचित भयो । तत्पश्चात यस ठाउँलाई नागार्जुन भनेर भनियो । नागार्जुन चिरपरिचित नामबाट यस नागपालिकाको नाम पनि नागार्जुन नै राखियो ।

### १.२.३ राजनैतिक सन्दर्भ

नेपाल सरकारको मिति २०७१ मंसिर १६ गतेको निर्णय अनुसार यस नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काठमाण्डौ जिल्लामा पर्दछ । १० वटा संघीय निर्वाचन क्षेत्र भएको काठमाण्डौ जिल्ला प्रदेश सभाका लागि भने २० निर्वाचन क्षेत्र रहेका छन् । जसमध्ये यस नगरपालिकामा ३ वटा संघीय निर्वाचन क्षेत्र पर्नुको साथै प्रदेश निर्वाचन क्षेत्र ३ वटामा पर्दछ । यस नगरपालिका अन्तर्गत साविकका गा.वि.स.हरू इचंगुनारायण, सीतापाइला, रामकोट, भिमढुङ्गा र स्यूचाटार पर्दछन् ।

### १.२.४ धरातलीय अवस्था

नगरपालिका समुद्र सतहदेखि १३०० मिटरदेखि २५०० मिटरको औषत उचाइमा रहेको छ । वडा नं. २ को सानोभऱ्याङ्ग नगरपालिकाको सबैभन्दा होचो भाग हो भने वडा नं. १ मा पर्ने जामाचो सबैभन्दा अग्लो स्थान हो जसको उचाइ २१२८ मिटर रहेको छ । यहाँको धेरैजसो भू-भाग १३०० मिटरदेखि २५०० मिटरसम्म उचाइ भएको छ ।

### १.२.५ हावापानी तथा जलवायू

यस नगरपालिकाको हावापानी समशितोष्ण प्रकारको रहेको छ । ग्रीष्म ऋतुमा यहाँको तापक्रम १५ डिग्री सेन्टिग्रेड भन्दा बढी हुने गर्दछ भने हिउँदमा ० डिग्री देखि १५ डिग्री से. सम्म सरदर तापक्रम  हुन्छ । वर्ष भरीमा मुख्य रुपमा मनसुनको समयमा (जुन देखि

सेप्टेम्वरसम्म)पानी पर्ने भएकोले वर्षा अधिक हुन्छ । जाडो महिनामा विहान र बेलुकी हुस्सु लाग्ने र ग्रीष्म ऋतुमा मौसम खुला हुने गर्दछ । हिउँदमा अग्ला भू-भागमा हल्का रुपमा हिउँ पनि पर्दछ ।

### १.२.६ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

ऐतिहासिक तथा धार्मिक क्षेत्रहरुमा यस नगरपालिकाको मुख्य पर्यटकीय स्थलहरु रहेका छन् । यस क्षेत्रभित्र रहेका महत्वपूर्ण ऐतिहासिक,धार्मिक तथा पर्यटकीय स्थलहरुमा नागार्जुन जामाचो मन्दिर,रानीवन,इंचगुनारायण मन्दिर, पचली भैरव, हलचोक आकाश भैरव, भिमढुंगा भिमसेन मन्दिर, नागेश्वर गुफा, विर भगवती, विष्णुदेव, सीतापाइला मन्दिर, बद्री नारायण, हरिसिद्धि मन्दिर, आदेश्वर मन्दिर, राधाकृष्ण मन्दिर, पञ्चकन्या मन्दिर, तारकेश्वर मन्दिर, बंगलामुखी मन्दिर, शान्तेश्वर महादेव मन्दिर, विन्दवासिनी मन्दिर,कमलेश्वर मन्दिर, सेतो गुम्वा, छापे चौर (स्वीजरल्याण्ड पार्क), गणेशमान स्मृति पार्क, पुष्पलाल पार्क, ईन्द्रेणी मन्दिर, कालिदेवी मन्दिर, घुन्सा मन्दिर, कोदार देवी मन्दिर, नाग मन्दिर,केदारनाथ मन्दिर,चुनदेवी मन्दिर, कौ भगवती मन्दिर,घ्याम्पे कुवा,घुन्सा मन्दिर,घाटकीदेवी मन्दिर,कोदारदेवी मन्दिर, कोटश्यभैरव मन्दिर, सरस्वती मन्दिर, उमागाउँ, स्यूचटार हवाई मैदान,भुवनेश्वरी मन्दिर,भीमढुङ्गा,दिव्यश्वर मन्दिर,हसन्टार गुम्बा आदि छन् ।

### १.२.७ जातजातिहरुः

यस नगरपालिकामा विभिन्न जात जातिहरु बस्छन् । जसमा बाहुन, क्षेत्री, गिरी, पुरी, दसनामी, नेवार तथा तामाङको बाहुल्यता छ । यसैगरी अन्य प्रमुख जातजातिहरुमा मगर, दमाई, कामी, गुरुङ्ग, पुतुवार रहेका छन् ।

### १.२.८ भाषाभाषीः

यस नगरपालिकामा विभिन्न मातृभाषा बोल्ने मानिसहरूको बसोबास भएको पाइन्छ। जसमा सबभन्दा बढी बोलिने मातृभाषा नेपाली छ भने त्यसपछिका अन्य भाषामा नेवारी र तामाङ प्रचलनमा छन् । अन्य विभिन्न जातिले आफ्नो छुट्टै मातृभाषा पनि बोल्ने गरेको पाइन्छ ।

### १.२.९ संस्कृतिः

संस्कृति सभ्यताको मापदण्ड हो । जुन ठाउँमा धैरै जातजातिका मानिसहरुको बसोबास भएको हुन्छ ती ठाउँहरुमा विभिन्न किसिमका संस्कृतिहरुको विकास भएको पाईन्छ । त्यसैले यहाँका चलन,रीतिरिवाज, रहनसहन, लवाइ खवाई आदिले संस्कृतिको जर्गेना गर्ने गर्दै आएको पाइन्छ । यहाँको संस्कृतिलाई खासगरी खस, नेवारी र तामाङ संस्कृतिको मिश्रणको रुपमा देख्न पाइन्छ ।

### १.२.१० धार्मिक परम्पराः

धर्मलाई एउटा जीवन पद्धति र आदर्श जनजीविका स्थापनाको केन्द्रविन्दु मान्ने नेपाली जनताहरु आफ्नो मूल्य र मान्यता अनुसार आ-आफ्नो धर्म मान्दछन् । नेपालका अन्य ठाउँहरुमा जस्तै यहाँ पनि हिन्दु, बौद्ध, क्रिश्चियन र इस्लाम धर्म मान्नेहरु पाइन्छन् ।

### १.२.११ चाडपर्व र रहनसहनः

यहाँ अधिकांश हिन्दु र बौद्ध धर्मका मानिसहरू बसोबास गर्ने गरेको पाइएकोले यिनीहरू बडादशैं, तिहार, चैतेदसौं, रक्षाबन्धन, तीज, गाईजात्रा, नयाँवर्ष, बुद्ध जयन्ती, माघे संक्रान्ति, साउने संक्रान्ति,फागुपूर्णिमा, ठूलो एकादशी आदि चाडपर्व आफ्नो परम्परा अनुसार मनाउने गर्दछन् । यस बाहेक यहाँ नेवार समुदायको बसोबास यथेष्ट भएको हुनाले योमरी पूर्णिमा, इन्द्र जात्रा र बौद्धधर्मालम्वीहरूले ल्होसार आदि मान्दै आएका छन् । नागार्जुन नगरपालिका भित्र पर्यटकीय, ऐतिहासिक र विविध चाडपर्वले पनि प्रसिद्धि पाएको छ । त्यसैगरी यहाँको रहनसहन अन्यत्र जस्तै सामान्य देखिन्छ । खासगरी खानामा भात, ढिंडो रोटी, दाल, आलु, सागपात,दूध,दही पर्छन भने मौसम अनुसारको फलफूल पनि खाने गर्दछन्। यहाँका पुरुष मानिसहरू सर्ट, पाइन्ट, दौरा सुरुबाल, कोट, इष्टकोट आदि लगाउने गर्दछन् भने महिला मानिसहरू साडी, चोलो, लुंगी,पटासी आदि लगाउँछन् केटाकेटीहरुले कुर्ता सुरुबाल, फ्रक, पाईन्ट टि-सर्ट आधुनिक फेसन अनुसारको पहिरन लगाउने गरेको समेत पाइन्छ ।

### १.२.१२ महत्वपूर्ण खोला / नदीको अवस्था

यस नगरपालिका भित्र विभिन्न स-साना र ठूला खोलाहरु रहेकाले यहाँको प्राकृतिक सौन्दर्य र जलस्रोतमा योगदान पुर्‍याएको छ । यस नगरपालिकाबाट बग्ने प्रमुख खोलाहरुमा मनमती खोला, लुपाङ खोला, त्रिवेणी खोला, जुङ्गे खोला, ढोलङ्गो खोला र

ठूलो खोला रहेका छन् । नगरपालिकाले जलाधार व्यवस्थापनलाई सबैभन्दा प्राथमिकतामा राखी योजनाहरु तर्जुमा गर्दै आएको छ । यी खोलाहरुमा वर्षायाममा खोलाहरुमा पानीको बहाव धेरै हुन्छ भने सुख्खायाममा पानीको मात्रा निकै कम हुने गर्दछ ।

### १.२.१३ आर्थिक विकास अवस्था

यो नगरपालिका द्रुत गतिमा वस्ति विकास भइरहेको एउटा नगरपालिका हो । यस नगरपालिकाको आर्थिक गतिविधिमा प्रमुख तीनवटा क्षेत्रहरु नोकरी, व्यापार व्यवसाय र कृषिको योगदान रहेको पाइन्छ । यो नगरपालिका औद्योगिक नगर भन्दा पनि आवासीय क्षेत्रको रुपमा विकास भएको नगरपालिका हो । यहाँ ठूलठूला उद्योगहरु छैनन् । घरेलु तथा साना उद्योग एवम् सेवा मूलक व्यवसायहरु दर्ता भइ सञ्चालनमा रहेका छन् ।

देशको राजधानीमा अवस्थित नगरपालिका भएकोले उत्पादित सामान बजारसम्म लैजानको लागि पूर्वाधार सहज रहेको छ । नगरपालिका क्षेत्रभित्र कृषि संकलन केन्द्र र कृषि ज्ञान केन्द्रको स्थापना नभएता पनि ललितपुर जिल्लामा रहेको केन्द्रले आफ्नो सेवा क्षेत्रभित्र पर्ने नगरपालिकामा कृषि प्रवर्द्धन र उत्पादनमा अवसर सृजना गर्छ । हाल अन्य जिल्लाबाट र विदेशबाट फर्केका युवाहरुले यस नगरपालिकामा कृषि फर्म सञ्चालन गर्दै आएको पाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरु १०.१ प्रतिशत रहेका छन् । हाल नगरपालिकाको वडाहरुमा फूल खेती, कृषि फर्म, टनेल खेती हुँदै आएको छ भने विभिन्न समयमा नगरपालिकाले कृषि तालिम कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । खेतीको लागि धेरै जमिन नभएका वडाहरुमा कौसी खेतीको अभ्यास पनि हुँदै आएको छ ।

### १.२.१४ भू-उपयोग स्थिति

यस नगरपालिकाको भू -उपयोग स्थितिको तथ्याङ्कलाई आधार मान्ने हो भने यहाँको कूल २९.८ वर्ग कि. मि. क्षेत्रफल मध्ये सबैभन्दा वन/जङ्गल ४४ प्रतिशत (१३.१३ वर्ग कि. मि.)भाग ओगटेको देखिन्छ भने आवास क्षेत्रले २४.४७ प्रतिशत (७.३ वर्ग कि. मि.) र कृषि योग्य जमिनले २३.१६ प्रतिशत (६.९१ वर्ग कि. मि.) भाग ओगटेको छ । त्यसैगरी खोलानाला तथा तलैया लगायतका क्षेत्रले १.२५ प्रतिशत भू भाग ओगटेको छ ।

**तालिका नं.१**

| भूमि उपयोग | क्षेत्रफल वर्ग कि· मि· | प्रतिशत |
|---|---|---|
| कृषि | ६ .९१ | २३ .१६ |
| व्यापारिक | ० .०८ | ० .२७ |
| साँस्कृतिक र पुरातात्विक | ० .१५ | ० .५० |
| वन | १३ .१३ | ४४ .० |
| रिभरेन ताल र मार्श क्षेत्र | ० .३७ | १ .२५ |
| सार्वजनिक प्रयोग | १ .८९ | ६ .३४ |
| आवासीय | ७ .३० | २४ .४७ |

### १.२.१५ विकासका संभावनाहरू

नगरपालिकाभित्र पहिचान भएका प्राकृतिक स्रोतहरूको उपयोग गरेर नै यस नगरपालिकालाई समृद्ध बनाउन र नगरपालिकावासीको आय आर्जन बृद्धि गर्न सकिन्छ । यस अन्तर्गत व्यवसायिक कृषि, तरकारी, पशुपालन, आफ्ना उत्पादनहरू नगरपालिका बाहिर निर्यात गर्न सकिन्छ । यसैगरी नगरपालिका भित्रका संभाव्य पर्यटकीय स्थलहरूको पहिचान र विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागमनबाट पर्यटन व्यवसाय र स्थानीय व्यापार व्यवसाय तथा घरेलु उद्योग मार्फत नगरपालिकावासीको आयआर्जन बृद्धि गर्न सकिन्छ। यसैगरी यी सम्भावनाहरूलाई यथार्थतामा परिणत गर्नका लागि नगरपालिकाभित्र सडक, पुल, विद्युत, सिंचाई जस्ता पूर्वाधारहरूको विकास गर्न जरुरी छ । यस नगरपालिकाको सबै वडा कार्यालयहरु पक्कि सडक सञ्जालमा जोडिई सकेका छन् । यस नगरपालिकामा ३० मिनेटसम्म दुरीमा यायायात पहुँच भएका

परिवार ९५ प्रतिशत रहेको र सर्वयाम सडक २३८ कि.मि.रहेको छ। नगरपालिकाका कूल घरपरिवार मध्ये बत्तीको लागि विद्युत उपयोग गर्ने घर परिवार ९९. ९४ प्रतिशत रहेका छन्। सोलार प्रयोग गर्ने घर परिवार ०.०२ प्रतिशत, मट्टितेल प्रयोग गर्ने घर परिवार ०.०२ प्रतिशत, वायोग्यास तथा अन्य प्रयोग गर्ने घर परिवारको प्रतिशत ०.०२ रहेको छ। त्यसैगरी मोवाइल नेटवर्क कभरेज ९५ प्रतिशत, इन्टरनेटमा पहुँच प्राप्त परिवार ७५ प्रतिशत, अप्टिकल फाइवरको विस्तार ६० प्रतिशत रहेको छ।

### १.२.१६ मानव विकास सूचकाङ्क

शिक्षा, स्वास्थ्य र आयका तीन माध्यमबाट चारवटा सूचकहरूलाई लिएर मानव विकास सूचकाङ्क निकालिन्छ। स्वास्थ्यको सूचकमा औषत आयु, शिक्षाको सूचकमा वयश्क साक्षरता र विद्यालयको औषत वर्ष र आयको सूचकमा प्रतिव्यक्ति आयलाई लिएर निकालिन्छ। शून्यदेखि १ बिचमा रहने मानव विकास सूचकाङ्क जति धैरै आँउछ त्यसलाई राम्रो मानिन्छ। नेपाल मानव विकास सूचाकांक प्रतिवेदन २०२४ का अनुसार १४६ औ स्थानमा रहेको छ। साविकका गाविस नगरपालिका तथा नव संरचित नगरपालिकाहरूको अलग्गै प्रतिवेदन नहुने कारण काठमाण्डौ जिल्लाको मानव विकास सूचकाङ्कलाई नै नगरपालिकाको सूचकाङ्कको आधार मानेर विवरणहरू प्रस्तुत गरिएको छ।

### १.२.१७ जनसांख्कीय स्वरुप

राष्ट्रिय जनगणना २०७८ अनुसार नागार्जुन नगरपालिकाको जम्मा जनसंख्या पुरुष ५७,५९६ जना र महिला ५७,८४१ जना गरी जम्मा जनसंख्या १,१५,४३७ जना रहेको र जसमा महिलाको ५०.११ प्रतिशत र पुरुष ४९.८९ प्रतिशत रहेको देखिन्छ भने लिङ्ग अनुपात १ रहेको छ। जनसंख्याको सबै भन्दा बढी जनघनत्व वडा नं. २ र ४ मा रहेको र सबै भन्दा कम जन घनत्व वडा नं. ८ र ७ मा रहेको छ। यस नगरपालिकामा जम्मा घरधुरी संख्या ३१,३०१ रहेको र जनघनत्व प्रति वर्ग किलोमिटर ३,८६७ जना रहेको छ। साक्षरता दर पुरुषको ९८.८ प्रतिशत, महिलाको ९५ प्रतिशत गरी जम्मा ९७ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास केन्द्रमा जाने उमेरको ४ वर्षको जनसंख्या १,८०६ (१.५६ प्रतिशत) रहेको र जसमा महिलाको ८२८ (०.७२ प्रतिशत) पुरुषको ९७८(०.८५ प्रतिशत) रहेको देखिन्छ। विद्यालय तहमा जाने ५देखि १२ वर्षसम्मको जनसंख्या १३,४५२(११.६५ प्रतिशत) रहेको जसमा महिलाको ६,१४४ (५.३२ प्रतिशत) पुरुषको ७,३०८(६.३३ प्रतिशत) त्यस्तैगरी १३ देखि १४ वर्षसम्मको जनसंख्या ३,३५९(२.९१ प्रतिशत) रहेको जसमा महिलाको १,५७१ (१.३६ प्रतिशत) पुरुषको १,७८८(१.५५ प्रतिशत) तथा १५ देखि १६ वर्षसम्मको जनसंख्या ४,०९४(३.५५ प्रतिशत) रहेको जसमा महिलाको १,९३८ (३.३६ प्रतिशत) पुरुषको २,१५६(३.७४ प्रतिशत) र अनौपचारिक शिक्षा अन्तर्गत पर्ने र सक्रिय १५ देखि ५९ वर्ष सम्मको जनसंख्या ८२,००१ (७१.०४ प्रतिशत) रहेको र जसमा महिलाको ४१,७८५ (३६.२ प्रतिशत) पुरुषको ४०,२१६ (३४.८४ प्रतिशत) रहेको देखिन्छ। नेपालको जनसंख्या बृद्धिदर ०.९२ छ भने यस नगरपालिकाको जनसंख्या बृद्धिदर कूलमा ५.३८ प्रतिशत रहेको र जसमा महिलाको ५.५० प्रतिशत तथा पुरुषको ५.२८ प्रतिशत रहेको छ।

**तालिका नं. २**

**नगरपालिकाको जनसांख्यिय संरचना वडागत अवस्था २०७८**

| वडा नं | कूल जनसंख्या | महिला | पुरुष | लैंङ्गिक अनुपात |
|---|---|---|---|---|
| १ | १४६८७ | ७३२२ | ७३६५ | ०.९९ |
| २ | १७९०१ | ९०७३ | ८८२८ | १.०३ |
| ३ | १२६३२ | ६४७४ | ६१५८ | १.०५ |
| ४ | १७६१९ | ८८०३ | ८८१६ | १.०० |
| ५ | ९९१५ | ५०५० | ४८६५ | १.०४ |
| ६ | १५११५ | ७४६६ | ७६४९ | ०.९८ |
| ७ | ६१२५ | ३०९४ | ३०३१ | १.०२ |
| ८ | ३५४८ | १७४५ | १८०३ | ०.९७ |
| ९ | ६९०३ | ३३९२ | ३५११ | ०.९७ |

| वडा नं | कूल जनसंख्या | महिला | पुरुष | लैंङ्गिक अनुपात |
|---|---|---|---|---|
| १० | १०९९२ | ५४२२ | ५५७० | ०.९७ |
| जम्मा | १,१५,४३७ | ५७,८४१ | ५७,५९६ | १.०० |

(स्रोतःराष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन)

**तालिका नं. ३**

**अपाङ्गता किसिम अनुसार अपाङ्गता जनसंख्याः**

| अपाङ्गताको किसिम | जनसंख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | कूल जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| शारीरिक अपाङ्गता | ५२१ | २५१ | २७० | ३३ | १६ | १७ |
| न्यून दृष्टियुक्त | ४०८ | २१५ | १९३ | २६ | १४ | १२ |
| दृष्टिविहिन | २० | ९ | ११ | १ | १ | १ |
| बहिरोपन | ११२ | ५५ | ५७ | ७ | ४ | ४ |
| न्यून श्रवण | १२७ | ७० | ५७ | ८ | ४ | ४ |
| बहिरो एवम् दृष्टिविहिन | २२ | १२ | १० | १ | १ | १ |
| हेमोफेलिया | १३ | ७ | ६ | १ | ० | ० |
| मानसिक वा मनोसामाजिक | ८२ | ३८ | ४४ | ५ | २ | ३ |
| बौद्धिक अपाङ्ग | ३४ | २० | १४ | २ | १ | १ |
| अटिजम | ४५ | ६ | ३६ | ३ | ० | २ |
| बहुअपाङ्गता | १०० | ४४ | ५६ | ६ | ३ | ४ |
| मनोसामाजिक अपाङ्गता | ८५ | ४१ | ४४ | ५ | ३ | ३ |
| जम्मा | १५६९ | ७६८ | ८०१ | १०० | ४९ | ५१ |

(स्रोतःराष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन)

### १.२.१३ शैक्षिक संस्थाको अवस्था

नागार्जुन नगरपालिका भित्र सामुदायिक विद्यालयतर्फ  २२ वटा प्रारम्भिक बालविकास शिक्षा, ७ वटा आधारभूत विद्यालय, १२ वटा माध्यमिक विद्यालयहरु रहेका छन् भने संस्थागत विद्यालयतर्फ ७७ वटा प्रारम्भिक बालविकास शिक्षा, २३ वटा आधारभूत विद्यालय, ४७ वटा माध्यमिक विद्यालयहरु रहेका छन् । जसको वडागत विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**वडागत / तहगत विद्यालय विवरण**

| वडा नं. | सामुदायिक विद्यालय | | | | | संस्थागत विद्यालय संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक बालविकास केन्द्र संख्या | आधारभूत विद्यालय संख्या | माध्यमिक विद्यालय संख्या ९-१२ | प्राविधिक विद्यालय संख्या | क्याम्पस संख्या | प्रारम्भिक बालविकास केन्द्र संख्या | आधारभूत विद्यालय संख्या | माध्यमिक विद्यालय संख्या ९- १० | माध्यमिक विद्यालय संख्या ११- १२ | क्याम्पस संख्या |
| १ | १ | | १ | | | १६ | ३ | ७ | ३ | |
| २ | | | | | | १५ | ५ | ६ | ३ | |
| ३ | ४ | १ | २ | | | ४ | ० | २ | १ | |
| ४ | १ | | १ | १ | | १५ | ३ | ६ | ३ | १ |
| ५ | २ | | २ | | | १२ | ८ | २ | ३ | |
| ६ | ३ | २ | १ | | १ | ६ | २ | २ | २ | |
| ७ | ४ | २ | २ | | | २ | १ | १ | | |
| ८ | ५ | २ | २ | | | १ | | १ | | |
| ९ | | | | | | २ | | १ | १ | |
| १० | २ | | १ | | | ४ | १ | ३ | | |
| जम्मा | २२ | ७ | १२ | १ | १ निजी | ७७ | २३ | ३१ | १६ | १ |

(स्रोतःशैक्षिक बुलेटिन २०८१ को प्रतिवेदन)

यस पालिकाको वडा नं.  २ र वडा नं.  ९ मा  सामुदायिक विद्यलयमा प्रारम्भिक बालविकास केन्द्रहरु छैन भने बाँकी वडाहरुमा १ देखि ५ वटासम्म बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन्। त्यस्तैगरी संस्थागत विद्यालय तर्फ सबै वडाहरुमा १ देखि १६ वटासम्म बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन्। सामुदायिक विद्यालय तर्फ बालविकास केन्द्र २२ वटा, आधारभूत तह १-५ सञ्चालन भएका ५ वटा, आधारभूत तह १-८ सञ्चालन भएका २ वटा, माध्यमिक तह १-१० सञ्चालन भएका ६ वटा तथा माध्यमिक तह १-१२ सञ्चालन भएका  ६ वटा र १ वटा प्राविधिक विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरी संस्थागत विद्यालय तर्फ बालविकास केन्द्र ७७ वटा, आधारभूत तह १-५ सञ्चालन भएका १९ वटा,आधारभूत तह १-८ सञ्चालन भएका ४ वटा, माध्यमिक तह १-१० सञ्चालन भएका ३१ वटा तथा माध्यमिक तह १-१२ सञ्चालन भएका  १६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्।

**तालिका नं. ५**

**विभिन्न तहगत विद्यार्थी विवरण:**

| **सामुदायिक तथा संस्थागत विद्यालयको तहगत विद्यालय र विद्यार्थी विवरण २०८१** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **शैक्षिक संस्थाहरु** | | **सामुदायिक तर्फ** | | | | **दलित** | | | **जनजाती** | | |
| | | **सा वि** | **वि सं** | **छात्रा** | **छात्र** | **वि सं** | **छात्रा** | **छात्र** | **वि सं** | **छात्रा** | **छात्र** |
| १ | प्रारम्भिक बालविकास केन्द्र | १९ | ७८२ | ३८० | ४०२ | १०१ | ४२ | ५९ | ५१८ | २४९ | २६९ |
| २ | आधारभूत तह कक्षा १-५ | ५ | २१०९ | १०२३ | १०८६ | २१४ | १०१ | ११३ | १४४५ | ७०२ | ७४३ |
| ३ | आधारभूत तह कक्षा ६-८ | २ | १४१८ | ७०८ | ७१० | १५३ | ७६ | ७७ | ९७० | ४९७ | ४७३ |
| ४ | माध्यमिक तह कक्षा ९-१० | ६ | ७६३ | ४३५ | ३२८ | ७५ | ४४ | ३१ | ५०७ | २९१ | २१६ |
| ५ | माध्यमिक तह कक्षा ११-१२ | ६ | ३६५ | १७९ | १८६ | ३० | १३ | १७ | २१५ | १०८ | १०७ |
| | **कूल जम्मा** | **१९** | **५४३७** | **२७२५** | **२७१२** | **५७३** | **२७६** | **२९७** | **३६५५** | **१८४७** | **१८०८** |

| **शैक्षिक संस्थाहरु** | | **संस्थागत विद्यालय तर्फ** | | | | **दलित** | | | **जनजाती** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **सं वि** | **वि सं** | **छात्रा** | **छात्र** | **वि सं** | **छात्रा** | **छात्र** | **वि सं** | **छात्रा** | **छात्र** |
| १ | प्रारम्भिक बालविकास केन्द्र | ७७ | ५१५१ | २२४६ | २९०५ | ८४ | ८४ | १०६ | २४५९ | १०९३ | १३६६ |
| २ | आधारभूत तह कक्षा १-५ | १९ | ९२९८ | ३९३८ | ५३२० | १५३ | १५३ | २२१ | ४४५४ | १९२६ | २५२८ |
| ३ | आधारभूत तह कक्षा ६-८ | ४ | ४७२५ | २०१३ | २७१२ | १५२ | ७२ | ८० | २२८२ | ९८२ | १३०० |
| ४ | माध्यमिक तह कक्षा ९-१० | ३१ | २३३८ | १०७० | १२६८ | ६९ | ३४ | ३५ | १०८७ | ५१२ | ५७५ |
| ५ | माध्यमिक तह कक्षा ११-१२ | १६ | ६७९ | ३०० | ३७९ | २३ | ९ | १४ | ४१७ | १९० | २२७ |
| | **कूल जम्मा** | **७०** | **२२१५१** | **९५६७** | **१२५८४** | **४८१** | **३५२** | **४५६** | **१०६९९** | **४७०३** | **५९९६** |

(स्रोत:शैक्षिक बुलेटिन २०८१ को प्रतिवेदन)

यस नगरपालिकामा सामुदायिक विद्यालय तर्फ प्रारम्भिक बाल शिक्षा तथा विकासमा ७८२ जना, आधारभूत तह (१-५) २१०९ जना, आधारभूत तह (६-८) १४१८ जना, माध्यमिक तह (९-१०) ७६३ जना, माध्यमिक तह (११-१२) ३६५ जना गरी कूल ५४३७ जना विद्यार्थीहरु अध्ययनरत छन् भने संस्थागत विद्यालयमा प्रारम्भिक बाल शिक्षा तथा विकासमा ५१५१ जना, आधारभूत तह (१-५) ९२९८ जना, आधारभूत तह (६-८) ४७२५ जना, माध्यमिक तह (९-१०) २३३८ जना, माध्यमिक तह (११-१२) ६७९ जना गरी कूल २२१५१ जना विद्यार्थीहरु अध्ययनरत छन्

## १.३ प्रमुख शैक्षिक समस्या तथा चुनौतीहरू

यस नगरपालिकाको शिक्षा सम्बन्धी समस्याहरू यस प्रकार छनः

- अभिभावक शिक्षाको कमी, विद्यालयहरूमा अभिभावकको चासो कम हुनु अर्थात विद्यालयहरू सरकारी हुन सबै सरकारले गर्छ भन्ने भावना झन झन बढदै जानु
- तहगत, कक्षागत तथा विषयगतरुपमा सम्पूर्ण विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्न नसक्नु
- विद्यालयहरूमा भौतिक व्यवस्थापनमा कमी हुनु
- विज्ञान प्रयोगशाला, ICT ल्याब, पुस्तकालय तथा खेल मैदान नहुनु
- विषयगत तथा नवीनतम शैक्षिक प्रविधि सम्बन्धी शिक्षक तालिमको कमी हुनु
- आधुनिक प्रविधि युक्त शैक्षिक सामग्रीको साथ साथै अन्य आवश्यक शैक्षिक सामग्रीको कमी हुनु
- मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठनसँग जोड्न नसक्नु
- अनौपचारिक तथा निरन्तर सिकाइलाई प्रभावकारी बनाउन सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय तथा बाचनालयको स्थापना तथा सञ्चालनमा कमी हुनु
- शिक्षा क्षेत्रमा प्रयाप्त बजेटको कमी हुनु विद्यालय शिक्षाको सर्वसुलभता उपयुक्त पूर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्न नसक्नु
- शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउन नसकिनु
- अनिवार्य तथा निःशुल्क र गुणस्तरीय सिकाइको सुनिश्चित नहुनु
- माध्यमिक तहमा शिक्षामा बालबालिकाको पहुँच कमजोर हुनु
- आर्थिक रुपले विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूको शिक्षामा पहुँच कम हुनु
- विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाई राख्न नसक्नु
- सिकाइ उपलब्धिको स्तरमा अपेक्षित सुधार नहुनु
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु तथा प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा विस्तार हुन नसक्नु
- पठन संस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको विस्तार गर्न नसक्नु
- सुसाशन, जिम्मेवारी तथा जवाफदेहिताको आशातीत प्रत्याभूति दिन नसक्नु
- शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा अपेक्षित परिवर्तन ल्याउन नसक्नु
- विद्यालय शिक्षामा सबैको पँहुच, समता, गुणस्तर, सुशासन, व्यवस्थापन तथा सिकाइका लागि न्यूनतम आवश्यक वातावरण सुनिश्चित गर्न नसक्नु
- निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रहरूको परिचालन अनुगमन तथा ब्यवस्थापन गर्न नसक्नु
- शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको विकास गर्न नसक्नु
- सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्न नसकिएको अर्थात अनुगमन तथा निरीक्षण प्रणाली कमजोर हुनु अथवा नहुनु

## १.४ अवसर

अवसरको रुपमा हेर्दा यस नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागु गरिरहेको छ । शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था रहेको छ । यस नगरपालिकाका शिक्षा क्षेत्रका अवसरहरू देहाय अनुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छः

- विद्यालयहरूको भौतिक सुविधा विशेष गरी शिक्षण सिकाइको लागि कक्षाकोठा प्रयाप्त सख्यामा रहेको
- प्रारम्भिक बालविकास तथा शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक श्रोत साधनबाट स्वयम् सेवक शिक्षकहरूको व्यवस्थापन गरी शैक्षिक सुधार गर्ने प्रयास भै रहेको
- गरिब असहाय तथा विपन्न वर्गका विद्यार्थीहरूलाई आर्थिक सहयोग तथा भौतिक सामग्री उपलब्ध गराएर विद्यालयमा टिकाइ राख्न पालिकाबाट प्रयास भैरहेको
- पर्यटकीय क्षेत्रको प्रचुर सम्भावना भएको शिक्षित युवाहरूलाई यस क्षेत्रमा पनि रोजगारीको सम्भावना हुनु अर्थात शिक्षालाई रोजगारीसँग जोड्न सकिने
- आधारभूत तह अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तह निःशुल्क गर्नका लागि विद्यालयहरुलाई शिक्षण सिकाइ अनुदान दिइएको
- आजको युग सूचना तथा प्रविधिको भएको हुनाले यस क्षेत्रसँग सम्बन्धित जनशक्ति विश्व परिवेशसँग जोडिएर आर्थिक क्रियाकलाप गर्न सहयोग पुगेको

# परिच्छेदः दुई

## २. शिक्षा क्षेत्रको योजना

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधानले परिलक्षित गरेका शिक्षासम्बद्ध अधिकारको प्राप्तिमा स्थानीय तहमा विकास गरिने योजनाले प्रभावकारी भूमिका खेल्नुपर्छ । प्रारम्भिक बाल विकास तथा शिक्षाको प्रबन्धसहित निःशुल्क एवम् अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर बढाउने, जीवनपर्यन्त सिकाइका अवसर सृजना गरी सिकाइलाई उत्पादनसँग आबद्ध गर्ने, उद्यमशीलताको प्रबर्धन गर्ने, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने जस्ता विषयहरू विद्यालय शिक्षाका प्राथमिकताका क्षेत्रहरू हुन् ।

प्रजातन्त्र पश्चात शिक्षामा आम नागरिकको चासो बढेको र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा शिक्षा नीति योजना तथा परियोजना कार्यान्वयन हुदै आएका छन । नेपालको संविधान, २०७२ को व्यवस्था बमोजिम संघीय स्वरुपको राज्य व्यवस्था स्थापना भइ संघ,प्रदेश र स्थानीय तहका सरकारहरू क्रियाशिल छन् । राज्यको यो बदलिदों शासकीय स्वरुप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेशमा धेरै परिवर्तन भइसकेका छन् । अब निर्माण हुने शिक्षा योजनाका विषयवस्तुलाई फरक ढङ्गबाट सम्बोधन गर्नु पर्ने अवस्था सिर्जना भएको छ । संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता देखिएको छ ।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितता तथा सहभागिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय तहको प्रमुख कर्तव्य हुन आएको छ । शिक्षामा सहभागिता र पहुँचमा वृद्धिको साथ साथै गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना गर्नु आवश्यक छ । सूचना तथा संचार प्रविधिको प्रयोग गरी बालबालिकामा भएको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउने खालको शिक्षण सिकाइ क्रियाकलापमा जोड दिंदै आधुनिक, वैज्ञानिक र २१ औं शताब्दी अनुकूलको बालबालिका निर्माण र देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनको आधारशिला तयार गर्नमा स्थानीय सरकारको अहम् भूमिका र दायित्व रहेको छ। रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकासमार्फत सभ्य गुणस्तरीय र सुसंस्कृत समाजको निर्माण गर्नुमा शिक्षाको अहम् भूमिका रहने हुँदा शैक्षिक क्षेत्रलाई एक निश्चित दिशा प्रदान गरी अपेक्षित उपलब्धि हासिल गर्ने आवश्यकताको बोध गरी दीर्घकालिन शैक्षिक योजना निर्माण गरी कार्यान्वयन हुन अति आवश्यक रहेको छ । योजना निर्माणको औचित्यलाई देहाय बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छः

## २.२ सोच लक्ष्य उद्देश्य रणनीति

### २.२.१ नगरपालिकाको दूरदृष्टि

- "प्राविधिक, प्रविधिमैत्री र व्यवहारिक शिक्षामा जोड : गुणस्तर, समान पहुँच र रोजगारको अठोट"

### २.२.२ लक्ष्य

- गुणस्तरीय, प्रविधिमैत्री तथा रोजगारमूलक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी उद्यमशील र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने

### २.२.३ उद्देश्य

१. विद्यालय शिक्षाका सबै तहमा समतामूलक पहुँच सुनिश्चित गर्नु
२. विद्यालय शिक्षाका सबै तहमा गुणस्तर सुनिश्चित गर्नु
३. शिक्षण संस्थाहरुमा न्यूनतम शैक्षिक पूर्वाधार तथा नवीन विधि र प्रविधियुक्त बनाउनु
४. प्राविधिक र व्यावसायिक सिप एवम् रोजगारमूलक शिक्षाको विकास एवम् विस्तार गर्नु

५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई व्यवस्थित गर्नु
६. शैक्षिक संस्थाहरुलाई आधारभूत भौतिक पूर्वाधार तथा स्रोत साधन सम्पन्न बनाउनु
७. शिक्षा क्षेत्रमा समय सापेक्ष प्रतिस्पर्धी र दक्ष जनशक्तिको व्यवस्थापन गर्नु
८. शिक्षा क्षेत्रका संस्थागत र संरचनागत सरोकारवालाहरु बिच समन्वय र सहकार्यको संस्कृति स्थापित गर्नु
९. शैक्षिक क्षेत्रको संस्थागत सुधार गर्नु एवम् शिक्षा क्षेत्रमा संस्थागत सक्षमता हासिल गर्नु

**२. २. ४ रणनीति**

१. प्रारम्भिक बाल विकास तथा शिक्षालाई विद्यालय शिक्षाको संरचना एवम् अभिन्न अंगको स्थापित गरी सबै बालबालिकाका लागि भर्ना एवम् प्रवेश अनिवार्य गर्ने
२. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पँहुच सुनिश्चित गर्ने
३. आधारभूत तहमा मातृभाषाको माध्यमबाट सिकाइ सहजीकरणको व्यवस्था गर्ने
४. आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने
५. आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुका लागि दिवा खाजा,छात्रवृत्ति एवम् सिकाइ सहुलियत कार्यक्रम सञ्चालन गर्ने
६. रैथाने ज्ञान,सिप र प्रविधिलाई समसामयिक प्रबर्धन र संरक्षण गर्न आयआर्जन केन्द्रित कार्यक्रमसँग आवद्ध गर्ने "हप्तामा दिन एक, सिप र सिर्जना अनेक" तथा जहाँ सिकाइ - त्यहाँ कमाई अभियान सञ्चालन गर्ने
७. माध्यमिक विद्यालय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास तालिमको विस्तार गर्ने
८. अनौपचारिक शिक्षा तथा बैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी आजीवन सिकाइलाई सुनिश्चित गर्ने
९. एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना र सवलीकरण गर्ने
१०. विद्यालय शिक्षाका सबै तह र विषयमा उपलब्धि विश्लेषण र सिकाइ उपलब्धि अभिवृद्धि लक्ष्य प्रक्षेपण गर्ने
११. शिक्षकले कक्षाकोठामा बिताउने समय सुधार योजना TIP अनिवार्य गर्ने
१२. विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धतिमा सामयिक सुधारका लागि प्राविधिक संयन्त्र निर्माण र परिचालन गर्ने
१३. विद्यार्थी मूल्याङ्कनको आन्तरिक तर्फको मूल्याङ्कनलाई प्रयोगात्मक (घरायसी कार्य एवम् परियोजना कार्य) कार्य पद्धतिलाई अनिवार्य गर्ने
१४. विद्यार्थीहरुका लागि विभिन्न विधामा प्रतिभा पहिचान प्रतियोगिता सञ्चालन गर्ने
१५. सामाजिक सेवा भाव र स्व-विकासका लागि विद्यालयमा अध्ययनरत बालबालिकाहरुका बालक्लव,स्काउट र जुरेस जस्ता कार्यक्रमसँग आवद्धता र परिचालन गर्ने
१६. सबै विद्यालयहरुका कक्षा (१-८) सिकाइ आपुरण तथा द्रुत सिकाइ अभियान कार्यलाई अनिवार्य गर्ने
१७. प्रविधियुक्त शिक्षण सिकाइ सहजीकरणका लागि एक वडा - एक अगुवा विद्यालय कार्यक्रम सञ्चालन गर्ने
१८. सबै विद्यालयहरुमा शिक्षण सिकाइ सहजीकरणका लागि Biended teaching Learning Approachअर्थात Filliped Class Room Approach को थालनी गर्ने।
१९. सवै तहका विद्यालयमा न्यूनतम सिकाइ अनुकुल वातावरण (Clean-Green-Peace &Safety School ) अभियान सञ्चालन गर्ने
२०. निजी लगानीका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन र नियमनकालागि संस्थागत संयन्त्र निर्माण गर्ने
२१. स्थानीय सरोकारवालाको विश्वास आर्जनका लागि प्रत्येक विद्यालयमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई अनिवार्य गर्ने
२२. उत्कृष्ट नतिजा एवम् सिकाइ उपलब्धी प्राप्त गर्ने अभिभावक, शिक्षक, विद्यार्थी, संस्थागत पदाधिकारीका लागि सम्मान कार्यक्रम सञ्चालन गर्ने

२३. जहाँ विद्यार्थी-त्यहाँ शिक्षक तथा सञ्चालित कक्षा र विद्यार्थीका आधारमा शिक्षक र कर्मचारी व्यवस्थापन एवम् पदस्थापन गर्ने
२४. न्यूनवेतन शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहन अनुदान प्रदान गर्ने
२५. शिक्षण पेसामा दक्ष र योग्य जनशक्ति प्रवेशका लागि प्रोत्साहन गर्ने
२६. सार्वजनिक र निजी लगानीमा सञ्चालित विद्यालयहरु बिच सिकाइ अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने
२७. नगरस्तरमा विषयगत विज्ञ शिक्षकहरु ( रोष्टर ) संयन्त्र निर्माण र परिचालन गर्न
२८. विद्यालय तह, वडा तह र नगर तहमा रहेका संस्थागत सरोकारवालाहरुको अर्थपूर्ण सहभागिताको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
२९. लगानी र स्रोत व्यवस्थापनको सीमाको आंकलन गरी तीन तहका सरकार र गैह्र सरकारी संस्थाद्धारा सञ्चालित कार्यक्रम आपसी समन्वयमा लागत साझेदारीमा सञ्चालन गर्ने
३०. योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा लागि अनिवार्य दायित्व र विकास कार्यक्रमका आधारमा प्राथमिकता निर्धारण र बजेट लाग्ने-नलाग्ने वर्गीकरण गरी क्रियाकलाप सञ्चालन गर्ने
३१. निश्चित मापदण्ड एवम् सूचकमा आधारित कार्यसम्पादन स्तर अनुसार विद्यालयहरुलाई आधारभूत अनुदान र कार्यसम्पादन प्रोत्साहन अनुदान प्रदान गर्ने
३२. वडा र नगरस्तरमा अनुगमन तथा मूल्याङ्कन संयन्त्रहरुलाई Pre-On-Post अवधिमा लागि परिचालन र प्राविधिक सहायता गर्ने

**२. २. ५ कार्यनीतिः**

१. प्रारम्भिक बाल विकास केन्द्र / कक्षालाई निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाइ, खेल र सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सहितको आकर्षक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ
२. एक विद्यालय, एक बाल विकास केन्द्रको सुनिश्चितताका लागि ईसिडी नक्साङ्कन (ECD Mapping) लाई अभियानको रुपमा सञ्चालन गर्दै बाल विकास केन्द्रहरुको गुणात्मक सुधार एवम् सवलीकरणका लागि स्थानीय गैह्रसरकारी संस्थाहरुसँगको साझेदारीलाई प्राथमिकता दिईनेछ
३. अभिभावकहरुमा अभिभावन सिप र बालमनोविज्ञान एवम् बाल परामर्श तथा घर शिक्षा सचेतनाका लागि अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ
४. विद्यालय बाहिर रहेका र बिचमा कक्षा छाडेका सबै बालबालिकाहरुलाई विद्यालय प्रवेश गर्न प्रोत्साहन गरिनेछ
५. शिक्षक प्रसूती अवधिमा रहेको अवधिमा सिकाइ निरन्तरताका लागि उक्त अवधिका लागि वडा स्वयंसेवक शिक्षण सहजकर्ता गरिनेछ
६. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि मातृभाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा उपयोग गरी शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ
७. शिक्षण सिकाइ सहजीकरण कार्य एक : सिकाइ सामग्री र विधि अनेक अभियान लागु गरिनेछ र सोलाई कार्यरुप दिन पाठ योजना शिक्षकको साथमा, सिकाइ उपलब्धि विद्यार्थीको हातमा र सिकाइ सामग्री मेरो साथ छैन मेरो खाली हातको संस्कृतिको विकास गरिनेछ
८. सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न कठिन अवस्थामा रहेका र जोखिममा परेका सबै बालबालिकाहरुलाई आवश्यकताको आधारमा शिक्षाको प्रबन्ध मिलाइनेछ
९. दलित,छात्रा,जनजाति,लोपोन्मुख जातजाति,अपाङ्गता भएका व्यक्तिहरू,गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताको आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ
१०. कक्षा छाड्ने समस्या समाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि इसिडि देखि कक्षा ५ सम्म दिदै आएको दिवा खाजा कार्यक्रमलाई अभिभावकको समन्वय र सहयोगका आधारमा कक्षा १० सम्म विस्तार गरिनेछ
११. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा लगानीको सुनिश्चिताका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी एकीकृत योजना बनाइनेछ

१२. साधारण तथा व्यावसायिक दुबै धारका कक्षा सञ्चालन गर्ने प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक सहयोग प्रदान गरिनेछ
१३. निरक्षर तथा नवसाक्षरकहरुका डिजिटल साक्षरता एवम् जीवनपर्यन्त सिकाइका लागि एक वडा एक सामुदायिक सिकाइ केन्द्र अभियान सञ्चालन गरिनेछ
१४. पठन संस्कृति विकासका लागि सार्वजनिक एवम् सामुदायिक पुस्तकालयको स्थापना गरिनेछ
१५. विद्यालय शिक्षामा जीवनोपयोगी सिप तथा मानव मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी स्थानीय पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ
१६. रैथाने ज्ञान,सिप र प्रविधिलाई आयआर्जन केन्द्रित कार्यक्रमसँग आबद्ध गर्दै प्रबर्धन र संरक्षण गरिनेछ
१७. विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरुलाई शैक्षिक सत्रको अन्तसम्म टिकाइ राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न कक्षा ३ सम्म अनिवार्य कक्षा शिक्षण गर्नुपर्ने व्यवस्था सहित बालमैत्री तथा बाल केन्द्रित शिक्षण सिकाइको प्रबर्धन गरिनेछ
१८. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निर्माणात्मक एवम् प्रयोगात्मक मूल्याङ्कन पद्धति तथा कक्षा (१-३) सम्म एकीकृत सिकाइ पद्धति र पढाइ सिप विकास विधिहरूको प्रभावकारी उपयोग गरिनेछ
१९. नगरपालिकास्तरमा सञ्चालन हुने आधारभूत शिक्षा परीक्षा (BEE) लाई थप व्यवस्थित गरिनेछ
२०. खेलकुद प्रतियोगीतालाई सहभागितामूलक र प्रतिस्पर्धी बनाउनका लागि वडास्तर र नगरस्तरमा सञ्चालन गरिनेछ
२१. विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा पहिचान र प्रोत्साहनका लागि विभिन्न विधामा प्रतियोगिता सञ्चालन गरिनेछ
२२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ
२३. "जहाँ सिकाइ Loss त्यहाँ सिकाइ अवसर Plus" को नारा अनुरुप समतामूलक सिकाइ अवसर प्रदान गरी सबै विद्यार्थीमा सिकाइ सक्षमता हासिल गर्न सिकाइ आपूरण तथा द्रुत सिकाइ रणनीतिक योजनालाई अभियानको रुपमा सञ्चालन गरिनेछ
२४. फरक सिकाइ आवश्यकता भएका, जोखिममा परेका र सीमान्तकृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नकालागि खुला, वैकल्पिक तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ
२५. शिक्षण संस्थाहरुमा अपाङ्गता मैत्री र सूचना तथा प्रविधि सहितको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ
सामुदायिक तथा संस्थागत विद्यालयहरू बिच सूचना प्रविधिमा आधारित सञ्जाल स्थापना गरी असल र उत्कृष्ट अभ्यासहरूलाई पारस्परिक रूपमा आदान प्रदान गर्ने वातावरण तयार गरिनेछ
२६. सबै विद्यालयहरुमा Website विकास र व्यवस्थित गर्दै कम्तिमा ७५ प्रतिशत विद्यालयहरुको सङ्क्षिप्त चिनारी बारे Video Clip निर्माण अपलोडको व्यवस्था गरिनेछ
२७. शिक्षामा सूचना र प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिई न्यूनतम एक वडा एक आई टि हव स्कूल तोकी सूचना र प्रविधि सहित शिक्षण सहजीकरणमा लागि प्राविधिक सहायता गरिनेछ
२८. विद्यालयीय वातावरण स्वच्छ सफा, शान्त र आकर्षक तथा स्वस्थकर बनाउन विद्यालय हाताभित्र वृक्षारोपण, सरसफाइ तथा फूलबारी सहित हरियाली विकासका लागि एक कक्षा एक हरियाली कुना अभियान सञ्चालन गरिनेछ
२९. नयाँ विद्यालय भवन निर्माण र पुर्ननिर्माण गर्दा अपाङ्ग मैत्री हुनेगरी बनाइनेछ
३०. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्य सम्पादन स्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्य सम्पादनमा आधारित अनुदानको प्रावधान लागु गरिनेछ
३१. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापक र शिक्षकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागु गरिनेछ
३२. विद्यार्थीको सिकाइ अधिकारलाई सुनिश्चित गर्न कम्तिमा १९२ दिन अनिवार्य पठनपाठन हुने र २२० दिन विद्यालय खुलाउने प्रत्याभूति गराउनुका साथै विद्यार्थी उपलब्धिलाई शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ

३३. निजी लगानीका विद्यालयहरुको प्रभावकारिताका लागि आवश्यक नीतिगत कानुनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थाहरुलाई सेवामूलक बनाइनेछ
३४. निजी लगानीका विद्यालयहरु सबैको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा व्यवस्थापन र नियमन गरिने छ
३५. नगरमा शैक्षिक सुशासन कायम गराउन र लक्षित कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्नकालागि विद्यालयका प्रधानाध्यापक, विद्यालय शिक्षकसँग नतिजामा आधारित कार्यसम्पादन सम्झौता गरिनेछ
३६. शिक्षक तथा कर्मचारीहरू पेसागत अनुशासन एवम् पदीय जिम्मेवारी वहन नगरेको पाइएमा कानुन बमोजिम कारवाही गरी सुधारको अवसर सहित शैक्षिक सेवालाई थप प्रभावकारी बनाइनेछ
३७. प्रत्येक विद्यालयमा विषयगत शिक्षक दरबन्दी पुनरावलोकन गरी पुनर्वितरण एवम् पदस्थापन गरिनेछ
३८. शिक्षक दरबन्दी मिलान कार्यलाई जहाँ विद्यार्थी त्यहाँ शिक्षकको आधारमा विद्यालयहरूमा शिक्षकहरूको समानुपातिक वितरण सुनिश्चित गरिनेछ
३९. न्यून वेतनमा कामकाज गर्दै आएका शिक्षक र विद्यालय कर्मचारीको समय र श्रमको सम्मान गर्न प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ
४०. नगर भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा रिक्त हुने तहगत र विषयगत शिक्षकको तत्काल अस्थायी रुपमा पदपूर्ति गरी सिकाइमा निरन्तरता गर्न शिक्षक बैङ्क स्थापना गरिनेछ
४१. नगरमा उच्च नतिजा सहित नमुना बनिरहेका उत्कृष्ट विद्यालयहरुको सफलताका कथाहरुलाई प्रचारप्रसार गर्नुका साथै त्यस्ता विद्यालयहरुबाट न्यून नतिजा भएका विद्यालयहरुले सिक्ने अवसरको सुनिश्चितता गरिनेछ
४२. विद्यालय अनुगमनलाई पेशागत सहयोग र परिणाम केन्द्रित बनाउन समूह र सघन सुपरिवेक्षणलाई अभियानको रुपमा तोकिएका फारामहरुका आधारमा कक्षा अवलोकन, नमुना कक्षा प्रदर्शन र पृष्टपोषण प्रणालीलाई कार्यान्वयनमा ल्याईनेछ
४३. सबै विद्यालयहरुमा विद्यालय सुधार योजना (SIP), वडा समितिमा वडा शिक्षा योजना, नगरपालिकामा नगर शिक्षा योजना निर्माण र अद्यावधिक गरिनेछ
४४. नगरको शैक्षिक विकासका लागि स्थानीय निकाय, गैह्रसरकारी संस्था तथा संघ र प्रदेश सरकार उपलब्ध स्रोतहरुमा दोहोरोपना आउन नदिई एकद्धार प्रणालीको आधारमा विपन्न, सुविधाको पहुँचबाट टाढा रहेको क्षेत्र र वर्गलाई प्राथमिकतामा राखी सामाजिक न्यायका दृष्टिले समानुपातिक रूपमा वितरण गरिनेछ
४५. सरकारी तथा गैह्र सरकारी संस्थाहरूसँगको समन्वय, सामुदायिक सहभागिता र स्थानीय सरोकारवालासँगको साझेदारीमा शिक्षामा पहुँच, गुणस्तर अभिवृद्धि तथा संस्थागत क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरूमा समन्वय तथा सहकार्य गरिनेछ
४६. आवधिक शिक्षा योजनाको कार्यान्वयन गरी समग्र विद्यालय शिक्षाको विकास र सुधारको लागि नगरपालिकाको आन्तरिक स्रोतको न्यूनतम ५ प्रतिशत बजेट विनियोजन गरिनेछ
४७. शिक्षकका पेशागत निकाय एवम् सरोकारवालाहरु सहितको सहभागितामा नगरभित्रका सम्पूर्ण विद्यालयहरुको तथ्याङ्क सत्यापन गरी यथार्थ शिक्षक तथा विद्यार्थी विवरण सार्वजनिक गर्ने र सञ्चालनमा नरहेका बालविकास केन्द्र तथा अनुमति विना सञ्चालित विद्यालयलाई निगमन गरी बन्द गर्ने तर्फ कारबाही अगाडि बढाइनेछ
४८. "हाम्रो विद्यालय, राम्रो विद्यालय" बनाउन र विद्यालय सुशासनलाई प्रबर्धन गर्न विद्यालयमा नगरी नहुने विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन, सामाजिक परीक्षण, आर्थिक पारदर्शीता र खर्चको औचित्यतामा आधारित खर्च प्रणाली, अभिभावक भेला, शिक्षक नियमितता, छात्रवृत्ति वितरण, अभिभावक विद्यार्थी परामर्श, नियमित पठनपाठन, समयानुकुल परीक्षा पद्धति, विद्यार्थी मूल्याङ्कन र विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि जस्ता क्रियाकलापहरुलाई विद्यालय अनुगमनको क्षेत्रभित्र ल्याई सोको सुनिश्चितता गरिनेछ ।

### २.२.६ अपेक्षित उपलब्धि

१. विद्यालय शिक्षाका सबै तहमा समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ
२. विद्यालय शिक्षाका सबै तहमा गुणस्तर सुनिश्चित भएको हुनेछ

३. शिक्षण संस्थाहरुमा न्यूनतम शैक्षिक पूर्वाधार सहित नवीन विधि र प्रविधियुक्त सुविधा भएको हुनेछ
४. प्राविधिक र व्यावसायिक सिप एवम् रोजगारमूलक शिक्षाको विकास एवम् विस्तार भएको हुनेछ
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम व्यवस्थित भएको हुनेछ
६. शैक्षिक संस्थाहरु आधारभूत भौतिक पूर्वाधार तथा स्रोत साधन सम्पन्न भएको हुनेछन्
७. शिक्षा क्षेत्रमा समय सापेक्ष प्रतिस्पर्धी र दक्ष जनशक्तिको व्यवस्थापन भएको हुनेछ
८. शिक्षा क्षेत्रका संस्थागत र संरचनागत सरोकारवालाहरु बिच समन्वय र सहकार्यको संस्कृति स्थापित भएको हुनेछ
९. शैक्षिक क्षेत्रको संस्थागत सुधार गर्नु एवम् शिक्षा क्षेत्रमा संस्थागत सक्षमता हासिल भएको हुनेछ
१०. कक्षा १ मा नयाँ भर्ना दर १००प्रतिशत र कक्षा ८ सम्म पुग्ने दर १०० प्रतिशत हासिल हुनेछ
११. प्राथमिक तह १-५ को १००प्रतिशत र आधारभूत तह १-८ को १०० प्रतिशत खुद भर्नादर हासिल हुनेछ
१२. अपाङ्गता भएका विद्यार्थीको आवश्यकताअनुसार १ नयाँ विद्यालयको स्थापना हुनेछ
१३. शिक्षाको मूल प्रवाहका बाहिर रहेका लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित हुनेछ
१४. विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा रमाइलो वातावरणमा सिकाइ अवसर प्राप्त र बालबालिकाको सहभागितामा भएको हुनेछ
१५. विपन्न लक्षित अति गरीब पृष्ठभूमिका सबै विद्यार्थीहरूले माध्यमिक शिक्षा पूरा गर्न छात्रवृत्ति पाएको हुनेछन्
१६. कक्षा ९-१२ का अध्ययनरत सबै छात्राहरूले छात्रवृत्ति पाएको हुनेछन्
१७. कक्षा ९-१२ का अपाङ्ग विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्नेछन्
१८. नगरवासी बालबालिकाहरुले प्रि/डिप्लोमा तहको प्राविधिक शिक्षा तथा व्यवसायिक सिप गरेका हुनेछन्
१९. विद्यार्थीहरुले जीवनपयोगी सिप र व्यवहारकुशल सिप हासिल गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता हुनेछ
२०. साक्षरता एवम् डिजिटल साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त भएको हुनेछ
२१. साक्षर र नवसाक्षरहरू सशक्तीकृत हुने र उन्नत जीवनयापन गर्न सघाउ पुग्ने तार्किक विकल्पसहितको सूचना तथा सिपमा पहुँच पुगेको हुनेछ
२२. स्थानीय ज्ञान, सिप र विषयवस्तु एवम् पालिका विशेषका सिकाइ अनुभवहरु विद्यार्थीहरुमा हासिल भइ "हाम्रो नगरपालिका र हामी नागार्जुनबासी" भन्ने भावनात्मक सोच विकास भएको हुनेछ
२३. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्दि भइ सिकाइमा सुधार हुन सहयोग पुग्नेछ
२४. विद्यालयतहमा खेलकुद प्रबर्धनका लागि एक वडा एक खेलकुद शिक्षक अथवा हाम्रो नगर हाम्रो खेल शिक्षकको व्यवस्था र बालबालिकाहरु स्वःउत्प्रेरित भइ प्रतिस्पर्धी वातावरण विकास भएको हुनेछ
२५. सबै बालबालिकाहरुको अन्तर्निहित प्रतिभा प्रदर्शन र पहिचानको अवसर प्राप्त भएको हुनेछ
२६. सिकाइ लस (क्षति)का लागि सिकाइ प्लस (आपूरण) सम्बन्धित वैकल्पिक सिकाइका रणनीति र विधिहरूको उपयोगबाट बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता र बालबालिकाको सिकाइस्तर सुधार भएको हुनेछ
२७. विपद तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुनेछ
२८. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी ज्ञान र सिप सहित सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग वातावरण तयार भएको हुनेछ
२९. चौध ओटा विद्यालयहरूमा पुस्तकालय र प्रयोगशाला सुविधाको विस्तार र सवलीकरण भएको हुनेछ
३०. विद्यालयमा नवीनतम सूचना तथा प्रविधिको पहुँच र अभ्यासको सुविधा प्राप्त भइ सिकाइ उपलब्धिमा अभिवृद्धि भएको हुनेछ र शैक्षिक सुशासन प्रबर्धन भएको हुनेछ

३१. सबै बालबालिकालाई सुरक्षित र उपयुक्त भौतिक संरचना सहितको विद्यालय अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ

३२. विद्यालयमा न्यूनतम आवश्यक भौतिक पूर्वाधार विकास एवम् वाह्य वातावरणमा सुधार भएको हुनेछ

३३. सबै शिक्षण संस्था वा विद्यालयहरूमा सुशासन प्रबर्द्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ

३४. सबै विद्यालयमा निर्धारित मापदण्ड बमोजिममा तहगत र विषयगत शिक्षकको व्यवस्था तथा पेसागत दक्षता अभिवृद्धि र सिकाइ सहजीकरणमा सुधार भएको हुनेछ

३५. " जहाँ विद्यार्थी त्यहाँ शिक्षक एवम् जहाँ विद्यार्थी त्यहाँ स्रोत " को नीति अवलम्वन गरिनेछ

३६. शिक्षकको पेशागत विकास र दक्षता अध्यावधिकताका लागि वडा एवम् नगरस्तरमा शिक्षक सहायता संयन्त्र तयार भएको हुनेछ

३७. संस्थागत सक्षमतामा अभिवृद्धि र शिक्षण जनशक्तिको पेशागत दक्षता र क्षमता विकास भइ विद्यार्थीहरुको सिकाइ उपलब्धिमा क्रमिक सुधार भएको हुनेछ

३८. शिक्षा योजनाको कार्यान्वयनकालागि शिक्षा क्षेत्रका सबै सरोकारवालाहरुको सहभागिता भएको हुनेछ

३९. शिक्षा योजना कार्यान्वयनका लागि प्राविधिक सहायता तथा वित्तिय सहयोग अनुदान प्राप्त भएको हुनेछ

४०. नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली स्थापित भइ योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ

४१. विद्यालय शिक्षाको सवै तह र विषयमा सिकाइ उपलब्धिमा क्रमिक सुधार एवम् वृद्धि भएको हुनेछ

४२. सबै विद्यालयमा सिकारु केन्द्रित र मैत्री, शिक्षकमैत्री र अभिभावकमैत्री वातावरण कायम भइ सम्मानजनक ब्यवहार र समतामूलक सिकाइ संस्कृति विकास भएको हुनेछ

४३. विद्यालय तहको पाठ्यक्रमको प्रयोग एवम् कार्यान्वयन तथा मूल्याङ्कन प्रणालीमा क्रमशः अपेक्षित प्रभावकारिता बिच दैनिक जीवनका लागि न्यूनतम आधारभूत सक्षमतासहित शिष्ट र अनुशासित, सृजनशील र सकारात्मक सोच भएका निरन्तर सिकाइप्रति प्रतिवद्द स्वःउद्यमी एवम् रोजगारउन्मुख नागरिक तयार गर्न विद्यालय मार्ग निर्देशित भएको हुनेछन

### २.२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य (२०८१।८२ देखि २०८५।८६)

| क्र.सं. | कार्यसम्पादन सूचकहरू | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर (%) | ९२ | ९३.३ | ९४ | ९५ | ९९ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर (%) | १०३ | १०२.५ | १०२ | १०१ | १०० |
| १.३ | इसिडी अनुभव लिई कक्षा १मा भर्ना भएका बालबालिका (%) | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० |
| **२** | **आधारभूत शिक्षा** | | | | | |
| २.१ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (%) | १०२.५ | १०२.० | १०१ | १०१ | १०० |
| २.२ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्नादर (%) | ९९.० | ९९.५ | ९९.६ | ९९.७ | १०० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९८ | १.० | १.० | १.० | १.० |
| २.४ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर % | *९३ | | | | १०० |
| २.५ | आधारभूत तह (कक्षा ५) पूरा गर्ने दर % | *८५.८ | | | | १०० |
| २.६ | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (%) | १०६.५ | १०५ | १०४ | १०३ | १०२ |
| २.७ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्नादर (%) | ९५.५ | ९६ | ९७ | ९९ | १०० |
| २.८ | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०४ | १.०४ | १.०५ | १.०६ | १.०७ |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्नादर (%) | १११ | १०५ | १०४ | १०३ | १०१ |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर (%) | ९२.५ | ९६ | ९७ | ९८ | १०० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०० | १.०७ | १.०५ | १.०३ | १.०१ |
| २.१२ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिका | १.०० | १.0 | १.0 | ०.५ | ० |
| २.१३ | आधारभूत तह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिका | ७.५ | ५ | ४ | २ | ० |
| २.१४ | आधारभूत तहमा अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षक % | ६१ | ४२ | ४४ | ४६ | ४८ |
| २.१५ | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ५६.१ | ५८ | ६० | ६३ | ६५ |
| २.१६ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ५७.५६ | ५९ | ६१ | ६४ | ६७ |
| २.१७ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ५) | ५६.१५ | ५९ | ६१ | ६४ | ६७ |
| २.१८ | नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ५३.२९ | ५५ | ५७ | ६२ | ६५ |
| २.१९ | विज्ञान विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ५३.० | ५५ | ५७ | ६१ | ६५ |

| क्र.सं. | कार्यसम्पादन सूचकहरू | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|
| २.२० | गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ४६.५७ | ५० | ५५ | ६० | ६५ |
| २.२१ | अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि (कक्षा ८) | ५४.८८ | ५७ | ५९ | ६१ | ६५ |
| २.२२ | ५ वटै कक्षामा बुक कर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ७८.९४ | ८० | ८५ | ९० | १०० |
| २.२३ | कक्षा ८ सम्मको Survival Rate | ८६.५ | ९० | ९३ | ९६ | १०० |
| २.२४ | आधारभूत तहको कक्षा १ मा भर्ना भइ  कक्षा ८ प्ररा गर्न दर % | *७२.७ | ८० | ८७ | ९४ | १०० |
| **३** | **माध्यमिक शिक्षा** | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (%) | ८५.० | ९४ | ९६ | ९८ | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ७७.० | ८२ | ८५ | ८८ | ९१ |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.१९ | १.१५ | १.१२ | १.०९ | १.०६ |
| ३.४ | माध्यमिक तह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (%) | ५६.९ | ६० | ६५ | ७० | ७५ |
| ३.५ | माध्यमिक तह (कक्षा ११-१२) मा  खुद भर्ना दर (%) | २८.६ | ३५ | ४२ | ४९ | ६० |
| ३.६ | माध्यमिक तह (कक्षा ११-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.२६ | १.२३ | १.२० | १.१७ | १.१४ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (%) | ८० | ८५ | ८८ | ९० | ९५ |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ७२ | ७५ | ७८ | ८० | ८५ |
| ३.९ | माध्यमिक तह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.१३ | १.१२ | १.११ | १.१० | १.०८ |
| ३.१० | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर % | *६०.३ | | | | ७० |
| ३.११ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर % | *२४ | | | | ३५ |
| ३.१२ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक % | १८.३६ | २० | २३ | २५ | २८ |
| ३.१३ | माध्यमिक तह (कक्षा ९-१२) अध्ययनरत विद्यार्थीमध्ये प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी % | ५.९२ | ८ | १० | १५ | २० |
| **४** | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | | | | | |
| ४.१ | साक्षरता  दर (५ वर्षभन्दा माथि) % | ८७.० | ८९ | ९१ | ९४ | ९६ |
| ४.२ | साक्षरता  दर (१५ वर्षभन्दा माथि) % | ८५.० | ८९ | ९१ | ९४ | ९६ |
| ४.३ | साक्षरता  दर (१५ -२४ वर्ष) % | ९७.० | ९८ | ९९ | १०० | १०० |
| ४.४ | साक्षरता  दर (२४वर्षभन्दा माथि) % | ६१.० | ६५ | ७० | ७५ | ८० |
| ४.५ | साक्षरता दरमा लैङ्गिक समता सूचाङ्क (५ वर्षभन्दा माथि) | ०.७ | ०.८ | ०.९ | १ | १ |

| क्र.सं. | कार्यसम्पादन सूचकहरू | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|
| **५** | **विद्यालयमा सूचना तथा सञ्चार प्रविधि** | | | | | |
| ५.१ | विद्युत पुगेका विद्यालय/ सोलार (%) | १००. | १००. | १००. | १००. | १००. |
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (%) | १००. | १००. | १००. | १००. | १००. |
| ५.३ | कम्तिमा एउटा ल्यापटप/कम्प्युटर भएका सामुदायिक विद्यालय (%) | ७८.९४ | ८० | ८५ | ९० | १०० |
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | १:१७.८१ | १:१७ | १:१४ | १:११ | १:०८ |
| ५.५ | कम्तिमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (%) | ६३.० | ७० | ८० | ९० | १०० |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | १:१३३ | १:१२० | १:१०० | १:८० | १:६० |
| ५.७ | सिकाइमा सूचना प्रविधिको प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | २४.१ | ४५ | ६० | ७५ | ९० |
| **६** | **विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (%) | ९४.७३ | १०० | १०० | १०० | १०० |
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%) | ३६.८४ | ५८ | ७२ | ८६ | १०० |
| ६.३ | स्वच्छ पिउने पानीको सुविधा प्राप्त सामुदायिक विद्यालय (%) | ९४.७३ | १०० | १०० | १०० | १०० |
| ६.४ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (%) | ७८.९४ | ८० | ८५ | ९० | १०० |
| ६.५ | अपाङ्गतामैत्री विद्यालय (%) | ३६.९४ | ५८ | ७२ | ८६ | १०० |
| **७** | **सुशासन र व्यवस्थापन** | | | | | |
| ७.१ | आधारभूत तह (कक्षा १-५) को सामुदायिक विद्यालय शिक्षक अनुपात | १:५.६ | १:५.६ | १:५.६ | १:५.७ | १:५.८ |
| ७.२ | आधारभूत तह (कक्षा १-५) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:१८.९७ | १:१९ | १:१९ | १:२० | १:२० |
| ७.३ | आधारभूत तह (कक्षा ६-८) मा सामुदायिक विद्यालय शिक्षक अनुपात | १:४.६ | १:५ | १:५ | १:५ | १:५ |
| ७.४ | आधारभूत तह (कक्षा ६-८) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:२२.८ | १:२५ | १:२८ | १:३० | १:३० |
| ७.५ | आधारभूत तह (कक्षा १-८) मा सामुदायिक विद्यालय शिक्षक अनुपात | १:८.७८ | १:८ | १:८ | १:८ | १:८ |
| ७.६ | आधारभूत तह (कक्षा १-८) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:२०.३४ | १:२२ | १:२४ | १:२६ | १:३० |
| ७.७ | माध्यमिक तह (कक्षा ९-१०) मा सामुदायिक विद्यालय शिक्षक अनुपात | १:४.०८ | १:४ | १:४ | १:५ | १:५ |
| ७.८ | माध्यमिक तह (कक्षा ९-१०) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:१५.८९ | १: २० | १: २५ | १:२९ | १: ३० |
| ७.९ | माध्यमिक तह (कक्षा ९-१२) मा सामुदायिक विद्यालय शिक्षक अनुपात | १: ४.८३ | १: ५ | १: ६ | १: ७ | १: ८ |
| ७.१० | माध्यमिक तह (कक्षा ९-१२) मा सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १: २२.४ | १:३० | १:३० | १:३० | १:३० |
| ७.११ | बालक्लब गठन भएका सामुदायिक विद्यालय (%) | ६८.४२ | १०० | १०० | १०० | १०० |

| क्र.सं. | कार्यसम्पादन सूचकहरू | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|
| ७.१२ | रेडक्रस गठन भएका सामुदायिक विद्यालय (%) | १५.७८ | १०० | १०० | १०० | १०० |
| ७.१३ | स्काउट गठन भएका सामुदायिक विद्यालय (%) | ४७.३६ | १०० | १०० | १०० | १०० |
| ७.१४ | सदन गठन भएका सामुदायिक विद्यालय (%) | ६३.१५ | १०० | १०० | १०० | १०० |
| ७.१५ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (%) | १५.२ | १०० | १०० | १०० | १०० |
| ७.१६ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ५२.६३ | १०० | १०० | १०० | १०० |
| ७.१७ | बाल संरक्षण सम्पर्क बिन्दु भएका सामुदायिक विद्यालय (%) | ७३.६८ | १०० | १०० | १०० | १०० |
| ८ | **शिक्षामा लगानी एवम् स्रोत व्यवस्थापन** | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट % (स्थानीय ) | ३.० | १२.५ | १५.० | १७.५ | २०.० |
| ८.२ | विद्यालय शिक्षा ( कक्षा १-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (बार्षिक रु हजारमा) – आन्तरिक र वाह्य बजेटका आधारमा | ४७ | ६३ | ६४ | ६५ | ६६ |

नोट: स्थानीय स्तरमा उपलब्ध नभएका सूचकहरुलाई राष्ट्रिय सूचकहरुको प्रयोग गर्दा * चिन्हले जनाइएको छ। शिक्षक विद्यार्थी अनुपातका लागि स्वीकृत प्राप्त दरबन्दी र राहत संख्याका आधारमा र प्रति विद्यार्थी कूल विनियोजित खर्चमा कायम गरिएकोछ।

# परिच्छेद : तीन

## ३. विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालमा प्रारम्भिक बालविकास (ECD) कार्यक्रमहरूको पृष्ठभूमि सन् १९९० को दशकबाट सुरु भएको हो। यो अवधिमा नेपाल सरकारले बालबालिकाको समग्र विकासलाई प्राथमिकता दिँदै विभिन्न नीतिहरू अवलम्बन गरेको थियो । प्रारम्भिक बाल्यकालको शिक्षालाई राष्ट्रिय शिक्षा नीति र योजनाहरूमा समावेश गरियो जसमा आधारभूत र प्राथमिक शिक्षा परियोजना (BPEP) 'Education for All' र 'School Sector Development Plan' मुख्य छन्। यी योजनाहरुले बालबालिकाको अधिकार संरक्षण र समग्र विकासको सुनिश्चितता गरी ECD कार्यक्रमहरूको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्यायो।

बालविकास शिक्षाको उद्देश्य बालबालिकाहरूको शारीरिक, मानसिक,सामाजिक र भावनात्मक विकास सुनिश्चित गर्नु हो। यी कार्यक्रमहरूले बालबालिकालाई विद्यालय जाने उमेरमा आवश्यक आधारभूत सिप र ज्ञान प्रदान गर्दछ। बालबालिकाको कुनै एक पक्षमा मात्र कमजोरी हुँदा व्यक्तित्व विकासमा बाधा पुग्न सक्छ। त्यसैले बालबालिकालाई केवल लेखपढ मात्र गराउनुको साटो सबै पक्षको सन्तुलित विकासमा जोड दिन आवश्यक छ । वर्तमान नीतिगत दस्तावेजले चार वर्ष उमेर पुगेका बालबालिकाहरूका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ।

### ३.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा २२ वटा सामुदायिक बालविकास र शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ। जसमा २२ जनाकै संघीय सरकारको अनुदानमा र ५ जना विद्यालयको आन्तरिक स्रोतबाट रहने गरी बालविकास शिक्षकको व्यवस्था गरिएको छ। यस नगरपालिकाभित्र ४ वर्ष उमेर पूरा भएका अर्थात् बालविकास र शिक्षा प्राप्त गर्ने उमेर समूहका बालबालिकाको सङ्ख्या जम्मा १८०६(१.५६) रहेको छ (स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन)। हाल सामुदायिक विद्यालयमा ७५६ जना बालबालिका भर्ना भइ अध्ययन गरिरहेका छन्। यसरी हेर्दा ४ वर्ष उमेर नपुगेका अथवा बढी उमेर समूहका बालबालिकाहरू समेत प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका देखिन्छन। प्रारम्भिक बालविकास केन्द्रको सहजै देखिने भर्नादर १०३ % र खुद भर्नादर ९२ % रहेको छ। बालविकास केन्द्र र बालबालिकाको अनुपात १:३४.३६ रहेको र कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहितको भर्नादर भने ९८ % रहेको छ। प्रारम्भिक बाल विकास केन्द्रमा सामान्यतया ३ वर्ष देखि ६ वर्षसम्मको उमेर समूहका बालबालिकाहरु भर्ना हुने गरेका र कक्षा १ मा अधिकांश बालविकास केन्द्रको अनुभव लिएर जाने गरेको पाइन्छ। प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक अनुपात ०.९० रहेको छ। यस नगरपालिकाभित्र सञ्चालित बालविकास केन्द्रको भौतिक र शैक्षिक अवस्था मिश्रित किसिमको छ। यहाँका सामुदायिक बालविकास केन्द्रमा १०० प्रतिशत महिला शिक्षक हुनुहुन्छ। बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकलाई अभिभावक सचेतना एवम् शिक्षा सम्बन्धी कार्यक्रममा सहभागी हुने अवसर प्रदान गर्न गरिएको छ।

### ३.१.३ अवसर एवम् सबल पक्ष

१. प्रारम्भिक बालविकास केन्द्रहरूमा महिला शिक्षकको नियुक्ति हुनु (१०० प्रतिशत महिला शिक्षक)
२. प्रत्येक विद्यालयमा बालमैत्री कक्षाकोठाको व्यवस्थाका साथै उपयुक्त बसाई व्यवस्थापन भएको
३. बालविकास केन्द्रलाई नर्सरी र के.जी. गरी दुई भागमा विभाजित गरी सिकाइ क्रियाकलाप सञ्चालन भैरहेको
४. संघ संस्थाहरूको सहयोगमा शिक्षक तालिम सिकाइ सामग्री भुइ व्यवस्थापन तथा अन्य सहयोग उपलब्ध भैरहेको
५. बालबालिकाहररुको लागि सिकाइ क्षेत्र सहित खेल सामग्रीको व्यवस्था भएको
६. बालविकास शिक्षकलाई तालिम सहित शैक्षिक भ्रमण गर्ने गरिएको
७. बालविकास अपुग भएको विद्यालयमा नगरपालिकाबाट बालविकास शिक्षकको व्यवस्था गरिएको
८. कार्यपुस्तक (Work Sheet) को व्यवस्था गरिएको

### ३.१.४ समस्या तथा चुनौतीहरू

१. बालबालिकाको पहुँचको आधारमा बालविकास कक्षाहरू स्थापना गर्न नसक्नु
२. बालबालिकाको संख्याको आधारमा बालविकास शिक्षकको व्यवस्था हुन नसक्नु
३. बालविकास र शिक्षाको तोकिएको उमेरभन्दा कम र बढी उमेरका बालबालिका पनि सहभागी हुनुले सिकाइ सहजीकरणमा कठिनाई आउनुका साथै उनीहरूको सर्वाङ्गीण विकासमा समेत असर पर्नु
४. बालविकास कक्षाहरूको मापदण्ड पूरा हुन सकेको छैन अर्थात सबै बालविकास केन्द्रलाई मापदण्ड अनुसार व्यवस्थापन गर्न नसक्नु
५. सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न नसक्नु
६. बालविकास र शिक्षाको उमेर पुगेका सबै बालबालिकालाई बालविकास केन्द्रमा पुऱ्याउन नसकनु
७. तुलनात्मकरूपमा न्यून पारिश्रमिकका कारण त्यहाँ अध्यापनरत शिक्षकलाई उत्प्रेरित गर्न नसक्नु आदि प्रमुख चुनौती रहेको

### ३.१.५ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा पहुँच र गुणस्तर बढाउनु
२. सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु
३. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु
४. सबै बालबालिकामा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकास तथा विद्यालयका लागि तयारी सुनिश्चित गर्नु

### ३.१.६ रणनीति तथा कार्यनीतिहरू

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षामा समतामूलक र समावेशी सहभागिता सहित पहुँच र गुणस्तर बढाउनु | १.प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको बालमैत्री समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गर्ने<br>**२.सबै** बालबालिकालाई सिकाइको समान अवसर प्रदान गर्ने वातावरण निर्माण गर्ने | १. बालविकास कक्षाको हालको स्तर पहिचान सर्वेक्षण गरी हालको अवस्था पत्ता लगाउनेछ<br>२. हालको स्थितिको आधारमा बालविकास कक्षालाई क स्तर ख स्तर र ग स्तर गरी तीन वर्गमा वर्गीकरण गरिनेछ<br>३.न्यूनतमस्तरको विभिन्न वर्ग अनुसार आवश्यक सहयोग गर्न कार्ययोजना बनाइनेछ<br>४.कार्ययोजना अनुसार विभिन्न संस्थाहरूको समेत सहयोग लिई बालविकास कक्षालाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड स्तरमा पुऱ्याइनेछ<br>५.सुरक्षित, आकर्षक र बालमैत्री कक्षाकोठा र खेलकुद क्षेत्रको विकास गरिनेछ<br>६.सबै बालबालिकाको आवश्यकता र विविधतालाई सम्बोधन गर्ने शिक्षण सामग्रीको विकास तथा व्यवस्थापन गरिनेछ<br>७.शिक्षकहरूको नियमित तालिम र व्यावसायिक विकास कार्यक्रम सञ्चालन गरिनेछ<br>८.बालविकास शिक्षाका कक्षाहरूमा डिजिटल शिक्षण सामग्री र उपकरणहरूको उपलब्धता गराइनेछ<br>९.बालविकास तथा शिक्षाका संरचना निर्माण गर्दा सुरक्षित बालबालिका मैत्री,समावेशी, समतामूलक तथा आकर्षण |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | संरचनाको मापदण्ड अनुसार निर्माण र सुधार गरिनेछ<br>१०.गरीब र पिछडिएका समुदायका बालबालिका एवम् विशेष आवश्यकताका बालबालिकालाई आवश्यक सहयोग तथा छात्रवृत्तिको व्यवस्था गरिनेछ<br>११.निजी क्षेत्र र गैह्र-सरकारी संस्थाहरूसँग सहकार्य गरी बालविकास कार्यक्रमहरूको विस्तार र सुदृढीकरण गर्ने<br>१०.प्रारम्भिक बालविकास कार्यक्रमहरूको नियमित अनुगमन गरिनेछ<br>११.बालबालिकाको संख्याको आधारमा थप शिक्षक तथा आया व्यवस्थापन गरी केन्द्रको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउनेछ |
| सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु | १.अभिभावकहरूलाई पूर्व-प्राथमिक शिक्षाको महत्त्व र फाइदाहरूको बारेमा जानकारी दिन अभियान सञ्चालन गर्ने | १.समुदायका नेताहरू समाजसेवीहरू र स्थानीय संघसंस्थाहरूको सहयोगमा पूर्व-प्राथमिक शिक्षाको महत्वको बारेमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरी समुदायका सबै बालबालिकाहरुलाई बालविकास कक्षामा भर्ना गरिनेछ<br>२. सामाजिक सञ्जालको माध्यमबाट जनचेतना बढाइनेछ |
| बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु | २.समुदाय तथा अभिभावकहरूलाई बालविकास शिक्षाको महत्व र अवधारणाको बारेमा बोध गराउने | १.बालविकास तथा शिक्षाका बालबालिकाका आमाबाबु वा अभिभावक तथा समुदायका लागि प्रारम्भिक बालविकास केन्द्रका शिक्षक मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ |

### ३.१.७ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ३.१.७.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ
२. सबै प्रारम्भिक बालविकास केन्द्रहरुले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्

#### ३.१.७.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. ४ वर्ष उमेर समूहका १०० प्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहज पहुँच हुनेछ
२. बालविकास र शिक्षा उमेर समूहका १०० प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ
३. सबै बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा हुनेछ
४. बालविकास र शिक्षाका सबै शिक्षकको क्षमता विकास हुने
५. प्रारम्भिक बालविकास र शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय अन्य गैह्रसरकारी संघ संस्था र विद्यालयहरू जिम्मेवार हुनेछन्
**६.** सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास केन्द्रका सबै बालबालिकाले दिवा खाजासहित स्वास्थ्य तथा पोषण सेवा प्राप्त गरेका हुने

### ३.१.७.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (२०८२।८३ - २०८६।८७) | | | | | | जम्मा बजेट रु ००० | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको लक्ष्य | | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
| १ | प्रारम्भिक बालविकास कक्षा / केन्द्रका लागि दिवा खाजा कार्यक्रम | सबै विद्यार्थी | ७५६ | ७५६ | ७५६ | ७५६ | ७५६ | ३७८० | ९०७२ | पालिका | पि १ |
| २ | प्रारम्भिक बालविकास कक्षा / केन्द्रका सहजकर्ताहरुको पारिश्रमिक | सहजकर्ता | २२ | २२ | २२ | २२ | २२ | ११० | १००१० | पालिका | पि १ |
| ३ | प्रारम्भिक बालविकास कक्षा / केन्द्रको स्तर निर्धारण | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | पि२ |
| ४ | प्रारम्भिक बालविकास नीति तथा मापदण्डको प्रबोधीकरण | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | पि १ |
| ५ | प्रारम्भिक बालविकास कक्षा / केन्द्रको नक्साङ्कन | पटक | १ | ० | ० | ० | ० | १ | १०० | पालिका | पि२ |
| ६ | प्रारम्भिक बाल विकास कक्षा सिकाइ सामग्री विकास तथा व्यवस्थापन | कक्षा | ३ | ४ | ४ | ४ | ४ | १९ | १९०० | पालिका | पि १ |
| ७ | उत्कृष्ट बाल विकास सहजकर्ता प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका | पि२ |
| ८ | एक वडा एक नमुना बालविकास कक्षा / केन्द्र | वडा | २ | २ | २ | २ | २ | १० | १५०० | पालिका | पि २ |
| ९ | अभिभावक शिक्षा कार्यक्रम (विद्यालयस्तर) | अभिभावक | १ | १ | १ | १ | १ | ५ | २५०० | पालिका | पि १ |
| १० | प्रारम्भिक बाल विकास | विद्यालय | ३ | ४ | ४ | ४ | ४ | १९ | ३८०० | विद्यालय | पि१ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (२०८२।८३ - २०८६।८७) | | | | | | जम्मा बजेट रु ००० | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको लक्ष्य | | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
| | कक्षाको सिकाइ क्षेत्र (६ कर्नर ) विकास | | | | | | | | | | |
| ११ | बालविकासका शिक्षकलाई उत्कृष्ट बालविकास कक्षा/ केन्द्रको अवलोकन भ्रमण कार्यक्रम | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ५०० | पालिका | पि२ |
| **जम्मा ( आन्तरिक स्रोत) प्रतिवर्ष बजेट** | | | **५९६६** | **५९६६** | **५९६६** | **५९६६** | **५९६८** | **२९८३२** | **२९८३२** | | |
| १२ | प्रारम्भिक बालविकास कक्षा / केन्द्रका लागि दिवा खाजा कार्यक्रम | सबै विद्यार्थी | ७५६ | ७५६ | ७५६ | ७५६ | ७५६ | ३७८० | १३६०८ | संघ सरकार | पि१ |
| १३ | प्रारम्भिक बालविकास कक्षा / केन्द्रका सहजकर्ताहरुको पारिश्रमिक | सहजकर्ता | २२ | २२ | २२ | २२ | २२ | ११० | १००१० | संघ सरकार | पि १ |
| १४ | प्राम्भिक बाल विकास कक्षाका लागि डिजिटल शिक्षण सिकाइ सामग्री र उपकरणहरूको व्यवस्थापन | कक्षा | ३ | ४ | ४ | ४ | ४ | १९ | १९०० | गैसस /संघीय सरकार | पि२ |
| **जम्मा (वाह्यस्रोत) प्रति वर्ष बजेट** | | | **५१०४** | **५१०४** | **५१०४** | **५१०४** | **५१०२** | **२५५१८** | **२५५१८** | | |
| **जम्मा** | | | **११०७०** | **११०७०** | **११०७०** | **११०७०** | **११०७०** | **५५३५०** | **५५३५०** | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ । सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गुणस्तरीय, जीवनयापन,सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्छ । राजनैतिक दल र नगरपालिकाले आधारभूत शिक्षालाई विशेष जोड दिएकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु नगरपालिकाको दायित्वभित्र पर्छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

यस नगरपालिकाभित्र आधारभूत तह सामुदायिक विद्यालयहरू १९ वटा र ७०वटा निजि क्षेत्रबाट सञ्चालनमा रहेका छन तर निजि स्तरबाट सञ्चालित २ वटा विद्यालयहरुको शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित हुने फ्यास रिपोर्टमा विद्यालय र विद्यार्थी संख्याको रेकर्ड रहेको पाइदैन। सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १-५ मा ५वटा र कक्षा ६-८ मा २ वटा गरी जम्मा ७ वटा विद्यालयहरु रहेका छन। यस तहमा सामुदायिक विद्यालयमा कक्षा १-५ मा २०३० जना विद्यार्थी अध्ययनरत रहेका छन् जसमा छात्रा १००५ र छात्र १०२५ रहेका छन । त्यस्तै कक्षा ६-८ मा १३६८ जना विद्यार्थी अध्ययनरत रहेका छन् जसमा छात्रा ७०० र छात्र ६६८ रहेका छन । शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १:१७.२० र कक्षा ६-८ मा १:२२.८ रहेको छ।

आधारभूत तह (कक्षा १-५) को सहजै देखिने भर्नादर १०२.५% र खुद भर्नादर ९९% रहेको छ भने आधारभूत तह (कक्षा ६-८) को सहजै देखिने भर्नादर १०६.५% र खुद भर्नादर ९५.५% रहेको छ। त्यसै प्रकार आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्नादर १११% र खुद भर्नादर ९२.५% रहेको देखिन्छ। खुद भर्नादर अनुसार अझै कक्षा १- ८ का ७.५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन। आधारभूत तह (कक्षा १-५) मा लैङ्गिक अनुपात ०.९८ रहेको छ भने आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक अनुपात ०.९९ रहेको छ । गत शैक्षिक सत्र २०८० मा विद्यालयहरूले भरेको EMIS को आधारमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रले तयार गरेको शैक्षिक तथ्याङ्कमा कुनै पनि अपाङ्गता सम्बन्धी बालबालिका विद्यालयमा भर्ना भएको देखिदैन तर १४ वर्ष मुनिको अपाङ्गता भएका व्यक्तिहरूको संख्या २९ जना देखिनुले अपाङ्गता भएका बालबालिका विद्यालय बाहिरै रहेको देखिनुले अपाङ्ग बालबालिका लागि अनिवार्य तथा निःशुल्क शिक्षा अन्तर्गत आधारभूत शिक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ। कक्षा १-५ मा कक्षा दोहोऱ्याउने दर, विद्यालय छाड्ने दर र उत्तीर्ण हुने दर क्रमश: ४.२,२.५ र ९३.३ प्रतिशत रहेको छ भने कक्षा ६-८ मा कक्षा दोहोऱ्याउने दर,विद्यालय छाड्ने दर र उत्तीर्ण हुने दर क्रमश: ५.१,३.५ र ९१.४ प्रतिशत रहेको छ।

### ३.२.३ समस्या तथा चुनौतीहरू

१. आधारभूत शिक्षालाई अनिवार्य तथा नि:शुल्क तथा गुणस्तरीय बनाउन प्रयाप्त बजेटको कमी
२. पूर्ण बालमैत्री विद्यालयको लागि चाहिने आवश्यक भौतिक तथा मानविय श्रोत साधनको उपलब्धतामा कमी
३. बसाइसराई तथा डेरागरी विद्यालयमा आउने विद्यार्थीहरूलाई नियमित उपस्थिति गराउन नसक्नु
४. अभिभावकहरूलाई विद्यालयका क्रियाकलापमा सरिक गराउन नसकिनु अर्थात अभिभावकहरूले विद्यालय प्रति कम चासो दिने गरेको
५. सार्वजनिक शिक्षा प्रति अभिभावकलाई आकर्षित गरी विश्वास कायम राख्न नसक्नु
६. अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूको शैक्षिक उपलब्धि तथा अन्य शैक्षिक क्रियाकलापहरू प्रति जिम्मेवार बनाउन नसक्नु
७. नियमितरुपमा अभिभावक शिक्षा प्रदान गर्न नसक्नु

८. शौचालय: विशेष गरेर WASH तथा अपाङ्ग मैत्री शौचालयको कमी
९. हरेक विद्यालयमा प्रयाप्त खेलमैदान नहुनु
१०. नविनतम शिक्षण पद्धतिहरूको विकास हुन नसक्नु
११. अधिकांश विद्यालयमा अहिले पनि परम्परागत शिक्षण पद्धतिको उपयोग हुनु
१२. विद्यालय उमेरका केही बालबालिका विद्यालय भन्दा बाहिरै हुनु
१३. विद्यालय छाड्ने दर र कक्षा दोहोऱ्याउने दर शून्यमा झार्न नसक्नु
१४. अनिवार्य तथा निःशुल्क शिक्षालाई पूर्णरूपमा कार्यान्वियन गर्न नसक्नु
१५. विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु, टिकाउनु र गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्नु

**३.२.४ अवसर एवम् सवल पक्ष**

१६. आधारभूत परीक्षा नगरपालिका स्तरीय सञ्चालन
१७. लगभग सबै विद्यालयमा स्वच्छ खानेपानी, बिजुली तथा इन्टरनेटको उपलब्धता
१८. तालिम प्राप्त शिक्षकको व्यवस्थापन
१९. विद्यालयमा भौतिक पूर्वाधारको उपलब्धता
२०. अभिभावक, विद्यार्थी तथा सामाजिक समूहमा देखिएको बढ्दो आकाङ्क्षा शिक्षा विकासका लागि ठूलो अवसर
२१. गुणस्तरीय शिक्षाका लागि स्रोत परिचालन तथा व्यवस्थापनमा सहयोग गर्नुका साथै विद्यालयको विकासमा समुदायको सहभागिता तथा स्वामित्वले सकारात्मक नतिजा देखिएको

**३.२.५ उद्देश्य**

२२. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई समतामूलक पहुँच सुनिश्चित गरी उक्त तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउनु
२३. प्रारम्भिक कक्षा सिकाइ (१-३) EGL को प्रभावकारी कार्यान्वयनबाट बालबालिकाहरूको पठन क्षमतामा सुधार ल्याउनु
२४. पाठ्यक्रम र प्रविधि समावेशी शिक्षणको (Technology-Integrated Teaching) माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समावेशी मैत्री बनाउनु
२५. विद्यालयमा विद्यार्थीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्नु
२६. सबै बालबालिकहरूले न्यूनतम सिकाइ उपलब्धि सहित आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु
२७. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, भयरहित र सुरक्षित बनाउनु
२८. विद्यार्थीको चाहना अनुरुप कक्षा शिक्षण कार्यमा प्रविधिको प्रयोग गरी सिकाइ दिगो र व्यवहारिक बनाउनु
२९. जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रबर्धन गर्नु
३०. प्रारम्भिक कक्षाहरुका बालबालिकाको आधारभूत साक्षरता तथा गणितीय सिपको सुनिश्चितता गर्नु

**३.२.६ रणनीति तथा कार्यनीतिहरू**

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई समतामूलक पहुँच सुनिश्चित गरी उक्त तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउनु | १.अभिभावक र समुदायलाई शिक्षाको महत्त्वबारे सचेत गराउँदै बालबालिकाहरुलाई विद्यालयमा नियमित पठाउन प्रोत्साहित गरी आफ्ना बालबालिकाहरुको सिकाइमा रुची देखाउन लगाउने | १.आधारभूत तहका बालबालिकाका आमाबाबु वा अभिभावक तथा समुदायका लागि सोही तहका शिक्षक मार्फत अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ<br>२.प्रेरणादायक वक्ताहरूलाई (Motivational Speakers) बोलाएर शिक्षाको महत्त्वबारे अभिभावक र समुदायलाई जागरूक बनाइनेछ<br>३.विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई आमन्त्रित गरिनेछ<br>४.विद्यालयमा भै रहेका राम्रा अभ्यास र सफल |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | प्रयोगहरूको बारेमा अभिभावकहरूलाई जानकारी गराई समुदायमा समेत त्यसको प्रचार प्रसार गरिने व्यवस्था मिलाइनेछ |
| | २.अपाङ्गता भएका बालबालिकाहरूको लागि समावेशी शिक्षा र आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाहरूको लागि छात्रवृत्ति र अन्य सहयोगी कार्यक्रमहरू सञ्चालन गरी आधारभूत शिक्षामा तोकिएका उमेर समूहको पहुँचको सुनिश्चितता गर्ने | १.विद्यालय भवन र कक्षाहरूमा अपाङ्गमैत्री बनाई आवश्यकता अनुसार सहायक सामग्रीको व्यवस्था गरिनेछ<br>२. डिजिटल र इ-लर्निङ सामग्रीहरू व्यवस्थापन गरी सबै बालबालिकाहरूलाई सिकाइ क्रियाकलापमा पहुँच योग्य बनाइनेछ<br>३.समावेशी शिक्षा प्रबर्धनका लागि शिक्षकहरूलाई समावेशी शिक्षण विधिहरूमा तालिम दिइनेछ<br>४. आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति तथा अन्य सहायता उपलब्ध गराइनेछ |
| | ३.विद्यालय र समुदाय बिचमा विश्वासको वातारण सृजना गर्ने | १.विद्यालयका योजनाहरू, नीतिहरू र प्रगति सम्बन्धी जानकारी समुदायलाई समयमै दिने व्यवस्था गरिनेछ<br>२. .पारदर्शिता कायम राख्नका लागि विभिन्न सञ्चार माध्यम (जस्तैः न्यूजलेटर, सामाजिक सञ्जाल, वेबसाइट) को प्रयोग गरिनेछ<br>३.अभिभावकहरूलाई शिक्षा र बालबालिकाको भविष्यबिचको सम्बन्धबारे जानकारी दिइनेछ<br>४.विद्यालयमा नियमित उपस्थित अभिभावक र विद्यार्थीहरूलाई पुरस्कृत अथवा सम्मान गरिनेछ<br>५.PTA मार्फत अभिभावकहरूको सुझाव र प्रतिक्रिया लिने प्रणाली विकास गरिनेछ |
| २. प्रारम्भिक कक्षा सिकाइ (१-३) EGL को प्रभावकारी कार्यान्वयनबाट बालबालिकाहरूको पठन क्षमता सुधार ल्याउने। | १.प्रारम्भिक कक्षा (१-३) सिकाइ (EGL) को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत साधनको व्यवस्था गरी विद्यालय शिक्षक अभिभावक तथा समुदायलाई जिम्मेवार बनाउने<br>२.प्रारम्भिक कक्षा सिकाइ (EGL)को महत्त्वका बारेमा अभिभावक र समुदायलाई सचेत गराई बालबालिकाको पठनमा संलग्नता बढाउने | १.EGL कार्यक्रमको लागि स्पष्ट उद्देश्य र लक्ष्य निर्धारण गरी प्रत्येक कक्षामा हासिल गर्नुपर्ने पठन क्षमता निर्धारण गरी समय समयमा मूल्याङ्कन गरिनेछ<br>२.EGL कार्यक्रमको स्थान, समय र आवश्यक डिजिटल तथा सहयोगी सामग्रीहरूको व्यवस्था गरिनेछ<br>३.प्रारम्भिक कक्षा सिकाइ (EGL)सँग सम्बन्धित शिक्षकहरूलाई तालिम/प्रशिक्षण दिइनेछ<br>४.सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि बहुभाषिक शिक्षण गरी प्रारम्भिक कक्षा पठनलाई प्रभावकारी बनाइनेछ<br>५.प्रारम्भिक कक्षा सिकाइ (EGL)को महत्त्वका बारेमा अभिभावक र समुदायमा व्यक्तिगत भेटघाट, अभिभावक भेला,न्यूजलेटर, सामाजिक सञ्जाल तथा वेबसाइट आदिबाट प्रचार प्रसार गरिनेछ<br>६.बालबालिकाका लागि पढाइ (EGL) उत्सव तथा |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | प्रतियोगिता सञ्चालन गरिनेछ |
| ३. पाठ्यक्रम र प्रविधि समावेशी शिक्षणको (Technology-Integrated Teaching) माध्यमबाट आधारभूत तहको शिक्षालाई गुणस्तरीय र समावेशी मैत्री बनाउनु | १.स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तलाई परिमार्जन गरिने<br>२.कक्षा कोठामा राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाइने बनाई गुणस्तरमा सुधार गरिने | १. विद्यार्थीहरूको शैक्षिक स्तर, रुचि र क्षमता विश्लेषण गर्दै समुदायका सांस्कृतिक, आर्थिक र सामाजिक आवश्यकताहरूको मूल्याङ्कन गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तलाई परिमार्जन गर्दै लगिनेछ<br>२.राष्ट्रिय पाठ्यक्रम, शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिनेछ<br>३.पाठ्यक्रम सम्बन्धी अनुभवि भएका शिक्षकहरूबाट नव प्रवेशी शिक्षकहरूलाई मेन्टोरिङ्ग र कोचिङ्ग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ<br>४. पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ<br>५. विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था गरिनेछ<br>६.शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्याङ्कन गर्ने एवम् सुधारका लागि पृष्ठपोषण दिइ उत्कृष्ठ देखिएका शिक्षकहरूलाई पुरस्कार र सम्मान गरिनेछ |
| | ३.विद्यालयमा नविनतम प्रविधिहरूको स्थापना गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाइने | १.सबै आधारभूत विद्यालयहरूमा डिजिटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रुपमा प्रयोगमा ल्याइनेछ<br>२.डिजिटल प्रविधि साधनहरूको प्रयोगका बारेमा शिक्षकहरूलाई प्रशिक्षण गरी शिक्षण सिकाइमा प्रविधिहरूको प्रयोगमा दक्ष बनाइनेछ |
| ४. विद्यालयमा विद्यार्थीहरूको शारीरिक, मानसिक र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्नु | १.विद्यार्थीहरूको शारीरिक,मानसिक र भावनात्मक सुरक्षालाई सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने | १.विद्यालयमा हुन सक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम, कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयमा एक संयन्त्र स्थापना गरिनेछ |
| | २.विद्यालय सुरक्षा नीति बनाई विद्यार्थीहरूको भावनात्मक, मानसिक र शारीरिक सुरक्षाको सुनिश्चित गर्ने | २.सुरक्षा नीतिको अनुसरण गर्न विद्यार्थी, शिक्षक, समुदाय, अभिभावक तथा विद्यालयलाई जिम्मेवार बनाइनेछ |
| ५. सबै बालबालिकहरूले न्यूनतम सिकाइ उपलब्धि सहित आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु | १.विद्यार्थीहरूको प्रगतिको नियमित मूल्याङ्कन गरी तिनीहरूको कमजोरी पहिचान गरी सुधारात्मक कदम चालिने<br>२.आधारभूत तह उमेरका बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चितताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार | १.विषयगत, कक्षागत, विद्यालयगत र पालिकागत सिकाइ उपलब्धि निर्माण तथा विश्लेषण तथा पृष्ठपोषणका कार्यक्रम सञ्चालन गरिनेछ<br>२.नियमित विद्यालयमा जानै नसक्ने समूहका बालबालिकाका लागि सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणिकरण गर्ने व्यवस्था मिलाउनेछ<br>३.पृष्ठपोषणको आधारमा सुधारका लागि शिक्षक तथा |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | बनाउने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा/ नगर घोषणा गर्दै जाने | विद्यार्थीहरूलाई जिम्मेवार बनाइनेछ<br>४.आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन नियमलाई कडाइका साथ लागु गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा हुदै नगर घोषणा गरिनेछ |
| | ३.विद्यालयहरू बाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्तनात्मक कार्य (InnovativeWork)कोआधारमा प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइने | ५.विद्यालयहरूबाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा नगरपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ<br>६.विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि सम्बन्धीको प्रतिवेदन नगरपालिका पेश गरिनेछ |
| ६.आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, भयरहित र सुरक्षित बनाउनु | १.विद्यालयमा बालमैत्री, सिकाइमैत्री, भयरहित र सुरक्षित सिकाइ वातावरण तयार गर्ने<br><br>२.विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने | १.आधारभूत शिक्षाको सबै पक्षमा समान सहभागिताको अवसर प्रदान गरिनेछ<br>२.विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ |
| ७.विद्यार्थीको चाहना अनुरुप कक्षा शिक्षण कार्यमा प्रविधिको प्रयोग गरी सिकाइ दिगो र व्यवहारिक बनाउनु | १.विद्यार्थीको रुचि अनुसार कक्षा शिक्षणमा प्रविधिको प्रयोगलाई क्रमशः बढाउँदै जाने | १.कक्षा शिक्षण कार्यमा डिजिटल प्रविधिको प्रयोगलाई बढाउने<br>२.आधुनिक प्रविधिका बारेमा शिक्षण मार्फत जोडेर जाने |
| ८. प्रविधि, जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रबर्धन गर्नु | १.आधारभूत शिक्षामा प्रविधि, जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रबर्धन गर्ने | १.आधारभूत शिक्षामा प्रविधि, जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षाको प्रबर्धन गरिनेछ<br>२.स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा मूल्यमा आधारित विषयवस्तु समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ |

### ३.२.७ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ३.२.६.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ
२. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ
३. पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भइ सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने

### ३.२.७.२. नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. उमेर समूहका सतप्रतिशत बालबालिका विद्यालयमा भर्ना भइ आधारभूत तहको शिक्षा पूरा गरेको हुने छन्
२. विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुनेछ
३. बालबालिकाको सिकाइका लागि सरोकारवालाहरूको जवाफदेहिता बढ्नेछ
४. सबै वडाहरू अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा भएको हुने छन्
५. कक्षा १ मा नयाँ भर्ना दर ९८ तथा कक्षा ८सम्म पुग्ने दर ७२.७ प्रतिशत हासिल हुने
६. आधारभूत तह कक्षा १-५को खुद भर्नादर ९९ तथा आधारभूत तह कक्षा १-८को खुद भर्नादर ९२.५ हासिल हुने
७. विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको उपलब्धता,शिक्षक विद्यार्थीको पहुँच तथा शिक्षण सिकाइमा यसको प्रयोगमा विस्तार हुने
८. कक्षा शिक्षणमा आधुनिक प्रविधिको प्रयोगलाई हालको अवस्थाबाट वृद्धि गरी ६० प्रतिशत पुगेको हुने

### ३.२.७.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (२०८२।८३ -२०८६।८७) | | | | | | जम्मा बजेट | जिम्मेवारी | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५वर्षको लक्ष्य | रु 000 | | |
| १ | अभिभावक शिक्षा (विद्यालयस्तर) | जना | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | पि२ |
| २ | कक्षा १- ५का विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम | सबै विद्यार्थी | २०३० | २०३० | २०३० | २०३० | २०३० | १०१५० | २४३६० | पालिका | पि १ |
| ३ | प्रेरणादायक(Motivational Speaker ) वक्ता मार्फत विद्यार्थी तथा अभिभावकका लागि सेमिनार कार्यक्रम सञ्चालन (पालिकास्तर) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | १००० | पालिका | पि१ |
| ४ | आधारभूत तहका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना र निरन्तरताका लागि नीति निर्माण एवम् कार्यान्वयन | पटक | १ | | | | | १ | ५०० | पालिका | पि १ |
| ५ | अभिभावकहरूलाई पुरस्कार तथा सम्मान | अभिभावक | ४ | ४ | ४ | ४ | ४ | २० | १०० | पालिका | पि १ |
| ६ | विविध विधामा विद्यार्थी प्रतिभा प्रदर्शन/ प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | पालिका | पि १ |
| ७ | विद्यालयमा भै रहेका राम्रा अभ्यास र सफल प्रयोगहरूको प्रचार प्रसार | विद्यालय | १९ | ९१ | १९ | १९ | १९ | ९५ | १००० | पालिका | पि २ |
| ८ | उत्कृष्ट शिक्षकलाई पुरस्कार र सम्मान | शिक्षक | ४ | ४ | ४ | ४ | ४ | २० | ५०० | पालिका | पि२ |

| क. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (२०८२।८३ -२०८६।८७) | | | | | | जम्मा बजेट | जिम्मेवारी | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५वर्षको लक्ष्य | रु 000 | | |
| ९ | विषयगत कक्षागत विद्यालयगत र पालिकागत सिकाइ उपलब्धि निर्माण तथा विश्लेषण तथा पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि१ |
| १० | विद्यालयहरूबाट न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्न प्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा अनुदान | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | १७५०० | पालिका | पि१ |
| **जम्मा ( आन्तरिक स्रोत) प्रतिवर्ष बजेट** | | | **९७९२** | **९७९२** | **९७९२** | **९७९२** | **९७९२** | **४८९६०** | **४८९६०** | | |
| ११ | आधारभूत तहका बालबालिका विद्यालय बाहिर नरहेको वडा घोषणा | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | प्रदेश ससर्त | पि २ |
| १२ | EGL कार्यक्रमको स्पष्ट उद्देश्य लक्ष्य र क्षमता निर्धारण तथा निरन्तर मूल्याङ्कन | विद्यालय | **१९** | **१९** | **१९** | **१९** | **१९** | **९५** | २००० | संघ र प्रदेश गैसस तथा पालिका | पि १ |
| १३ | EGL कार्यक्रमको स्थान समय र आवश्यक डिजिटल तथा सहयोगी सामग्रीहरूको व्यवस्था | विद्यालय | **१९** | **१९** | **१९** | **१९** | **१९** | **९५** | २००० | संघ र प्रदेश गैसस तथा पालिका | पि १ |
| १४ | EGLको महत्त्वका बारेमा अभिभावक र समुदायमा प्रचार प्रसार | विद्यालय | **१९** | **१९** | **१९** | **१९** | **१९** | **९५** | ५०० | संघ र प्रदेश गैसस र पालिका | पि १ |

| क. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (२०८२।८३ -२०८६।८७) | | | | | | जम्मा बजेट | जिम्मेवारी | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५वर्षको लक्ष्य | रु 000 | | |
| १५ | बालबालिकाका लागि पढाइ (EGL) उत्सव तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | संघ र प्रदेश गैसस र पालिका | पि१ |
| १६ | कक्षा १- ५का विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम | सबै विद्यार्थी | २०३० | २०३० | २०३० | २०३० | २०३० | १०१५० | ३६५४० | संघीय सरकार | |
| १७ | डिजिटल र इ-लर्निङ सामग्रीहरू व्यवस्थापन | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ५००० | ससर्त संघ.अनुदान तथा प्रदेश | पि२ |
| **जम्मा ( वाह्य स्रोत ) प्रति वर्ष बजेट** | | | **९३५८** | **९३५८** | **९३५८** | **९३५८** | **९३५८** | **४६७९०** | **४६७९०** | | |
| **जम्मा** | | | **१९१५०** | **१९१५०** | **१९१५०** | **१९१५०** | **१९१५०** | **९५७५०** | **९५७५०** | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गरिन्छ । आधारभूत शिक्षा प्राप्त गरिसकेका बालबालिकाका लागि कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । यस तहको शिक्षाले मानवीय मूल्यका साथै भाषा, कला,संस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास गर्ने शिक्षा पनि हो । यस तहको शिक्षाले उच्च शिक्षाका लागि आधार पनि तयार गर्छ । माध्यमिक तहको शिक्षा साधारण धार,संस्कृत धार र प्राविधिक धारको हुने व्यवस्था गरिएको छ ।

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हकका रूपमा व्यवस्था गरेको छ । माध्यमिक तहको शिक्षाका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार जिम्मेवार हुने गरी तीनै सरकारको साझा सूचिमा राखेको छ तर पनि व्यवस्थापनको जिम्मेवारी भने स्थानीय सरकारलाई सुम्पेको अवस्था छ ।

### ३.३.२ वर्तमान अवस्था

यस नगरपालिकामा १२ वटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन् । यस नगरपालिकाको सीतापाइला माध्यमिक विद्यालयमा प्राविधिक धारको कक्षा पनि सञ्चाल रहेको छ । यस नगरपालिकामा ६ वटा विद्यालयहरूमा कक्षा १-१२ सम्मको पठनपाठन हुन्छ । यस नगरपालकाभित्रका सामुदायिक विद्यालयमा १२३३ जना विद्यार्थीले अध्ययन गरिरहेको तर माध्यमिक विद्यालय जाने उमेर समूहको जनसंख्या ३९४४ देखिएकोले उक्त उमेर समूहका सबै बालबालिका विद्यालयमा नरहेको देखिन्छ । यस तहको सहजै देखिने भर्नादर८०% र खुद भर्नादर ७२ % रहेको छ । यस तहको लैङ्गिक अनुपात १: १ रहेको छ ।

यहाँका सामुदायिक विद्यालयमा माध्यमिक तहमा ६३ वटा दरबन्दी रहेको छ । सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ । विषयगत शिक्षकहरू सबै विद्यालयमा पुऱ्याउन सकेको अवस्था छैन ।

तर गत शैक्षिक सत्र २०८० मा विद्यालयहरूले भरेको EMIS को आधारमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रले तयार गरेको शैक्षिक तथ्याङ्कमा कुनै पनि अपाङ्गता सम्बन्धी बालबालिका विद्यालयमा भर्ना भएको देखिदैन । कक्षा ९-१० मा कक्षा दोऱ्याउने दर ७.६ % विद्यालय छाड्ने दर ९.९ % र उत्तीर्ण हुने दर ८२.५% रहेको छ भने कक्षा ११-१२ मा कक्षा दोहोऱ्याउने दर ११.५ % विद्यालय छाड्ने दर १६.५ र उत्तीर्ण हुने दर ७२ % रहेको छ ।

### ३.३.३ समस्या तथा चुनौतीहरू

१. विज्ञान प्रयोगशाला तथा ICT ल्याबको अभावले गर्दा नविनतम शैक्षणिक प्रविधिबाट शिक्षण सिकाइ नहुनु
४. विद्यार्थीहरू नियमित रुपमा विद्यालयमा उपस्थित नहुने
५. शिक्षक तालिमको अभावले गर्दा शिक्षकहरूलाई नयाँ नयाँ शैक्षणिक प्रविधिको बारेमा जानकारी कम हुनु
६. विषयगत शिक्षकको अभावले गर्दा पठन पाठनमा असहजता भइ विद्यार्थीहरूको अपेक्षित शैक्षिक उपलब्धिमा हासिल हुन नसक्नु
७. अभिभावकहरूको आफ्ना बालबालिकाहरूको शैक्षिक उपलब्धिको बारेमा कम चासो दिनु अर्थात विद्यालयहरू सरकारी हुन सबै सरकारले गर्छ भन्ने भावना झन झन विकास हुनु
८. विद्यालयहरूमा अनुगमन तथा निरीक्षण हुन नसक्नु
९. मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठनसँग जोड्न नसक्नु
१०. प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु
११. परम्परागत शिक्षण ढाँचामा अपेक्षाकृत सुधार गर्न नसकिनु

### ३.३.४ अवसर एवम् सवल पक्ष

१. नगरपालिकाका सबै माध्यमिक विद्यालयहरूको भौतिक अवस्था राम्रो रहेको

२. माध्यमिक विद्यालयहरूको आधारभूत विद्यालयहरूसँग राम्रो समन्वयकारी सम्बन्धले गर्दा विद्यालयका गतिविधिहरूबारे जानकारी भइ सुधार गर्नुपर्ने पक्षमा विद्यालयहरू स्वप्रेरित भएका
३. वडा स्तरीय अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन हुने गरेको
४. खेलकुद सम्बन्धी कार्यक्रम जस्तै राष्ट्रपति रनिङसिल्ड समयमै सम्पन्न हुने गरेको

**३.३.५ उद्देश्य**

१. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु
२. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु

**३.३.६ रणनीति तथा कार्यनीतिहरू**

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १.माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइ मैत्री, समावेशी र सुरक्षित बनाउनु | १.सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्न विद्यालयमा निष्पक्ष प्रवेश प्रणाली लागु गरिने | १.विद्यालयमा भर्ना हुन आउने विद्यार्थीहरूमा उनीहरूको लिङ्, जात तथा अपाङ्गता आदिको आधारमा कुनै भेदभाव नगरी विद्यालयमा भर्ना गरिने वातावरण तयार गरिनेछ |
| | २.शिक्षक विद्यार्थी र अभिभावक बिच सकारात्मक र सहयोगी सम्बन्ध निर्माण गरिने | २.विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्न विशेष कार्यक्रम आयोजना गरी अभिभावकहरूलाई आमन्त्रित गरी एक आपसमा विचार आदान प्रदान गरिनेछ<br>३.विद्यालयमा भै रहेका राम्रा अभ्यास र सफल प्रयोगहरूको बारेमा अभिभावकहरूलाई जानकारी गराई समुदायमा समेत त्यसको प्रचार प्रसार (जस्तैः न्यूजलेटर, सामाजिक सञ्जाल, वेबसाइट आदि) गरिने व्यवस्था मिलाईनेछ |
| | ३.विद्यालयका भवन, कक्षाकोठा, शौचालय तथा अन्य भौतिक सुविधाहरू अपाङ्गमैत्री, लैगिङ्क मैत्री, बालमैत्री अनुकूल हुने गरी सुधार तथा निर्माण गरिने | ४.विद्यालयको भवन, कक्षाकोठा, शौचालय तथा अन्य सुविधाहरूलाई अपाङ्गमैत्री, लैगिङ्क मैत्री एवम् बालमैत्री बनाउनका लागि सम्बन्धित विद्यार्थीहरूको समेत सल्लाह लिइ उक्त सुविधाहरूको डिजाइन निर्माण र सुधार गरिनेछ |
| | ४.शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी तथा बालमैत्री शिक्षण विधि तथा क्रियाकलापहरूमा नियमित तालिम दिइने | ५.शिक्षक र विद्यालय कर्मचारीहरूलाई समावेशी क्रियाकलापहरूमा तथा शिक्षकहरूलाई समावेशी शिक्षण विधिहरू, विविधतालाई सम्बोधन गर्ने गरी बालमैत्री तालिम प्रदान गरिनेछ<br>६. खेल समूह कार्य र सहभागितामूलक शिक्षण विधिहरू प्रयोग गरी सिकाइलाई रमाइलो र आकर्षक बनाइनेछ |
| | ५.शारीरिक, मानसिक र भावनात्मक रूपमा सुरक्षित र सहयोगी विद्यालय वातावरण बनाइने | ७. विद्यालयमा हुनसक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई प्रशिक्षित गर्न तालिम कार्यशाला तथा सचेतना जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयमा एक संयन्त्र स्थापना गरिनेछ |
| | ६.गरिब र असमर्थ समुदायहरूका विद्यार्थीहरूको लागि आर्थिक | ८.आर्थिक रुपमा असमर्थ विद्यार्थीहरूलाई वित्तीय सहायता उपलब्ध गराइनेछ |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | अथवा भौतिक सहयोग उपलब्ध गराईने | ९.गरीब र असमर्थ विद्यार्थीहरूलाई विभिन्न संघ संस्थाहरूको समेत सहयोग लिई विविध शैक्षिक सामग्री (कापी, किताब सन्दर्भ सामग्री, कम्प्युटर आदि) र अन्य भौतिक सुविधा प्रदान गरिनेछ<br>१०.विद्यालयमा अभिभावक दिवस, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरूमा विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि शुल्क नलिइ निःशुल्क माध्यमिक शिक्षा प्रदान गरी रहेको भनि स्वघोषणाको कार्यक्रम सञ्चालन गरिनेछ<br>११.निजी क्षेत्र र गैह्रसरकारी संस्थाहरूसँग सहकार्य गरी अतिरिक्त स्रोतहरूको व्यवस्था गरिनेछ<br>१२.निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित निगरानी र मूल्याङ्कन गरिनेछ |
| २. माध्यमिक शिक्षामा बालबालिकाको समतामूलक (Equitable) पहुँच तथा सहभागिता सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु | १.विद्यालयमा लिङ्ग, जात जाति, धर्म, अपाङ्ग विद्यार्थीहरूका लागि समतामूलक (Equitable) पहुँचको लागि समानता (Equity) र सहिष्णुताको वातावरण सुनिश्चित गरिने | १.शैक्षिक रूपमा पछाडि परेका विद्यार्थीहरूलाई अतिरिक्त कक्षा वा ट्युटरिङ सेवा प्रदान गरिनेछ<br>२.विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि आवश्यक सुविधा र सहयोग व्यवस्था गरिनेछ<br>३.छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रमहरू जस्तै प्रोजेक्ट कार्य, कार्यशाला,वादविवाद प्रतियोगिता, अन्य शैक्षिक गतिविधि, सांस्कृतिक प्रदर्शनी, नाटक, नृत्य र संगीत मिश्रित खेल, टोली फिटनेस कार्यक्रम र खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ |
| | २.कक्षा कोठामा पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई सक्षम र दक्ष बनाईने | ४.नयाँ पाठ्यक्रम, शिक्षण विधि र पाठ्यक्रमको विभिन्न पक्षहरूबारे नियमित तालिम सञ्चालन गरिनेछ<br>५.पाठ्यक्रम सम्बन्धी अनुभवि भएका शिक्षकहरूबाट नयाँ शिक्षकहरूलाई मेन्टोरिङ्ग र कोचिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ<br>६.पाठ्यपुस्तक शिक्षक निर्देशिका तथा अन्य सहायक शिक्षण सामग्री उपलब्ध गराइनेछ<br>७.विद्यालयमा पुस्तकालय र विषयगत प्रयोगशालाको व्यवस्था गरिनेछ<br>८. शिक्षकहरूको शिक्षण कार्यको नियमित मूल्याङ्कन एवम् सुधारका लागि पृष्ठपोषण दिने र उत्कृष्ठ देखिएका शिक्षकहरूलाई पुरस्कार र सम्मान गरिनेछ |
| | ३.वर्तमान नविनतम शैक्षणिक प्रविधि र डिजिटल शिक्षण सामग्रीहरूको व्यवस्थापन तथा प्रयोग गरेर शिक्षाको गुणस्तर सुधार गरिने | ९.सबै माध्यमिक विद्यालयहरूमा डिजिटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना गरी शिक्षण सिकाइको प्रमुख अङ्गको रुपमा प्रयोगमा ल्याइनेछ<br>१०.नगरपालिका भित्र एक वटा स्मार्ट विद्यालय स्थापना गरी मूल्याङ्कन प्रणालीलाई समेत अनलाईन गरिनेछ |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ११.विद्यालयहरूमा स्मार्टबोर्ड, कम्प्युटर, द्रुत गतिको इन्टरनेट जस्ता डिजिटल उपकरण तथा सफ्टवेयरहरू स्थापना तथा प्रदान गरिने छन<br>१२.अनलाइन प्लेटफर्ममा पाठ्यक्रम सामग्री, भिडियो लेक्चर र इ-बुकहरू उपलब्ध गराइनेछन<br>१३. शिक्षकहरूलाई डिजिटल शिक्षण विधिहरूमा तालिम दिइनेछ |
| | ४.STEAM Education लाई सिकाइ रणनीतिका रूपमा कार्यान्वयन गरिने | १४. STEAM Education सम्बन्धी शिक्षकहरूलाई तालिम दिई उक्त Education लाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ<br>१५.विशेष गरी STEAM सँग सम्बन्धित विषयहरूमा विषयगत प्रयोगशाला स्थापना गरी प्रयोगशालाहरूलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ<br>१६. STEAM Education सम्बन्धी नगरस्तरीय प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गरिने छ |
| ३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु | १.प्रत्येक विद्यार्थीको क्षमता र आवश्यकताअनुसार व्यक्तिगत शिक्षण योजना (IEP) तयार गर्ने | १.विद्यार्थीको शैक्षिक आवश्यकता, क्षमता र रुचिहरू पहिचान गर्न प्रारम्भिक मूल्याङ्कन गरिनेछ<br>२.शिक्षक र अन्य शिक्षण सहायकहरूको समन्वयमा IEP तयार गरिनेछ<br>३. IEP को प्रभावकारिता सुनिश्चित गर्न नियमित रूपमा समीक्षा गर्ने र आवश्यकतानुसार परिमार्जन गरिनेछ<br>४.विद्यार्थीको विशेष आवश्यकताहरू पूरा गर्न उपयुक्त शैक्षिक साधन र स्रोतहरूको व्यवस्था गरिनेछ |
| | २.विद्यार्थीहरूको प्रगति नियमित रूपमा मूल्याङ्कन गर्ने र तत्काल सुधारात्मक कदमहरू उठाउइने | ५.विषयगत, कक्षागत, विद्यालयगत, पालिकागत सिकाइ उपलब्धि निर्माण तथा विश्लेषण र पृष्ठपोषणका कार्यक्रम सञ्चालन गरिनेछ<br>६.पृष्ठपोषणको आधारमा सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाइनेछ |
| | ३.विद्यालयहरूबाट शैक्षिक गुणस्तर वृद्धिका लागि प्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनकालागि आवश्यक व्यवस्था मिलाइने | ७.विद्यालयहरूबाट शैक्षिक गुणस्तर वृद्धिका गर्न प्रवर्तनात्मक कार्य (Innovative Work) को आधारमा नगरपालिकाबाट प्रस्तावना माग गरी स्वीकृत प्रस्तावना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ<br>८.विद्यालयले स्वीकृत प्रस्तावना अनुसार कार्य भए नभएको विद्यालय व्यवस्थापन समितमा छलफल गरी समितिको निर्णय सहित न्यूनतम सिकाइ उपलब्धि सम्बन्धीको प्रतिवेदन नगरपालिकामा पेश गरिनेछ |

### ३.३.७ उपलब्धि मुख्य नतिजाहरू मुख्य क्रियाकलाप तथा लक्ष्य

### ३.३.७.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ
२. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चत भएको हुनेछ
३. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रुपमा सुधार भएको हुने
४. सबै विद्यार्थीहरुले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने

### ३.३.७.२ प्रमुख नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. कम्तिमा ९५ प्रतिशत विद्यार्थीहरूको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित हुनेछ
२. माध्यमिक तहका सबै विषयको सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि हुनेछ
३. सबै विद्यालयहरूमा आवश्यक न्यूनतम मापदण्ड पूरा हुनेछ
४. पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाहरु विद्युतीय रुपमा उपलव्ध हुनेछ
५. कक्षा ९ -१२ का २३०० छात्राहरुले छात्रवृत्ति पाएका हुनेछन्
५. महिला, दलित, जनजाति, अपाङ्ग र पिछडिएका वर्गका बालबालिकाहरु विद्यालय शिक्षामा आएका हुनेछन्
**६.** माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको उपलब्धता, शिक्षक विद्यार्थीको पहुँच तथा शिक्षण सिकाइमा यसको प्रयोगमा विस्तार हुनेछ
**७.** सबै प्रकारको भय, विभेद, हिंसा र दुर्व्यवहारबाट मुक्त गर्दै बालबालिकालाई बालमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री वातावरणमा शिक्षण सिकाइ सुनिश्चितताको मापदण्ड पूरा गर्ने विद्यालय सङ्ख्यामा वृद्धि हुनेछ

### ३.३.७.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (२०८२।८३ -२०८६।८७) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | | | |
| १ | विविध विधामा विद्यार्थी प्रतिभा प्रदर्शन र राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ७५०० | पालिका | पि १ |
| २ | नि:शुल्क माध्यमिक शिक्षा प्रदान गरी रहेको भनि स्वघोषणा कार्यक्रम | विद्यलाय | १२ | १२ | १२ | १२ | १२ | ६० | ५०० | पालिका | पि २ |
| ३ | शैक्षिक रूपमा पछाडि परेका विद्यार्थीहरूको लागि अतिरिक्त कक्षा | कक्षा | १३ | १३ | १३ | १३ | १३ | ६५ | २००० | पालिका | पि १ |
| ४ | कक्षा ६- १०का विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम | सबै विद्यार्थी | २१५० | २१५० | २१५० | २१५० | २१५० | १०७५० | ६४५०० | पालिका | पि १ |
| ५ | छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० | १००० | पालिका | पि २ |
| ६ | उत्कृष्ठ शिक्षकहरूलाई पुरस्कार र सम्मान | शिक्षक | २ | २ | २ | २ | २ | १० | २५० | पालिका | पि २ |
| ७ | STEAM Education सम्बन्धी पालिका प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि २ |
| ८ | व्यक्तिगत शिक्षण योजना (IEP) तयार तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि १ |
| ९ | शिक्षण सामग्री व्यवस्थापन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० | १००० | पालिका | पि १ |
| १० | विद्यालयमा सदन बालक्लब स्काउट र जुनियर रेडक्रस गठन एवम् व्यवस्थापन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० | २५०० | विद्यालय | पि २ |

| क. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (२०८२।८३ -२०८६।८७) | | | | | | बजेट रु हजारमा | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | | | |
| ११ | सिकाइ उपलब्धि निर्माण विश्लेषण पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि १ |
| १२ | अभिभावक शिक्षा (विद्यालयस्तर) | अभिभावक | १ | १ | १ | १ | १ | ५ | ३००० | पालिका | पि २ |
| १३ | शैक्षिक गुणस्तर वृद्धिका लागि प्रवर्तनात्मक कार्य आधारमा विद्यालयहरूलाई अनुदान | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | ६० | १७५०० | पालिका | पि १ |
| **जम्मा ( आन्तरिक स्रोत ) प्रति वर्ष बजेट** | | | **२०२५०** | **२०२५०** | **२०२५०** | **२०२५०** | **२०२५०** | **१०१२५०** | **१०१२५०** | | |
| १४ | शिक्षकहरूलाई डिजिटल शिक्षण विधिहरूमा तालिम | शिक्षक | २० | २० | २० | २० | २० | १०० | ० | शैक्षिक तालिम केन्द्र | पि २ |
| १५ | STEAM Education सम्बन्धी शिक्षकहरूलाई तालिम | शिक्षक | २० | २० | २० | २० | २० | १०० | ० | सघं प्रदेश सरकार र गैसस | पि २ |
| १६ | STEAM सँग सम्बन्धित विषयगत प्रयोगशाला स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | सघं प्रदेश सरकार र गैसस | पि २ |
| **१७** | विद्यालयहरुलाई डिजिटल शिक्षण सामग्री विकास | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | १००१० | **संघ प्रदेश र गैसस** | पि २ |
| **जम्मा ( वाह्य स्रोत ) प्रति वर्ष बजेट** | | | **२५०२** | **२५०२** | **२५०२** | **२५०२** | **२५०२** | **१२५१०** | **१२५१०** | | |
| **जम्मा** | | | **१८११०** | **१८११०** | **१८११०** | **१८११०** | **१८११०** | **११३७६०** | **११३७६०** | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

शिक्षा विकासको संवाहक मात्र नभइ पूर्वाधार विकासको पनि पूर्वाधार हो। त्यस्तै वर्तमान समयमा विकासको मूल आधार नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो भन्न कठीनाई छैन । रोजगार एवम् स्वरोजगारको मेरुदण्डको रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई लिने गरिएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षाले बालबालिकाहरुमा आत्मनिर्भर र स्वरोजगार वन्न सहयोग गर्छ। बोली खाने शिक्षा भन्दा पनि गरी खाने शिक्षा प्रति अभिभावकको चासो र विद्यार्थीहरुको रुचीलाई सम्बोधन गर्न नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा माध्यमिक तह देखि प्राविधिक धारको रुपमा कक्षा ९ देखि १२ सम्म प्राविधिक तथा व्यावसायिक शिक्षालाई समावेश गरेको छ। उक्त तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत कृषि,पशु,ईन्जिनियरिङ लगायतका प्राविधिक विषयहरुमा अध्ययनको अवसर प्रदान गरिएको छ। “ एक पालिका एक प्राविधिक विद्यालय” को नीतिगत व्यवस्था भए अनुसार शिक्षा तथा मानवश्रोत विकास केन्द्रवाट प्रत्येक वर्षका लागि निश्चित संख्यामा विद्यालयको माग र सम्बन्धित पालिकाको सिफारिसमा उक्त प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रमका लागि तोकिएको मापदण्ड र सूचकका आधारमा विद्यालय छनौट हुने गरेको छ । यद्यपि यस प्रकार शैक्षिक कार्यक्रम लागु हुन पूर्व सिटिईभिटी अन्तर्गत विभिन्न विद्यालयहरुमा अध्ययनको अवसर प्रदान गरिएकोमा सो कार्यक्रम पनि निरन्तररुपमा सञ्चालनमा रहेको छ । कतिपय पालिकाहरुले उक्त कार्यक्रमको सिमितता र फरक विषयमा कक्षा सञ्चालन गर्न सिटिईभिटीबाट सम्बन्धन लिई एनेक्स कार्यक्रमको रुपमा सञ्चालन गरेको पनि पाईन्छ। यस पालिकाका माध्यमिक विद्यालयमा एक वटा इलेक्ट्रिकल ईन्जिनियरिङ प्राविधिक धार तर्फको कार्यक्रम सञ्चालन शैक्षिक सत्र २०७६ देखि सञ्चालनमा रहेको देखिन्छ। यहाँको अभिभावकको चासो र रुची सरकारी अनुदान प्राप्त विद्यालयमा कार्यक्रम सञ्चालनको पहिलो वर्षमा विद्यार्थीहरु इच्छुक भए पनि क्रमशःघट्दो क्रममा विद्यार्थीहरुले अध्ययन गरिरहेका छन्। स:शुल्क सिटिईभिटि कार्यक्रमको विकल्पमा सरकारी अनुदान प्राप्त प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रका लागि एक पालिका एक प्राविधिक विद्यालय भन्ने नीतिगत प्रावधान अनुसारको प्राविधिक शैक्षिक कार्यक्रमप सञ्चालनमा रहेको देखिन्छ। तथापि यस पालिका भित्रका बालबालिकाहरुले आफ्नै घरआँगनमा अध्ययनको अवसर प्राप्त गरेका छन्। यद्यपि यसको महत्व र आवश्यकतालाई सम्बोधन गर्न पालिका प्रयासरत रहेको छ।

### ३.४.२ वर्तमान अवस्था

१. पालिकामा एक वटा प्राविधिक धारको सामुदायिक माध्यमिक विद्यालय सञ्चालन
२. प्रत्येक शैक्षिक सत्र लगभग १२३३ बालबालिकाहरुले माध्यमिक तहमा अध्ययनरत
३. प्राविधिक धार तर्फको अन्य विषय अध्ययन गर्न अन्यत्र जानु पर्ने बाध्यता
४. संघ वा प्रदेश सरकारबाट प्राप्त हुने प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रम सञ्चालनको माग
५. सिटिईभिटी तर्फको कार्यक्रम खर्चिलो वा विद्यार्थीहरुमा शुल्क तिर्न कठिन अर्थात विद्यार्थीहरुवाट नि:शुल्क अध्ययनको माग

### ३.४.३ अवसर र चुनौतीहरु

१. पालिकाका सबै वडाका बालबालिकाका लागि सहज पहुँच भएपनि पढ्नमा चासो नदिनु
२. संघ एवम् प्रदेश सरकारको कोटा अन्तर्गत प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रम सञ्चालन नहुनु
३. सिटिईभिटी तर्फको पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा प्राविधिक धारको शैक्षिक कार्यक्रम नपरेको अवस्था
४. नगरपालिकाको आफ्नो लगानी एवम् अभिभावकको लगानीमा प्राविधिक धार तर्फ शैक्षिक कार्यक्रम सञ्चालन गर्न खर्चिलो
५. नगरपालिका भित्र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या १२३३ जना
६. अभिभावकको अधिक चासो र विद्यार्थीको रुचीलाई सम्बोधन गर्न नसकिएको अवस्था
७. आवासीय सुविधा सहितको अध्ययनको लागि स्रोतको अभाव
८. पढ्दै कमाउदै कार्यक्रम प्रति विद्यालयको चासो र विद्यार्थीहरु ईच्छुक
९. पढ्दै कमाउदै कार्यक्रम प्रति अभिभावक सकारात्मक

### ३.४.४ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक सिप विकासमा पहुँच अभिवृद्धि गर्नु
२. प्राविधिक तथा व्यावसायिक सिप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु
३. प्राविधिक तथा व्यावसायिक सिप विकासका अवसरलाई सान्दर्भिक र गुणस्तरीय वनाउनु
४. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति अभिभावक सचेतना जगाई न्यूनतम लगानीको वातावरण तयार गर्नु
५. पढ्दै कमाउदै कार्यक्रम एवम् विद्यालय आय आर्जन कार्यक्रमको माध्यमबाट विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्नु
६. एक पालिका एक प्राविधिक विद्यालय कार्यक्रम सञ्चालन गर्नु
७. निर्वाहमुखी कृषि उपजलाई व्यावसायिक कृषि उपजमा रुपान्तरण गर्न सबै आ.वि. र मा.वि.मा पढ्दै कमाउदै कार्यक्रमका लागि विद्यार्थी र विद्यालयलाई प्रोत्साहन गर्नु
८. पढ्दै कमाउदै कार्यक्रमबाट विद्यार्थीहरुको घरका कृषि उपजलाई दिवा खाजाका लागि उपयोग गर्नु
९. स्थानीय विज्ञलाई वुक फ्रि डे का लागि आमन्त्रण गरी विद्यालय र विद्यार्थीहरुले रैथाने ज्ञान र सिप हासिल गर्नु
१०. माध्यमिक तह / आधारभूत तह विद्यालयहरुका लागि"एक विद्यालय एक करेसावारी " अभियान सञ्चालन गर्नु
११. आधारभूत कक्षा (१-५) विद्यालयका लागि"एक विद्यालय एक फूलबारी"अभियान सञ्चालन गर्नु

### ३.४.५ रणनीतिहरु

१. स्थानीय तहमा प्राविधिक र व्यावसायिक शिक्षाको अध्ययनको अवसर सिर्जना गर्ने
२. स्वरोजगार एवम् आयआर्जनका केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुन संस्थागत क्षमता वृद्धि गर्ने
३. सिटिईभिटीबाट सञ्चालित स:शुल्क एनेक्स कार्यक्रमको विकल्पमा नि:शुल्क प्राविधिक धार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
४. एक पालिका दुई प्राविधिक विद्यालयको कार्यक्रम कार्यान्वयन गर्ने
५. प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रमको लागि विद्यालयले प्रस्तावना पत्र र पालिकाको सिफारिस सहित माग गर्ने
६. वडास्तरमा लिडर र फिडर विद्यालयको रुपमा कलष्टर बनाई पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने
७. प्रत्येक वडाका विद्यालयहरुमा बुक फ्रि डे कार्यक्रम सञ्चालन गर्ने
८. प्रत्येक वडामा एक विद्यालय एक करेसाबारी अभियान सञ्चालन गर्ने
९. प्रत्येक वडामा एक विद्यालय एक फूलबारी अभियान सञ्चालन गर्ने
१०. पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने
११. विद्यालय आय आर्जन कार्यक्रमका लागि विद्यालयलाई (बिउपूँजी) अनुदान उपलब्ध गर्ने
१२. पढ्दै कमाउदै कार्यक्रमका लागि पालिका भित्रका शिक्षा कृषि / पशु विकास शाखासँग समन्वयमा आमन्त्रित स्थानीय विज्ञ सहित एउटा प्राविधिक सहजीकरण समिति गठन र कार्यक्रम सहजीकरणका लागि परिचालन गर्ने

### ३.४.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ३.४.६.१ उपलब्धिहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. विद्यार्थीहरुमा रोजगारी उद्यमशीलता एवम् स्वरोजगार र जिविकोपार्जनका अवसरमा वृद्धि हुनेछ
२. विद्यार्थीहरुमा गरी खाने शिक्षा सहित जीवनोपयोगी सिप एवम् व्यवहार कुशल सिप हासिल भएको हुनेछ
३. विद्यार्थी एवम् घर परिवारका सदस्यको जीवनस्तरमा सुधार हुनेछ
४. स्थानीय तहमा भएका रैथाने एवम् परम्परागत सिपको पहिचान र प्रमाणिकरण हुनेछ

### ३.४.६.२ नतिजाहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. आफ्नै घर आँगनमा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको अवसर प्राप्त हुनेछ
२. पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीको सिकाइ सामग्रीको खाँचो पूरा हुनेछ
३. पढ्दै कमाउदै कार्यक्रमवाट आम्दानी र खर्चको आधारमा बचत गर्ने बानीको विकास हुनेछ
४. घरपरिवारमा भएको उपजको लागि आफ्नै विद्यालय बजार भइ घरायसी दैनिक समस्याको समाधान हुनेछ
५. प्रत्येक माध्यमिक विद्यालयमा करेसाबारी तयार भएको हुनेछ
६. पढ्दै कमाउदै कार्यक्रमको लागि पालिकास्तरमा एक प्राविधिक सहजीकरण समिति गठन हुनेछ

### ३.४.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पढ्दै कमाउदै कार्यक्रमका लागि एक विद्यालय एक करेसाबारी कार्यक्रम (विद्यालयस्तर) | विद्यालय/ बार्षिक | १३ | १३ | १३ | १३ | १३ | ६५ | १७५० | विद्यालय | पि२ |
| २ | पढ्दै कमाउदै कार्यक्रमका लागि एक विद्यालय एक फूलवारी कार्यक्रम -विद्यालयस्तर | विद्यालय/ बार्षिक | १८ | १८ | १८ | १८ | १८ | ९० | १७५० | विद्यालय | पि२ |
| ३ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनमा सहजीकरण समिति गठन र परिचालन (पालिकास्तर ) | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका | पि२ |
| ४ | स्थानीय विज्ञलाई आमन्त्रित स्रोतव्यक्तिको रुपमा परिचालन | आवश्यता अनुसार | १२ | १२ | १२ | १२ | १२ | ६० | ५०० | सम्बन्धित वडा विद्यालय र अभिभावक | पि२ |
| ५ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनका लागि लिडर विद्यालयको व्यवस्था -वडास्तर | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९५० | सम्बन्धित वडा | पि२ |
| ६ | पढ्दै कमाउदै कार्यक्रमका लागि अनुदान (विद्यालयस्तर) | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ३२५० | पालिका र समुदाय | पि२ |
| ७ | पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम (वडास्तर) | जना / पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र विद्यालय | पि१ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | Book Free Friday Day/ व्यवहार कुशलसिप सिकाइ दिवस अभियान -विद्यालयस्तर | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ३२५० | पालिका र विद्यालय अभिभावक | पि१ |
| जम्मा (आन्तरिक स्रोत: प्रति वर्ष बजेट ) | | | **२४४०** | **२४४०** | **२४४०** | **२४४०** | **२४४०** | **१२२००** | **१२२००** | | |
| ९ | प्राविधिकधार शैक्षिक कार्यक्रम सञ्चालन<br>(इलोक्टिकल इन्जेनियरिङ्ग सञ्चालन शिक्षक पारिश्रमिक ओजेटी र शैक्षिक सामग्री व्यवस्था ) | वटा / विद्यालय | १ | १ | १ | १ | १ | ५ | १००० | ससर्त | पि२ |
| १० | नमुना विद्यालय स्थापना तथा सञ्चालन | वटा / विद्यालय | | १ | १ | १ | १ | ४ | ५००० | ससर्त | पि२ |
| ११ | रैथाने सिप परीक्षण र प्रमाणिकरण कार्यक्रम (पालिकास्तर) | | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त | पि२ |
| **जम्मा (वाह्य स्रोत: प्रति वर्ष बजेट )** | | | **१००** | **१५२५** | **१५२५** | **१५२५** | **१५२५** | **६२००** | **६५००** | | |
| **जम्मा ( आन्तरिक र वाह्य ) प्रतिवर्ष बजेट** | | | **२५४०** | **३९६५** | **३९६५** | **३९६५** | **३९६५** | **१८४००** | **१८७००** | | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ परिचय

सिकाइ औपचारिक र अनौपचारिक माध्यमबाट हुने गर्छ । यो निरन्तर र अविछिन्न चलिरहने प्रकिया हो । सिकाइ जन्मदेखि मृत्युपर्यन्त चलिरहने भएकोले सिकाइबाट व्यक्तिले आफ्नो जीवनकालागि आवश्यक हुने ज्ञान, सिप र अनुभवहरु प्राप्त गरिरहेका हुन्छन । जीवनपर्यन्त एवम् आजीवन सिकाइ नै अनौपचारिक शिक्षा हो । यसको लागि उमेर समयावधिको सीमा रहदैन । आवश्यकताको आधारमा सबै उमेर समूहका व्यक्तिले विभिन्न माध्यमबाट सिक्ने कार्य नै अनौपचारिक शिक्षा हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर रहि आफ्नो जीवनयापन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभव प्राप्त गर्ने प्रकिया नै अनौपचारिक शिक्षा मार्ग हो । औपचारिक शिक्षाको अवसरवाट वञ्चित रहेका समूह र बिचमा कक्षा छाडेका वा तह पूरा नगरेका लक्षित समूहका लागि आफ्नो जीवनयापनका क्रममा आवश्यक पर्ने सूचना ज्ञान, सिप र अनुभव प्राप्त गर्न यो सिकाइ मार्ग उपयुक्त मानिन्छ । हिजो आज यो मार्गबाट सिक्ने कार्यमा सहजताको लागि दुर एवम् खुला सिकाइको अवसरहरु प्रदान गरिएको छ । यो प्रक्रिया मूलत: जीवनोपयोगी सिप एवम् व्यवहार कुशल सिप र आयआर्जन सिपसँग सम्बन्धित रहेको छ । यद्यपि यो सिकाइ विशेषगरी आधारभूत साक्षरता कक्षा, कार्यमूलक साक्षोत्तर कक्षा एवम् स्वरोजगार केन्द्रित ज्ञान र सिपसँग सम्बन्धित छ ।

समयको परिवर्तनसँगै आएका नवीनतम ज्ञान र सिपलाई हासिल गर्न यो सिकाइ प्रकिया औपचारिक शिक्षाको मूल प्रवाहवाट अलग रहेका समूहको लागि महत्वपूर्ण रहेको छ । सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँग परिचित हुन यो प्रकिया उपयुक्त हुन्छ किनभने डिजिटल साक्षरता र स्वरोजगार केन्द्रित सिप अहिलेको अनिवार्य आवश्यकता हो ।

समुदायको आवश्यतालाई तत्काल र क्रमश : सम्बोधन गर्नका लागि संघ सरकार, प्रदेश सरकारले अनौपचारिक शिक्षा कार्यक्रमलाई उच्च प्राथमिकता दिएको देखिदैन । तथापि विगत देखि निरक्षर समूहकालागि साक्षरता कक्षा,नव साक्षर समूहकालागि साक्षोत्तर कक्षा र कार्यमूलक साक्षरता एवम् आयआर्जन केन्द्रित कार्यक्रमहरु निरन्तररुपमा सञ्चालनमा छन् । जुन पर्याप्त छैन । ६ वर्ष देखि १४ वर्ष र १५ वर्ष देखि ६० वर्ष सम्मका निरक्षर / साक्षर बालबालिका, युवा, युवती र प्रौढहरुका लागि क्रमश : अनौपचारिक शिक्षा, विद्यालय साक्षरता कक्षा,साक्षोत्तर कक्षा र आयमूलक एवम् डिजिटल साक्षरता कक्षाहरु सञ्चालन रहेका छन । ती कार्यक्रमहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्न गराउने अगुवा संस्थाको रुपमा लागि "एक वडा एक सामुदायिक केन्द्र" को नीतिगत प्रावधान अनुरुप सामुदायिक सिकाइ केन्द्रको स्थापना भइ सञ्चालन रहेका छन । यद्यपि सबै स्थानीय तह वा पालिकाहरुमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन सकेको छैन । हाल त्यो जिम्मेवारी संघ सरकारले स्थानीय सरकारलाई सुम्पेको छ । सामुदायिक केन्द्रलाई समुदायको लागि आधारभूत ज्ञान, सिप प्रदायक संस्था र सूचना स्रोत केन्द्रको रुपमा स्थापित गर्ने भनिएता पनि सबै सामुदायिक सिकाइ केन्द्रहरु सो भूमिका प्रवाह गर्न सक्षम भएको देखिदैन । यद्यपि केही सामुदायिक केन्द्रहरु,नमुना सिकाइ केन्द्रको रुपमा स्थापित भइ समुदायको साथी संस्थाको रुपमा सञ्चालनमा रहेको देखिन्छ । आजीवन सिकाइ आफैमा अलग विधि होइन यो त समग्र शिक्षा प्राणालीलाई मार्गनिर्देश गर्ने सिद्धान्त हो । बाल शिक्षा देखि माध्यमिक शिक्षा हुदै उच्च शिक्षा सम्मको सिकाइ हासिल गर्ने क्रममा हरेक व्यक्तिलाई आजीवन सिकाइ कसरी गरी रहने भन्ने ज्ञान र सिप प्रदान गर्न जरुरी हुन्छ । त्यसकारण अरितिक अनौपचारिक र औपचारिक सबै माध्यमहरुवाट आजीवन सिकाइको अवसर एवम् अभ्यासलाई सदृढ तुल्याउन आवश्यक छ । मानव जीवनलाई सहज, उन्नत र खुशी तुल्याउनु नै आजीवन सिकाइको मूल ध्येय हो । यसै तथ्यलाई मनन गरेर पालिकाले अनौपचारिक एवम् आजीवन सिकाइ पद्धतिसँग सम्बन्धित कार्यक्रमहरु विद्यालय बाहिर रहेका वा प्रवेश पश्चात बिचमा कक्षा छाडेका बालबालिका र पालिकाबासी निरक्षर एवम् नवसाक्षरलाई उपलब्ध गराउनु अहिलेको आवश्यकता हो जसले पालिकाबासीहरुको जीवनयापनमा थप सहजता ल्याउने कुरा निश्चित छ ।

### ३.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मूलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न र प्रतिस्पर्धी नागरिक तयार पार्ने कार्य निर्धारण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण भएसँगै अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भएसँगै साविकको अनौपचारिक शिक्षा केन्द्रले अगुवाई गरेको अनौपचारिक शिक्षा सम्बन्धी सबै जिम्मेवारी शिक्षा तथा मानवश्रोत विकास केन्द्रको एउटा शाखामा सीमित हुन पुगेको छ । प्रदेश सामाजिक विकास मन्त्रालय र सो अन्तर्गतको शैक्षिक योजना तथा अनुसन्धान शाखा रहेता पनि शाखाको कार्यविवरणमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग विषयले स्थान प्राप्त गरेको छैन । स्थानीय तहमा समेत यस कार्यक्रमले प्राथमिकता प्राप्त नगरेको सन्दर्भमा अबका दिन यसको महत्व र औचित्य बारे स्थानीयस्तरमा स्पष्ट गर्न जरुरी देखिन्छ। सूचना तथा प्रविधिको विकाससँगै विश्व परिवेश र व्यक्तिको जीवनमा आएको परिवर्तन र आवश्यकतालाई सम्बोधन गर्न विपद् जोखिमको अवस्था विद्यमान रहेको सन्दर्भमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको आवश्यकतालाई नागरिकको घरआंगन र टोल वस्ती सम्म निरन्तर सिकाइको अवसर प्रदान गर्न जरुरी छ । हाम्रो जस्तो मुलुक र पालिकाहरुमा साक्षरताको दर शतप्रतिशत पनि छैन । नगरपालिकामा आधारभूत शिक्षा र माध्यमिक शिक्षा प्राप्त गर्ने क्रमश : ९९% र ८५ % रहेको छ । नगरपालिकाका वडाहरु मध्ये ३ वटा वडामा मात्र सामुदायिक सिकाइ केन्द्र रहेको र ७ वटा वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना हुन सकेको छैन जबकि सरकारको नीतिगत प्रावधान एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने छ । यसको अतिरिक्त नगरपालिकामा अनौपचारिक प्रौढ / महिला / शिक्षा विद्यालय एवम् परम्परागत धार्मिक विद्यालय ३ वटा सञ्चालनमा रहेका छन् ।

### ३.५.३ अवसर र चुनौतीहरु

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चितता
२. नगरपालिकाका वडा संख्या १० रहेकोमा ३ वटा मात्र सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन
३. नगरपालिकाको साक्षरता दर ९७% (२०७६ सालको साक्षर नगरपालिका घोषणाको प्रतिवेदन)
४. आधारभूत तहको खुद भर्ना दर ९९% र माध्यमिक तहको खुद भर्ना दर ८५ % ( शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०८०)
५. साधारण साक्षरता कक्षा एवम् डिजिटल साक्षरता कक्षा
६. नवसाक्षरका कार्यमूलक एवम् साक्षोत्तर एवम निरन्तर शिक्षा
७. सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको सवलीकरण र नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना
८. नव साक्षर आमाहरुका लागि आय आर्जन केन्द्रित एवम् स्वरोजगार केन्द्रित सिपमूलक तालिम एवम् सिकाइ
९. पालिका भित्रका रैथाने ज्ञान र सिप एवम् अनुभवी व्यक्तिहरुको पहिचान र परिचालन
१०. पालिका भित्रका रैथाने ज्ञान र सिप एवम् अनुभवी व्यक्तिहरुको स्तरनिर्धारण
११. सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक सूचना एवम् सिकाइ स्रोतकेन्द्रको रुपमा सञ्चालन
१२. तह पूरा नगर्ने र बिचमा कक्षा छाड्ने बालबालिकाहरुको सिकाइ आवश्यताको सम्बोधन
१३. पालिका भित्रका जेष्ठ नागरिकहरुको श्रम र सिपको पहिचान र सम्मान

### ३.५.४ उद्देश्यहरु

१. सबै पालिकाबासीका लागि साक्षरता कक्षा,निरन्तर शिक्षा,आजीवन सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु
२. नयाँ ७ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गर्नु
३. नगरपालिका भित्र रहेका रैथाने ज्ञान, सिप र सिकाइ अनुभवको पहिचान र परिचालन गर्नु
४. तह पूरा नगरेका र बिचमा कक्षा छाडेका बालबालिका पहिचान र विद्यालयमा पुन: भर्ना गराउनु
५. एक पालिका एक नमुना सिकाइ केन्द्र स्थापना गर्नु
६. दिदी वहिनी र आमाहरुलाई स्वरोजगार केन्द्रित ज्ञान र सिप प्रदान गर्नु
७. नवसाक्षरहरुलाई जिविकोपार्जनका गतिविधिहरुमा सहभागितामा वृद्धि गर्नु
८. बालबालिकाको सिकाइका लागि अभिभावकहरुको सचेतनामा सुधार ल्याउनु
९. सामुदायिक सिकाइ केन्द्रलाई वडास्तरमा सूचना केन्द्रको रुपमा विकास गर्नु
१०. निरक्षर पालिकावासीको पहिचान र साक्षरता कक्षा सञ्चालन गर्नु

### ३.५.५ रणनीतिहरु

१. "एक वडा  एक सामुदायिक सिकाइ केन्द्र" अभियान सञ्चालन गर्ने
२. "एक पालिका एक नमुना सामुदायिक सिकाइ केन्द्र" स्थापना गर्ने
३. सामुदायिक सिकाइ  केन्द्रको सवलीकरणका लागि गैह्र सरकारी संस्थासँग समन्वय र सहकार्य गर्ने
४. सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक सूचना केन्द्रको रुपमा विकास गर्ने
५. विद्यालय बाहिर रहेका बालबालिका र कक्षा छाड्ने बालबालिकाको पहिचान र विद्यालय भर्ना प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
६. पालिकाभित्र रहेका निरक्षरहरु पहिचान र उनीहरुका लागि साधरण साक्षरता कक्षा र डिजिटल साक्षरता कक्षा सञ्चालन गर्ने
७. नवसाक्षरहरुका लागि निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने
८. सामुदायिक सिकाइ  केन्द्रलाई आयमूलक एवम् आजीवन सिकाइ केन्द्रको रुपमा विकास गर्ने
९. समुदाय भित्रका जेष्ठनागरिकहरुको श्रम र सिपको पहिचान र  सोको सम्मान वातावरण विकास गर्ने ।

### ३.५.६ उपलब्धि  नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

### ३.५.६.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य  उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. सबै नागरिक एवम् पालिकाबासीमा साक्षरता कक्षा,निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त हुनेछ
२. सबै युवा तथा प्रौढहरु कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुने

### ३.५.६.२ नतिजाहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. पालिकाका  सबै वडामा  सामुदायिक सिकाइ केन्द्र स्थापना भएको हुनेछ
३. विद्यालय बाहिर रहेका वा प्रवेश विहिन बालबालिकाहरुले साक्षरता कक्षाको अवसर प्राप्त गरेका हुनेछन
४. बिचमा कक्षा छाडेका बालबालिकाहरु पुन: विद्यालय भर्ना भएका हुनेछन
५. निरक्षर रहेका पालिकाबासीहरुले साक्षरता कक्षाको माध्यमबाट साक्षर हुनेछन
६. पालिकामा एक  नमुना सामुदायिक सिकाइ केन्द्र स्थापना भएको हुनेछ
७. नव साक्षरहरुमा डिजिटल साक्षरता सम्बन्धी ज्ञान र सिप  उपलब्ध हुनेछ
८. सञ्चालित सामुदायिक सिकाइ केन्द्र सवलीकरण भएको हुनेछ
९. नवसाक्षरहरुले आय आर्जन सम्बन्धी ज्ञान सिप प्राप्त गर्नेछन
१०. सामुदायिक सिकाइ केन्द्र सामुदायिक सूचना केन्द्रको रुपमा स्थापित हुनेछन
११. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि साझेदारीको प्रारुप तयार हुने

### ३.५.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन (वडास्तर ) | वटा | १ | १ | १ | २ | २ | ७ | २१०० | पालिका | पि२ |
| २ | सामुदायिक सिकाइ केन्द्र सवलीकरण कार्यक्रम (वडास्तर) | वटा | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र गैसस | पि२ |
| ३ | निरक्षर व्यक्तिको पहिचान | जना | १ | ० | ० | ० | ० | १ | २०० | पालिका | पि२ |
| ४ | साधारण साक्षरता कक्षा सञ्चालन (समुदायस्तर) | जना | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | २५०० | पालिका | पि२ |
| ५ | लक्षित बालबालिका पहिचान र भर्ना प्रोत्साहन | जना | ३० | ० | ० | ० | ० | ३० | १५० | पालिका | पि१ |
| ६ | नमुना सामुदायिक सिकाइ केन्द्र स्थापना (वडास्तर) | वटा | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि२ |
| ७ | NFE Database एवम् अनौपाचारिक शिक्षा विवरण व्यवस्थापन (पालिकास्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि१ |
| **जम्मा (आन्तरिक स्रोत: प्रति वर्ष बजेट )** | | | **१२९०** | **१२९०** | **१२९०** | **१२९०** | **१२९०** | **१२९०** | **६४५०** | | |
| ८ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन – पुरानो | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | १७५० | संघ ससर्त | पि१ |
| ९ | अनौपचारिक प्रौढ विद्यालय तथा गुम्वा विद्यालय सञ्चालन | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | १७००० | संघ ससर्त | पि२ |
| १० | डिजिटल साक्षरता सञ्चालन (समुदायस्तर) | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | पालिका र ससर्त | पि२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सिपमूलक एवम आय आर्जनमूलक तालिम | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | ससर्त र गैसस | पि२ |
| १२ | स्थानीय तह साक्षर / क्लिन पालिका घोषणा (पालिकास्तर) | पटक | ० | ० | ० | ० | १ | १ | ५०० | पालिका र संघ,प्रदेश | पि२ |
| **जम्मा (वाह्य स्रोत: प्रति वर्ष बजेट )** | | | **४१५०** | **४१५०** | **४१५०** | **४१५०** | **४१५०** | **२०७५०** | **२०७५०** | | |
| **कुल जम्मा ( आन्तरिक र वाह्य ) प्रतिवर्ष बजेट** | | | **५४४०** | **५४४०** | **५४४०** | **५४४०** | **५४४०** | **२७२००** | **२७२००** | | |

# परिच्छेदः चार

## ४. अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रमले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरु,शिक्षण सिकाइ क्रियाकलाप,मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारुप प्रदान गर्दछ । पाठ्यक्रम शिक्षा पद्धतिलाई मार्गनिर्देश गर्ने एक महत्वपूर्ण औजार हो । पाठ्यक्रम विद्यार्थीहरुको सिकाइ आवश्यकताका आधारमा कक्षागत, विषयगत र तहगतरुपमा के सिकाउने ? कति सिकाउने ? कसरी सिकाउने ? किन सिकाउने ? के कति सिक्न सके वा सकेनन्? भन्ने जिज्ञासाहरुलाई सहज र स्वभाविकरुपमा सम्बोधन गर्दै विद्यार्थीहरुमा न्यूनतम सक्षमताहरु हासिल गर्ने गराउने मुख्य आधार सामग्री हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट प्राप्त हुने ज्ञान,सिप र अभिवृद्धि एवम् सिकाइ अनुभवहरुले नागरिकलाई घर,परिवार, समुदाय, प्रदेश, राष्ट्र र विश्व परिवेश अनुकूल आफूलाई समायोजन गर्न स्वरोजगार तथा रोजगारी प्राप्त गर्न पेशा एवम् व्यवसायको छनौट गरी सञ्चालन गर्न आर्थिक र सामाजिक कार्यहरुमा सरिक हुन सहयोग गर्न सक्नुपर्छ । पाठ्यक्रम निश्चित मूल्य र मान्यताका आधारमा विकास र निर्माण गरिने हुनाले सामाजिक मूल्य र मान्यतालाई आत्मसात गर्दै विभेद रहित समतामूलक र समावेशी दृष्टिकोण अनुरुप व्यवहार गर्न एकअर्काको अधिकार र कर्तव्य प्रति सजक र सचेत रहन सिर्जनात्मक र तथ्यपरकढङ्गबाट सोच्न र निर्णय गर्न सक्ने नागरिक तयार गर्न सक्नुपर्छ । पाठ्यक्रम मानविय आवश्यकता सामाजिक संचरना र मूल्य मान्यता बालबालिकाको क्षमता र रुची स्थानीय ज्ञान, सिप र अनुभव सहित विश्व परिवेशमा विकास भएका,सिप र प्रविधि अनुकुल एक गतिशिल र लचिलो एवम् विशिष्ट आवश्यकतालाई सम्बोधन गर्न सक्ने हुन आवश्यक छ ।

परिवर्तित समयमा विशेष गरी औपचारिक शिक्षा पद्धतिमा देशको शैक्षिक दर्शनको कार्यान्वयन गर्ने प्रमुख साधन पाठ्यक्रम हो । यसको माध्यमबाट शिक्षाका राष्ट्रिय (संघ), प्रादेशिक (प्रदेश),स्थानीय र व्यैक्तिक उद्देश्य र चाहानाहरु पूरा गर्ने अपेक्षा गरिन्छ । नेपालमा परम्परागत गुरुकुलमा आधारित शिक्षा, गुम्बा र विहारमा सञ्चालित बौद्ध शिक्षा, मुस्लिम समुदायका लागि सञ्चालित मर्दसा कक्षाहरु,स्थानीय रैथाने ज्ञान र सिपमा आधारित व्यवसायिक शिक्षा सहित प्राविधिक र साधारण धारमा आधारित विद्यालय शिक्षा अन्तर्गत आधारभूत तह कक्षा (१-३), कक्षा (१-५), कक्षा (१-८) र माध्यमिक तह कक्षा (१-१०), कक्षा (१-१२) सम्मका शैक्षिक कार्यक्रमहरु सञ्चालनमा रहेका छन ।

विद्यालय संरचनामा भएको परिवर्तनसँगै हाल प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा आठसम्म आधारभूत शिक्षा र कक्षा ९ देखि कक्षा १२ सम्म माध्यमिक शिक्षा कायम गरिएको छ । यद्यपि देशमा संघीय शासन प्रणालीमा लागु भएपश्चात विद्यालय शिक्षाको संरचनामा परिर्वतन भएको छैन र जुन समय सापेक्ष पुर्नसंरचना हुनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय तह एवम् सरकारलाई प्रदान गरेको छ । संघीय शिक्षा विधेयक विचाराधिन अवस्थामा रहेको र स्थानीय सरकारबाट जारी शिक्षा ऐन र नियमहरुले पूर्णता नपाएको सन्दर्भमा नेपालको संविधान, २०७२ द्धारा निर्दिष्ट शिक्षा सम्बन्धी हक, निर्देशन सिद्धान्त र नीतिहरुको कार्यान्वयन गरी शिक्षालाई समयानुकूल सान्दर्भिक, व्यवहारिक एवम् व्यवसाय र स्वरोजगार एवम् रोजगारमुखी बनाउन सूचना तथा प्रविधिको क्षेत्रमा भएको विकासलाई आत्मसात गरी आवश्यकता अनुसार स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश अनुकूलको शिक्षा प्रदान गर्न र स्थानीय विविधतालाई सम्मान गर्ने शिष्ट, संस्कारयुक्त, चरित्रवान, सिर्जनशिल र समालोचनात्मक चेत भएका लोकतान्त्रिक पद्धति प्रति प्रतिवद्ध नागरिक तयार गर्नका लागि पाठ्यक्रममा क्रमिक सुधार तथा कार्यान्वयन आवश्यक छ ।

### ४.१.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास कक्षा देखि कक्षा १२ सम्मको पाठ्यक्रम विकास नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रको अगुवाईमा हुनेगर्छ । सोही अनुरुप राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ निर्माण भइ २०७७ देखि क्रमश: लागु भइ २०८० सम्ममा सबै कक्षा (१-१२) सम्म कार्यान्वयन भइसकेको छ । नगरपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत

पाठ्यक्रम लागु गरेको छ । त्यस्तै गरी कक्षा १ देखि ८ सम्मका कक्षाहरुमा स्थानीय पाठ्यक्रम विकास गरी लागु गर्ने नीतिगत प्रावधान भए बमोजिम शैक्षिक सत्र २०७९ मा स्थानीय तहबाट स्थानीय पाठ्यक्रम तथा शैक्षिक सत्र २०८० देखि" हाम्रो नागार्जुन (१-८)" निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम (संशोधन सहित) कक्षा (१-३)को पाठ्यघण्टा ५, कक्षा (४-५) र कक्षा (६-८) को पाठ्यघण्टा ४/४, कक्षा (९-१०) मा ऐच्छिक प्रथम र द्धितीयको पाठ्यघण्टा ४/४ र कक्षा (११-१२) मा ऐच्छिक प्रथम द्धितीय र तृतीयको पाठ्यघण्टा ५/५ रहेको छ । कक्षा (१-३) मा शतप्रतिशत आन्तरिक मूल्याङ्कनको प्रावधान राखिएको छ भने कक्षा (४-८) मा आन्तरिक मूल्याङ्कन ५० प्रतिशत र वाह्य मूल्याङ्कन ५० प्रतिशतको प्रावधान राखिएको छ । कक्षा (९-१२) मा आन्तरिक मूल्याङ्कनको लागि २५ प्रतिशत र वाह्य मूल्याङ्कनका लागि ७५ प्रतिशतको प्रावधान राखिएको छ । ३२ कार्यघण्टा बराबर १ पाठ्यघण्टा मानिएको छ । ६० मिनेट वरावरको एक कार्यघण्टा कायम गरिएको छ । शिक्षक र विद्यार्थीहरुको बिच हुने प्रत्यक्ष संवाद वा अतिरिक्त क्रियाकलापलाई पाठ्यघण्टामा गणना हुने प्रावधान राखिएको छ । निर्णयात्मक मूल्याङ्कनको लागि विद्यार्थी उपस्थिति ७५ प्रतिशत कायम गरिएको छ । शैक्षिक सत्रको अन्तमा लिईने परीक्षालाई हेर्दा आधारभूत शिक्षा परीक्षा (कक्षा ८) सम्बन्धित पालिकाबाट, माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) सम्बन्धित प्रदेशवाट र एस. एस. सी. (कक्षा १२) संघबाट गरिने प्रावधान रहेको छ भने अन्य सबै कक्षाको परीक्षा सम्बन्धित विद्यालयले गर्ने प्रावधान रहेको छ । यद्यपि यस पालिकाले कक्षा ८ को परीक्षाफल एवम् नतिजा प्रकाशन पालिकाबाट हुने गरेको छ । उत्तीर्ण हुनका लागि अथवा माथिल्लो कक्षामा भर्नाका लागि आन्तरिक र वाह्यपरीक्षामा न्यूनतम ३५ प्रतिशत प्राप्ताङ्क वा ग्रेडप्वान्ट १.६ कायम गरिएको छ ।

### ४.१.३ अवसर र चुनौतीहरु

१. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक" हाम्रो नागार्जुन (१-८)" निर्माण एवम् कार्यान्वयन
२. स्थानीय पाठ्य सामग्री कक्षा (१-८) विकास
३. एकिकृत पाठ्यक्रम सम्बन्धी क्षमता विकास
४. स्थानीय विषय शिक्षकको लागि अभिमुखीकरण
५. स्थानीय पाठ्यसामग्री कक्षा (१-८) विकास, छपाई र वितरण
६. प्रारम्भिक बाल कक्षा शिक्षकहरु लागि आधारभूत र पुर्नताजगी तालिम
७. स्थानीय विषय शिक्षकको व्यवस्था र अभिमुखीकरण
८. सबै तहगत र विषयगत शिक्षकका लागि नयाँ पाठ्यक्रमको प्रवोधिकरण
९. आधारभूत र माध्यमिक तहका शिक्षकका लागि नवीन विधि र प्रविधि सम्बन्धी तालिम प्रदान
१०. तहगत र विषयगत शिक्षकहरुका लागि शैक्षिक सामग्री संकलन निर्माण र प्रयोग सम्बन्धी क्षमता विकास
११. कक्षा र विषय शिक्षकका लागि आन्तरिक मूल्याङ्कन र वाह्यमूल्याङ्कन सम्बन्धी क्षमता विकास
१२. प्रश्नपत्र निर्माण (Item Writing) एवम् उत्तरपुस्तिका परीक्षण सम्परीक्षण सम्बन्धी क्षमता विकास
१३. कक्षा (६-८) मा स्थानीय विषयको पाठ्यसामग्री विकास, छपाई र विवरण
१४. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा उपयोग र स्थापित
१५. स्थानीय विषयको पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय विज्ञ समूह (रोष्टर) तयार पारी सरोकारवालाको सहभागिता बढाउने

### ४.१.४ उद्देश्यहरु

१. विद्यालयतहका लागि स्वीकृत पाठ्यक्रम २०७६ लाई पूर्णरुपमा लागु गर्नु
२. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक (१-८) विकास र कार्यान्वयन गर्नु
३. स्थानीय पाठ्यसामग्री" हाम्रो नागार्जुनको विशिष्टीकरण तालिका कक्षा (१-८)" को विकास गर्नु
४. तहगत र विषयगत शिक्षकहरुमा नवीनतम शिक्षण विधि र शैक्षिक सामग्रीसँग परिचित हुने अवसर प्रदान गर्नु
५. विद्यार्थी मूल्याङ्कन एवम् प्रश्न पत्र निर्माण र उत्तरपुस्तिका परीक्षण सम्परीक्षण सम्बन्धी क्षमता विकासको अवसर प्रदान गर्नु
६. स्थानीय विषयका शिक्षकहरुलाई स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीसँग परिचित हुने अवसर प्रदान गर्नु

७. कक्षा (१-८) का सबै बालबालिकाहरुमा एक/एक सेट स्थानीय पाठ्यसामग्री उपलब्ध गराउनु
८. स्थानीय विषयको पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय विज्ञ समूह (रोष्टर) तथा सरोकारवालाको सहभागिताको वातावरण तयार गर्नु
९. निर्माणात्मक मूल्याङ्कन प्रणालीको प्रभावकारिताको अभिवृद्धि गर्नु र यसलाई शिक्षण तथा सिकाइसँग आबद्ध गर्नु

**४.१.५ रणनीतिहरु**

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने
२. स्थानीय पाठ्यक्रम कक्षा (१-८) परिमार्जन र पाठ्यसामग्री कक्षा (१-८) विकासका गरी कार्यान्वयन गर्ने
३. सबै तह र विषयका मागमा आधारित तालिम र कार्यशाला सञ्चालन गर्ने
४. नगरपालिकास्तरमा विषयगत र तहगत शिक्षक सिकाइ समूह गठन र परिचालन गर्ने
५. वडास्तरमा लिडर विद्यालय र फिडर विद्यालयको अवधारणालाई लागु गर्ने
६. विद्यालयस्तरमा विद्यार्थी सिकाइ समूह गठन गरी सहपाठी सिकाइ पद्धति लागु गर्ने
७. सिकाइ आपूरण तथा द्रुत सिकाइका लागि उपचारात्मक एवम् वैकल्पिक सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
८. स्थानीय विषय एवम् पाठ्यसामग्रीको नमुना शिक्षणको (Sample Teaching) लागि अनुभवी स्थानीय नागरिक परिचालन गर्ने
९. कक्षा कोठामा शिक्षण सिकाइका लागि सूचना तथा प्रविधि मैत्री वातावरण विकास गर्ने
१०. गृह कार्य र परियोजना कार्यलाई व्यवहार कुशलसिप एवम् जीवन उपयोगी सिपसँग आवद्ध गर्ने
११. अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने
१२. विद्यार्थी मूल्याङ्कन डायरी एवम् शिक्षकको लागि दैनिक कार्यपुस्तिका अनिवार्य गर्ने
१३. कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनलाई अभियानको रुपमा सञ्चालन गर्ने
१४. आन्तरिक मूल्याङ्कन एवम् निरन्तर मूल्याङ्कन पद्धतिलाई अनिवार्य रुपमा लागु गर्ने
१५. कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनका तहगत र विषयगत विज्ञ तथा विद्यालय अनुगमन र सुपरीवेक्षणका लागि जेनरिक समूह परिचालन गर्ने
१६. नगरपालिकास्तरमा विद्यार्थीहरुका लागि प्रतिभा पहिचान प्रतियोगीता एवम कार्यक्रम सञ्चालन गर्ने
१७. अन्तर विद्यालय असल अभ्यास एवम् सिकाइ अनुभव साटासट कार्यक्रम सञ्चालन गर्ने

**४.१.६ उपलब्धि नतिजा र प्रमुख कियाकलाप तथा लक्ष्य**

**४.१.६.१ उपलब्धिहरु**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्
१. शिक्षकहरु उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्रीको छनौट र प्रयोगमा सक्षम भएको हुनेछन्
२. अभिभावकहरु विद्यालय प्रति सकारात्मक र आफ्ना बालबालिका प्रति जिम्मेवार हुनेछन
३. सिकारुहरुको सिकाइ उपलब्धिस्तरमा अपेक्षित सुधार भएको हुनेछ
४. सिकाइ बालबालिकाको जीवनपद्धतिसँग आवद्ध भएको हुनेछ
५. आधारभूत सक्षमता एवम् न्यूनतम ज्ञान र सिप सहित सुझबुझ भएको सिकारु उत्पादन भएको हुनेछ
६. सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीहरुको पहुँच पुगेको हुनेछ

**४.१.६.२ नतिजाहरु**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्
१. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक " कक्षा (१-८)" निर्माण र परिमार्जन भएको हुनेछ
२. स्थानीय पाठ्यसामग्री कक्षा (१-८) विकास र सबै विद्यार्थीहरुमा एक / एक सेट उपलब्ध भएको हुनेछ
३. शिक्षकहरु बिच सिकाइ अनुभव र शिक्षण सिप प्राप्तिको लागि सकारात्मक वातावरण तयार भएको हुनेछ
४. विद्यार्थीहरुमा सिकाइ सहायता सहित साथी सिकाइको वातावरण तयार भएको हुनेछ

५. विद्यालयहरु बिच लिडर र फिडर विद्यालयको रुपमा सम्बन्ध स्थापित भइ एक आपसमा सिकाइ संस्कारको वातावरण कायम भएको हुनेछ
६. विद्यार्थीहरु स्थानीय ज्ञान सिप र अभ्याससँग परिचित भइ प्रयोगको वातावरण विकास भएको हुनेछ
७. राष्ट्रिय पाठ्यक्रम प्रारुप कार्यान्वयनका लागि परिमार्जित पाठ्यक्रम विकास,अभिमुखीकरण र विद्यार्थी मूल्याङ्कन मापदण्ड विकास हुनेछ
८. सूचना प्रविधिमा आधारित पाठ्यसामग्री विकास भइ विद्यार्थीका लागि सहज पहुँच हुने

### ४.१.६.३. प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | बजेट रु ००० | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम " हाम्रो नागार्जुन कक्षा (१-८) " परिमार्जन र विकास तथा कार्यान्वयन | वटा / पटक | १ | ० | ० | ० | ० | १ | २०० | पालिका र विद्यालय | पि १ |
| २ | स्थानीय पाठ्यसामग्री कक्षा (१-८)विकास एवम् निर्माण (पालिका स्तर ) | वटा / सेट | ३ | ० | ० | ० | ० | ३ | ४५० | पालिका र विद्यालय | पि १ |
| ३ | स्थानीय पाठ्यपुस्तक(१-८) छपाई र नि:शुल्क वितरण विद्यालय स्तर) | जना / विद्यालय | १ | १ | १ | १ | १ | ५ | ३५०० | पालिका र विद्यालय | पि१ |
| ४ | शिक्षकको क्षमता विकास कार्यक्रम एवम् पेशागत सहायता (आ.शि र मा.शि) –पालिका स्तर | पटक | १ | १ | १ | १ | १ | ५ | १५०० | पालिका | पि१ |
| ५ | अभिभावक शिक्षा सम्बन्धी प्रशिक्षण कार्यक्रम (पालिका स्तर ) | पटक | १ | १ | १ | १ | १ | ५ | ३००० | पालिका र गैसस | पि२ |
| ६ | शिक्षक सिकाइ समूह गठन र परिचालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | 0 | शिक्षक | पि१ |
| ७ | विद्यार्थी सिकाइ समूह गठन र परिचालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यार्थी | पि१ |
| ८ | विद्यार्थी मनिटरद्धारा कक्षा शिक्षण सिकाइ कार्यको मूल्याङ्कन अभियान (शिक्षक चेकलिष्ट) – विद्यालय स्तर | जना / कक्षा | १ | १ | १ | १ | १ | ५ | 0 | शिक्षक र विद्यार्थी | पि१ |
| ९ | Teacher Reflect Writing एवम् शिक्षक प्रतिविम्वन अभियान कार्यक्रम (विद्यालय स्तर) | जना / कक्षा | १ | १ | १ | १ | १ | ५ | 0 | शिक्षक र विद्यालय | पि१ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | बजेट रु ००० | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यार्थी मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम (आन्तरिक र वाह्य ) | कक्षा / जना | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | पि१ |
| ११ | शिक्षण सिकाइमा आधुनिक विधि र प्रविधिको प्रयोगमा सहजीकरण(विद्यालय स्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यालय | पि१ |
| १२ | स्थानीय शैक्षिक सामग्रीको संकलन निर्माण र प्रयोगका सहजीकरण (विद्यालय स्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यालय र विद्यार्थी | पि१ |
| १३ | निरन्तर वा आन्तरिक विद्यार्थी मूल्याङ्कन र अभिलेख व्यवस्थापन (विद्यालय स्तर ) | जना | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यालय | पि१ |
| १४ | शिक्षण सिकाइको रुपमा गृहकार्य र परियोजना विधि कार्यान्वयन (विद्यालय स्तर) | पटक / साप्ताहिक | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यालय र अभिभावक | पि१ |
| १५ | माध्यम भाषाको रुपमा मातृभाषामा सहजीकरण कार्यक्रम ( विद्यालय स्तर ) | कक्षा | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यालय र समुदाय | पि१ |
| १६ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण (जेनरिक) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका र विद्यालय | पि२ |
| १७ | कक्षा अवलोकन एवम् नमुना पाठ प्रदर्शन तथा पृष्ठपोषण (विषय विज्ञ )- त्रैमासिक | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | पि१ |
| १८ | असल अभ्यास एवम् सिकाइ अनुभव साटासाट कार्यक्रम (पालिका | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | पालिका / गैसस | पि२ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | बजेट रु ००० | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्तर ) | | | | | | | | | | |
| १९ | विद्यार्थीहरुका लागि खेलकुद तथा प्रतिभा पहिचान प्रतियोगिता कार्यक्रम (पालिका स्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | १५०० | पालिका | पि२ |
| २० | सामुदायिक विद्यालयहरुका लागि आवधिक परीक्षा व्यवस्थापन अनुदान (वार्षिक ) | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | १८५०० | पालिका | पि१ |
| **जम्मा ( आन्तरिक स्रोत : प्रति वर्ष बजेट )** | | | **६८३०** | **६८३०** | **६८३०** | **६८३०** | **६८३०** | **३४१५०** | **३४१५०** | | |
| २१ | शिक्षकको क्षमता विकास कार्यक्रम एवम् पेशागत सहायता (आ.शि र मा.शि) | कोटा | १ | १ | १ | १ | १ | ५ | 0 | शैक्षिक तालिम केन्द्र | पि१ |
| २२ | उपचारात्मक शिक्षण एवम् वैकल्पिक शिक्षण सिकाइ सम्बन्धी प्रशिक्षण कार्यक्रम (पालिका स्तर ) - ReAl Plan | पटक / जना | १ | १ | १ | १ | १ | ५ | २००० | ससर्त / पालिका | पि१ |
| **जम्मा ( वाह्य स्रोत : प्रति वर्ष बजेट )** | | | **४००** | **४००** | **४००** | **४००** | **४००** | **२०००** | **२०००** | | |
| **जम्मा (आन्तरिक र वाह्य) प्रतिवर्ष बजेट** | | | **७२३०** | **७२३०** | **७२३०** | **७२३०** | **७२३०** | **३६१५०** | **३६१५०** | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षा सर्वत्र चासोको विषय मात्र नभइ समयको माग पनि हो ।  गुरुस्तर अनुसार गुणस्तर कायम हुने भएकोले गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिकरुपमा दक्ष, पेशाप्रति प्रतिवद्ध,  स्व-उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइ प्रति जवाफदेहि हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तु सम्बन्धी पर्याप्त ज्ञान,शिक्षण सिकाइ सहजीकरण सिप एवम् कक्षा सञ्चालनमा दक्षता र व्यक्तित्व प्रदर्शनले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पर्दछ। बालबालिकाको भावि जीवनलाई निर्देश गर्न र देशको सामाजिक,आर्थिक,सांस्कृतिक तथा मानवीय पूँजीको विकास गर्न शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ। शिक्षकहरु नै परिवर्तनका संवाहक हुने भएकोले सभ्य,सुसंस्कृत र शिक्षित समाज निर्माण र समाज रुपान्तरणमा शिक्षकको योगदानलाई नजर अन्दाज गर्न सकिदैन। गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एक अर्काको पर्याय हुन्। आधारभूत तह देखि माध्यमिक तह सम्मको शिक्षामा योग्य,दक्ष,अभिप्रेरित र चरित्रवान शिक्षकको व्यवस्थापनवाट नै विद्यालय शिक्षाको गुणस्तर सुनिश्चित हुन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक हुन्छ। विद्यालय शिक्षामा समतामूलक पहुँच,गुणस्तर र संस्थागत सक्षमताका लागि आवधिक शिक्षा योजना,परियोजना तथा कार्यक्रमहरुले शिक्षकको व्यवस्थापन र पेशागत क्षमता विकास र दक्षता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

वर्तमान समयमा शिक्षक तयार गर्ने कार्य विश्वविद्यालयहरु र सो अन्तर्गत क्याम्पसहरुबाट भएका छन्। शिक्षक अध्यापन अनुमति पत्रको व्यवस्था र परीक्षा सञ्चालन,शिक्षकको पदपूर्तिका लागि परीक्षा सञ्चालन र नियुक्तिका लागि सिफारिश,बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिको लागि सिफारिश भएका शिक्षकहरुको नियुक्ति सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईबाट भए पश्चात सम्बन्धित पालिकाबाट पदस्थापन हुने गरेको छ। त्यस्तैगरी कुनै कारणवस रिक्त भएका वा हुने पदहरुमा तत्काल अस्थायी/ करार शिक्षक नियुक्त गर्नका लागि विद्यालयहरुलाई अनुमति प्रदान गर्न शिक्षण सहयोग अनुदान तर्फका कोटामा करार नियुक्ति गर्न र शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा सम्बन्धित पालिकाहरुले गर्दै आएका छन। शिक्षकको पेशागत दक्षता र क्षमताका विकासका लागि आवश्यक नीति तथा कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गर्ने र सोको कार्यान्वयनका लागि प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानवश्रोत विकास केन्द्र र शिक्षकको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम कार्यक्रमहरु प्रदेशस्तरका शैक्षिक तालिम केन्द्रहरुले गर्दै आएका छन। यद्यपि न्यून दरबन्दी र शिक्षक अपर्याप्त भइ निजीरुपमा सञ्चालित विद्यालयहरुमा कार्यरत शिक्षकहरुका लागि शिक्षण सिकाइ सहजिकरण सिप सम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न एवम् बालबालिकाहरुको सिकाइ निरन्तरताकालागि नगरपालिकास्तरबाट र स्वयं विद्यालयबाट निजिश्रोतबाट व्यवस्था गरिएका स्वयंसेवक शिक्षक/शिक्षण सहजकर्ता/निजि शिक्षकहरुकालागि छोटो अवधिका अभिमुखिकरण र कार्यशाला नगरपालिकास्तरबाट पनि  हुने गरेका छन।

यद्यपि शिक्षक तयारी कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन सकिएको छैन। शिक्षक तयारीको क्षेत्रमा कार्यरत सरकारका निकायहरु बिच समन्वय र सहकार्य हुन सकेको छैन।  सेवा प्रवेश  एवम्  कार्यरत शिक्षकहरुको प्रकृतिलाई हेर्दा स्थायी, अस्थायी, राहत अनुदान, शिक्षण सहयोग अनुदान, विशेष शिक्षा परिषद अन्तर्गत शिक्षक अनुदान, प्रारम्भिक बाल विकास शिक्षक,प्राविधिक धार अन्तर्गत प्रशिक्षक, निजी र स्वयंसेवक शिक्षक आदि रहेका छन्। ती शिक्षकहरुको सेवा सर्त र सुविधा पनि फरक फरक रहेको छ। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन एवम् सेवा सुविधा पनि सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन। अत: शिक्षा योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने,  शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाईको रुपमा मार्ग प्रशस्त गर्ने, शिक्षण सिकाइ सहजिकरण कार्यलाई थप प्रभावकारी बनाउने, विपद् जोखिम एवम् प्रसुती अवधिमा सिकाइ निरन्तरताको लागि वैकल्पिक जनशक्तिको परिचालन गर्ने,शिक्षकको पेशागत दक्षता अभिवृद्धि र  क्षमता विकासमा विशेष जोड दिने,विद्यार्थीको सिकाइ प्रति थप जवाफदेहि बनाउने,जहाँ विद्यार्थी त्यहाँ शिक्षक नीति अनुरुप शिक्षक व्यवस्थापन गर्ने,शिक्षक सिकाइ समूह एवम् सञ्जाल बनाउने जस्ता कार्यलाई प्राथमिकता दिईनेछ।

### ४.२.२ वर्तमान अवस्था

प्रचलित शिक्षक सेवा नियमावली एवम् शिक्षा ऐन,नियमावली अनुसार दरबन्दी शिक्षक र सरकारी शिक्षकका लागि अध्यापन अनुमति पत्रको अनिवार्यरुपमा लिएको हुनुपर्ने, स्थायी शिक्षकका लागि शिक्षक सेवा आयोगबाट लिईने परीक्षा उत्तीर्ण र सिफारिश भएको हुनुपर्ने, तहगत शिक्षकको वृति विकास एवम् वढुवाको लागि तोकिएको मापदण्ड पूरा गरेको हुनुपर्ने प्रावधान रहेको छ । तुलनात्मकरुपमा चालू दशकमा शिक्षक सेवा आयोगबाट नियमित विज्ञापन परीक्षा र सिफारिस हुने गरेकोले शिक्षण पेशा मर्यादित र आकर्षक भएको,स्थायी प्रक्रियाबाट शिक्षकको पदपूर्ति भएकोले योग्य र दक्ष शिक्षकहरुको पदस्थापन भएकोछ । यद्यपि स्थायी,अस्थायी,करार,राहत अनुदान, शिक्षण सहयोग अनुदान,स्वयंसेवक शिक्षक र सहजकर्ता,शिक्षण सहजकर्ता आदि विविध प्रकारका शिक्षकहरु सामुदायिक विद्यालयमा कार्यरत रहेको र सेवा शर्त र सुविधामा एकरुपता नभएको भन्ने गुनासो आउने गरेको छ ।

यस नगरपालिका भित्र  प्रारम्भिक बाल विकास कक्षा मात्र सञ्चालन भएका विद्यालय १९वटा, कक्षा (१-५) सञ्चालन भएका विद्यालय ५ वटा, कक्षा (१-८) सञ्चालन भएका विद्यालय २ वटा, कक्षा (१-१०) सञ्चालन भएका विद्यालय ६ वटा  र कक्षा (१-१२) सञ्चालन भएका विद्यालय ६ वटा समेत गरी जम्मा १९ वटा सामुदायिक विद्यालयहरु रहेका छन । साथै निजि लगानीमा सञ्चालन रहेका संस्थागत विद्यालय ७० वटा रहेका छन । संघीय सरकारबाट स्वीकृत दरबन्दी एवम् राहत अनुदान अन्तर्गत बाल विकास सहजकर्ता एवम् शिक्षक २२ जना  जम्मा तहगत शिक्षक २३४ जना  (प्राथमिक तह  १११जना, निम्न माध्यमिक तह ६० जना, माध्यमिक तह ४९ जना  तथा उमाविमा ६ जना र प्राविधिक धार तर्फ ८ जना)  र संघ एवम् प्रदेश सरकारबाट प्राप्त शिक्षण सहयोग अनुदान शिक्षक ४ जना  (माध्यमिक  तह ४ जना)  रहेका छन ।  यसरी संघीय अनुदान प्राप्त  शिक्षण जनशक्ति बाल विकास सहजकर्ता २२ जना, तहगत शिक्षक संख्या २३४ जना  र शिक्षण सहयोग अनुदान ४ जना समेत जम्मा २६० जना जनशक्तिहरु सामुदायिक विद्यालयमा सेवारत रहेको देखिन्छ ।

यस नगरपालिकाको आन्तरिक स्रोत तर्फ कराररुपमा कार्यत शिक्षण जनशक्ति ८ जना (आधारभूत तहका शिक्षक ७ जना र माध्यमिक तह आई टि शिक्षक १ जना ) रहेका छन् । यसरी संघीय अनुदान र नगरपालिका स्रोतमा कार्यरत  स्थायी, अस्थायी, करार,शिक्षण जनशक्ति  संख्या २६८ जना रहेका छन् । त्यस्तैगरी विद्यालयमा कार्यरत लेखा सहायक १२ जना र विद्यालय सहयोगी १९ जना समेत जम्मा ३१ जना कार्यरत कर्मचारी जनशक्ति रहेका छन । यसरी शिक्षण जनशक्ति र कर्मचारी गरी जम्मा २९९ जना कार्यरत रहेको देखिन्छ ।

पेशा प्रति प्रतिबद्ध दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार ल्याउन सकिन्छ । यसका लागि शिक्षकहरुको पेशागत दक्षता र क्षमता विकासका अवसरहरु उपलब्ध अनिवार्य हुन्छन । नवीन विधि र प्रविधि, विद्यार्थी मूल्याङ्कन र  सिकाइ सहायता, खोज र अनुसन्धान, शिक्षण सिकाइ सामग्री र सूचना तथा प्रविधिसँग सुपरिचित भइ कक्षाकोठा भित्र गरिने अभ्यासको माध्यमबाट शिक्षक स्वंय अपडेट हुनका लागि शिक्षक तालिम,कार्यशाला,सेमीनार,वेविनार,क्रियात्मक अनुसन्धान,शिक्षक सिकाइ सूमह वा सञ्जाल गठन र परिचालन अवलोकन भ्रमण,असल अभ्यास एवम् सिकाइ अनुभव विनिमय,मेन्टरिङ आदिबाट पेशागत विकास संभव छ । शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार ल्याउनका तयार गरिएका सामग्रीहरु (अफलाईन र अनलाईन) संस्थागत वेवपेजवाट संम्प्रेषित भएका छन् । यसको अतिरिक्त सम्बन्धित स्थानीय तह एवम् नगरपालिकाबाट शिक्षकहरुको पेशागत दक्षता एवम् क्षमता विकासका लागि आवश्यक अवसर प्रदान गरिएका पनि छन् ।

यस सन्दर्भमा नगरपालिकाले सबै तहगत र विषयगत शिक्षकहरुको पेशागत दक्षता र क्षमता विकासको लागि पेशागत विकास तथा उत्प्रेणात्मक कार्यक्रम,पाठ्यक्रम प्रवोधिकरण,परीक्षा प्रश्न निर्माण कार्यशाला र सूचना तथा प्रविधि सम्बन्धी क्षमता विकास तालिम र  बाल विकास कक्षा शिक्षकका लागि आधारभूत तालिम र कक्षा (१-३) मा अध्यापन गर्ने शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम र मूल्याङ्कन पद्धति सम्बन्धी तालिमको सञ्चालन गरे पश्चात शिक्षकहरुमा थप हौसला र प्रेरणा प्राप्त भएको महसुस गरिएको छ । यद्यपि शिक्षकहरुको माग बमोजिम थप तालिम कार्यक्रम सञ्चालन गरी सिकाइ अवसर प्रदान गर्न आवश्यक छ । तथापि बागमती प्रदेश शिक्षा तालिम केन्द्रबाट कोटा पद्धतिमा सञ्चालन भएका विद्यालय व्यवस्थापन र शिक्षकका पेशागत क्षमता अभिवृद्धिका कार्यक्रमले सबै शिक्षकलाई समेट्न सकेको छैन र लामो समय पर्खनु पर्ने अवस्था विद्यमान रहेको छ ।

### ४.२.३ अवसर र चुनौतीहरु

१. स्थायी,रिक्त, तहगत र विषयगत शिक्षकहरुको विज्ञापन, परीक्षा र नियुक्तिको लागि सिफारिस गर्ने कार्य शिक्षक सेवा आयोगबाट गरिने प्रावधान
२. रिक्त पदका लागि स्थायी नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरुको नियुक्ति सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइबाट हुने प्रावधान
३. सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति प्राप्त गरेका तहगत र विषयगत शिक्षकहरुको पदस्थापन सम्बन्धित नगरपालिकाबाट हुने प्रावधान
४. नगरपालिका भित्र कार्यरत स्थायी शिक्षकहरुको सरुवा / अवकाश / राजीनामा भए पश्चात रिक्त हुने पदमा पुन: पदपूर्तिका लागि सम्बन्धित नगरपालिकाले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा जानकारी गराउने प्रावधान
५. दरबन्दी अस्थायी / राहत / करार र शिक्षक सहयोग अनुदानका रिक्त पदका लागि सम्बन्धित नगरपालिकाले सम्बन्धित विद्यालयको माग अनुसार शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा करार नियुक्तिको लागि सहमति एवम् अनुमति दिने प्रावधान
६. नगरपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुमा (Serving Class & Student ) सञ्चालित कक्षा र अध्ययनरत विद्यार्थी संख्याको आधारमा आफ्नो नगरपालिका भित्रका विद्यालयहरुमा शिक्षक समायोजन एवम् व्यवस्थापन (काज सरुवा वा सरुवा पदस्थापन ) गर्ने प्रावधान र अभ्यास
७. शिक्षण पेशालाई सम्मानित र रोजाईको पेशाको रुपमा स्थापित गर्न
८. शिक्षकको पेशागत दक्षता र क्षमता विकासको लागि सुदृढ संयन्त्र विकास गर्न
९. शिक्षकको पेशागत सहयोग र सहायताको लागि विज्ञ सहितको रोष्टर समूह निर्माण र परिचालन गर्न
१०. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध र कार्यान्वयन गर्न
११. पाठ्यक्रमले निर्धारित गरेका सिकाइ उपलब्धिको सुनिश्चित एवम् न्यूनतम सक्षमताहरु हासिल गर्न
१२. शिक्षण सिकाइ सहजिकरण एवम् क्रियाकलाप बालमैत्री र विद्यार्थी केन्द्रित बनाउन एवम् शिक्षण सिकाइ क्रियाकलापमा विविधिता ल्याउन
१३. विद्यालय समायोजन (मर्च / स्थगन, डाउनसाईजिङ र एकीकरण ) र शिक्षक व्यवस्थापन गर्न
१४. " जहाँ विद्यार्थी त्यहाँ शिक्षक" नीति लागु गर्न अथवा नगरपालिकामा उपलब्ध तहगत शिक्षकहरुलाई औचित्यपूर्ण र समानुपातिक रुपमा वितरण गर्न
१५. शिक्षण सिकाइ सामग्रीको छनौट र प्रभावकारीरुपमा प्रयोग गर्न
१६. आधारभूत र माध्यमिक तहका लागि विषय शिक्षकहरुको व्यवस्थापन गर्न
१७. "एक विद्यालय एक प्रारम्भिक बालविकास शिक्षक " व्यवस्था गर्न
१८. सूचना तथा प्रविधिसम्बन्धी ज्ञान र सिप कक्षाकोठा सिकाइ कार्यमा उपयोग गर्न
१९. सेवा निवृत्त शिक्षकहरुको सम्मान र सिकाइ अनुभवको उपयोग गर्ने वातावरण तयार गर्न

### ४.२.४ उद्देश्यहरु

१. तहगत,कक्षागत तथा विषयगतरुपमा शिक्षकको व्यवस्थापन गर्नु
२. शिक्षक तालिम,शिक्षक सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन गर्नु
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु
४. जहाँ विद्यार्थी त्यहाँ शिक्षक अनुसार शिक्षक व्यवस्थापनका लागि संस्थागत पद्धति विकास गर्नु
५. विषय विज्ञ शिक्षकहरुको रोष्टर समूहद्धारा कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनको अवसर प्रदान गर्नु
६. सबै तहमा योग्य, सक्षम तथा दक्ष शिक्षकहरुलाई आकर्षित गर्न र टिकाइराख्न गुणस्तरीय शिक्षक शिक्षा,तालिम तथा विकासका कार्यक्रमहरुको अभिवृद्धि गर्नु
७. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलगायत प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरुमा सुधार गर्नु

### ४.२.५ रणनीतिहरु

१. शिक्षकहरुको वितरण Serving Class & Serving Student को आधारमा गर्ने
२. विषय विज्ञ शिक्षकहरुको रोष्टर समूह गठन, कक्षा अवलोकन र नमुना पाठ प्रदर्शन लागि परिचालन गर्ने
३. जहाँ विद्यार्थी त्यहाँ शिक्षक अनुसार शिक्षक व्यवस्थापनका लागि संस्थागत पद्धति लागु गर्ने
४. तहगत र विषयगतरुपमा योग्यता प्रणालीमा सूचीकृत गरी सिफारिस गर्ने गरी नगरपालिकास्तरमा एक शिक्षक बैङ्क स्थापना गर्ने
५. शिक्षक सेवा आयोगबाट अस्थायी योग्यता सूचीमा सूचीकृत रहेका सम्बन्धित अन्तर्गतका तहगत र विषयगत शिक्षकहरुलाई अस्थायी करार नियुक्तिको लागि उच्च प्राथमिकता प्रदान गर्ने
६. प्रसुती वा सुत्केरी बिदामा रहेको अवधिमा शिक्षण सिकाइ निरन्तरताको लागि शिक्षण सहजकर्ताको व्यवस्थापन गर्ने
७. न्यूनतम संख्या र विषयगत शिक्षक नभएको विद्यालयकालागि पालिकास्तरबाट स्वयंसेवक शिक्षककालागि व्यवस्थापन गर्ने
८. नव प्रवेशी एवम् कार्यरत शिक्षकहरुको पेशागत दक्षता,क्षमता विकासका लागि नवीनतम विधि र प्रविधि सम्बन्धी तालिमको सञ्चालन गर्ने
९. शिक्षकको उपस्थिति,शिक्षकले कक्षा कोठामा बिताउने समय र कार्यसम्पादन सुधार योजना अनिवार्यरुपमा लागु गर्ने
१०. शिक्षक तथा प्र. अ. को वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेहि हुने पद्धतिको विकास गर्ने
११. प्र. अ. र शिक्षकहरुका लागि कार्यसम्पादन करार सम्झौताको नीति अवलम्वन लागु गर्ने
१२. अवकाश प्राप्त स्थानीय जनशक्ति एवम् पूर्व विद्यार्थीहरु र रैथाने ज्ञान सिप र अनुभव प्राप्त स्थानीय व्यक्तिहरुलाई आमन्त्रित स्रोतव्यक्तिको रुपमा परिचालन गर्ने
१३. तहगत र विषयगत शिक्षकहरुका लागि सिकाइ उपलब्धि प्रक्षेपण र कार्यान्वयनको नीति अवलम्वन गर्ने
१४. दीर्घसेवा पश्चात अनिवार्य अवकाश प्राप्त शिक्षक एवम् कर्मचारीहरुलाई सम्मान कार्यक्रम सञ्चालन गर्ने
१५. नगरपालिकास्तरमा शिक्षकको पेशागत विकास र क्षमता अभिवृद्धिका लागि शिक्षक सहायता पद्धति ( Teacher Support System / Mechanism ) स्थापित गर्ने
१६. नगरपालिका,अन्तर नगरपालिकाका असल अभ्यास र सिकाइ अनुभवको अवसर प्रदान गर्ने
१७. विद्यालय/नगरपालिकास्तरबाट नियुक्ति हुने अस्थायी /करार शिक्षक र शिक्षण सहजकर्ताको छनौट कार्यलाई विश्वसनीय र सुदृढ बनाउने
१८. शिक्षक सेवा आयोगबाट सिफारिस र तोकिएको अधिकारीबाट स्थायी नियुक्ति प्राप्त शिक्षकलाई प्रचलित तोकिएको मापदण्ड अनुसार शिक्षक पदस्थापन गर्ने
१९. " एक विद्यालय एक प्रारम्भिक बाल विकास शिक्षक " कायम गर्ने
२०. समसामयिक र नवीन शिक्षण विधि,प्रविधि तथा डिजिटल सामग्रीसँग परिचित गराउनु र कक्षा शिक्षणमा प्रयोगको वातावरण तयार गर्ने

### ४.२.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.२.६.१.उपलब्धिहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. नगरपालिकास्तरमा शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुनेछ
२. प्रशिक्षित सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा अपेक्षित सुधार हुनेछ
३. सञ्चालित कक्षा संख्या र अध्ययनरत विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान भइ शिक्षक व्यवस्थापन भएको हुनेछ
४. प्रभावकारी शिक्षण सिकाइ सहजिकरणका कारण विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा वृद्धि भएको हुनेछ

५. नव प्रवेशी र कार्यरत शिक्षकहरुको पेशागत दक्षता र क्षमता अभिवृद्धिका लागि नगरपालिकास्तरमा शिक्षक सहायता पद्धतिको विकास र सहायता संस्कृति स्थापित भएको हुनेछ

६. प्र. अ. र शिक्षकहरुमा कार्यसम्पादन करार सम्झौता भइ कार्यसम्पादनस्तरमा सुधार भएको हुनेछ

### ४.२.६.२ नतिजाहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. सबै विद्यालयहरुमा न्यूनतम संख्यामा शिक्षकहरुको पदपूर्ति भएको हुनेछ

२. शिक्षकहरुलाई निरन्तर पेशागत विकासका अवसरहरु प्राप्त भएको हुनेछ

३. नगरपालिकास्तरमा तहगत,विषय शिक्षक एवम् विज्ञहरु रोष्टर समूह गठन, शिक्षकहरुको कक्षा अवलोकन र नमुना पाठ प्रदर्शनका लागि परिचालित गरिनेछ

४. प्रसुती अवधिमा सिकाइ निरन्तरताको शिक्षण सहजकर्ताको व्यवस्था भएको हुनेछ

५. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान भएको हुनेछ

६. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा कार्यान्वयन हुनेछ

### ४.२.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | अनुमानित बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालकक्षा शिक्षकका लागि प्रोत्साहन अनुदान | जना | २२ | २२ | २२ | २२ | २२ | ११० | १००१० | १३ महिना रु ७००० | पि१ |
| २ | विद्यालय सहयोगी कर्मचारीका लागि प्रोत्साहन अनुदान | जना | १९ | १९ | १९ | १९ | १९ | ९५ | ८६४५ | १३ महिना रु ७००० | पि१ |
| ३ | लेखा सहायक कर्मचारीका लागि प्रोत्साहन अनुदान | जना | १२ | १२ | १२ | १२ | १२ | ६० | ५४६० | १३ महिना रु ७००० | पि१ |
| ४ | प्राथमिक तह आई टि शिक्षक अनुदान | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | १८२०० | १३ महिना रु ३५००० | पि१ |
| ५ | शिक्षकका लागि पेशागत दक्षता र क्षमता विकास तालिम (आवि र मावि तह ) | विद्यालय | १ | १ | १ | १ | १ | १० | ३५०० | बार्षिक प्रति जना रु ५००० | पि२ |
| ६ | शिक्षकले कक्षा कोठामा बिताउने समयसुधार योजना TST-IP | निरन्तर | - | - | - | - | - | - | ० | ३५ विद्यालय | पि१ |
| ७ | असल अभ्यास एवम् सिकाइ अनुभव विनिमय कार्यक्रम (आ वि र मा वि तह - वडास्तर) | पटक | २ | २ | २ | २ | २ | १० | ० | बार्षिक | पि१ |
| ८ | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम (दुबैतह)-पालिकास्तर | जना | १० | १० | १० | १० | १० | ५० | ५०० | बार्षिक प्रति जना रु १०००० | पि३ |
| ९ | प्रसुती अवधिका लागि शिक्षण सहजर्कता परिचालन(३ महिना) | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | १२७५ | आ वि तह रु १७००० | पि२ |
| १० | प्रसुती अवधिका लागि शिक्षण सहजर्कता परिचालन (३ महिना ) | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | १५०० | मा वि तह रु २०००० | पि२ |

| क्र सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | अनुमानित बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय अनुगमन र सुपरीवेक्षण-पालिका स्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | जेनरिक | पि१ |
| १२ | कक्षा अवलोकन र नमुना कक्षा प्रदर्शन र पृष्ठपोषण पालिकास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | विषयगत | पि१ |
| १३ | शिक्षक बैङ्क<br>( आ वि र मा वि) | पटक | २ | २ | २ | २ | २ | १० | १००० | पालिका | पि२ |
| १४ | शिक्षक काज एवम् सरुवा (आन्तरिक ) | पटक | १ | १ | १ | १ | १ | ५ | ० | पालिका | |
| १५ | अन्तरपालिका वा जिल्ला शिक्षक सरुवा सहमति कार्यान्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ० | अन्तर पालिका | पि२ |
| १६ | स्थानीय विज्ञसँग बालबालिका कार्यक्रम (विद्यालयस्तर ) | पटक / त्रैमासिक | १ | १ | १ | १ | १ | ५ | ० | स्वयंसेवक सेवा मासिक | पि२ |
| १७ | पालिकास्तरमा प्र अ बैठक | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | ८७५ | १७५० | त्रैमासिक | पि२ |
| १८ | बालबालिकासँग प्रमुख र उपप्रमुख कार्यक्रम<br>(पालिकास्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | बार्षिक माध्यमिक तह | पि३ |
| १९ | बालबालिकासँग स्थानीय नेतृत्व जनप्रतिनिधि कार्यक्रम (वडास्तर ) | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ७५० | बार्षिक आधारभूत तह | पि३ |
| २० | शिक्षा सरोकारवालाको लागि शैक्षिक सम्मेलन (विद्यालय प्र.अ.शिक्षक र विव्यस अध्यक्ष र शिअसंघ) | पटक | १ | १ | १ | १ | १ | ५ | ७१० | पालिका स्तर | पि१ |
| २१ | मापदण्ड कार्यविधि एवम् अनुगमन | पटक | १ | | | | | १ | ५०० | पालिका स्तर | पि१ |

| क्र सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | अनुमानित बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | साधनको विकास | | | | | | | | | | |
| **जम्माआन्तरिक स्रोत: प्रति वर्ष बजेट** | | | **११०६०** | **११०६०** | **११०६०** | **११०६०** | **११०६०** | **५५३००** | **५५३००** | | |
| **२२** | उत्कृष्ट विद्यालय अनुदान(आवि र मावि) | विद्यालय | २ | २ | २ | २ | २ | १० | २५०० | ससर्त | पि१ |
| **२३** | प्रारम्भिक बाल विकास शिक्षक र विद्यालय कर्मचारीको लागि पारिश्रमिक अनुदान | जना | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० | ३७००० | ससर्त संघ | पि१ |
| **२४** | आधारभूत तहका स्थायी राहत र अन्य शिक्षक प्रशिक्षकको तलव भत्ता र पोशाक अनुदान | जना | १६७ | १६७ | १६७ | १६७ | १६७ | ८३५ | ५०२५०० | ससर्त संघ | पि१ |
| **२५** | माध्यमिक तहका स्थायी राहत र अन्य शिक्षक प्रशिक्षक शिक्षकको तलव भत्ता र पोशाक अनुदान | जना | ६३ | ६३ | ६३ | ६३ | ६३ | ३१५ | २२०५०० | ससर्त संघ | पि१ |
| **२६** | उत्कृष्ट विद्यालय एवम् मेघा विद्यालय (एक पालिका एक विग स्कूल ) क्रमागत | पटक | १ | १ | १ | १ | १ | ५ | १३६०० | ससर्त संघ र प्रदेश | पि २ |
| **जम्मा (वाह्य स्रोत: प्रति वर्ष बजेट )** | | | **१५५२२०** | **१५५२२०** | **१५५२२०** | **१५५२२०** | **१५५२२०** | **७७६१००** | **७७६१००** | | |
| **जम्मा (आन्तरिक र वाह्य) प्रतिवर्ष बजेट** | | | **१६६२८०** | **१६६२८०** | **१६६२८०** | **१६६२८०** | **१६६२८०** | **८३१४००** | **८३१४००** | | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

नागार्जुन नगरपालिका सामाजिक–सांस्कृतिक रुपमा विविधता भएको नगरपालिका हो । यहाँ विभिन्न भाषिक,सांस्कृतिक तथा जातीय समुदायहरुको बसोबास छ । यही विविधताले नेपाली समाजको पहिचान तथा सामर्थ्यलाई प्रतिनिधित्व गर्छ । जातिगत तथा भाषिक कारणले विद्यालय शिक्षाको पहुँच, सहभागिता र सिकाइमा असर परेको देखिन्छ । शैक्षिक समता र समावेशीकरणले शिक्षा प्रणालीमा समान अवसर र सबैको सहभागिता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ । शैक्षिक समता समाजका सबै वर्ग,लिङ्ग,जाति र आर्थिक अवस्थाका व्यक्तिहरूलाई शिक्षा प्राप्त गर्न समान अवसर प्रदान गर्नु हो । यसले सबैलाई शिक्षा प्राप्तिको हक प्रदान गर्दै न्यायोचित समाज निर्माणमा योगदान पुऱ्याउँछ । समावेशीकरण भनेको शैक्षिक प्रणालीमा सबै विद्यार्थीहरूको सक्रिय सहभागिता,तिनीहरूको आवश्यकता र क्षमतालाई ध्यानमा राखेर शिक्षा प्रणालीको विकास गर्नु हो । त्यसैगरी बालबालिकाहरूको शारीरिक,मानसिक,आर्थिक र सामाजिक विविधतालाई सम्मान गर्दै सबैलाई समान रूपमा शिक्षा प्रदान गर्ने प्रयास गर्दछ ।

शैक्षिक समता र समावेशीकरणले विद्यार्थीहरूको क्षमता विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । उनीहरूको सामाजिक र आर्थिक विकासको मार्ग प्रशस्त गर्छ । यसले समाजमा असमानता,विभेद र अन्यायको अन्त्य गर्न मद्दत गर्छ । समावेशी शिक्षा प्रणालीले सबै बालबालिका,विशेष गरी विकलांग, गरीब र ग्रामीण क्षेत्रका बालबालिकालाई समान अवसर प्रदान गर्दै उनीहरूको पूर्ण विकासमा सहयोग पुऱ्याउँछ ।

यसरी शैक्षिक समता र समावेशीकरणले केवल व्यक्तिको जीवन सुधार्छ तर समग्र समाजको आर्थिक,सामाजिक र सांस्कृतिक विकासमा पनि महत्वपूर्ण भूमिका खेल्छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका एवम् आर्थिक रुपले विपन्न नागरिकले कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिबृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र नीति, २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका,छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको छ । तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नुपर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकासको लक्ष्य नं (४) ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छ । उदाहरणका लागि दिवा खाजा,पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा,आपाङ्गता भएका बालबालिकाहरूलाई छात्रवृत्ति, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैह्र आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको व्यवस्था,समावेशी व्यवस्था अनुसार पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक,धार्मिक,जातीय र संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

लक्षित समूह महिला,दलित,जनजाति,लोपोन्मुख समुदाय,कठिन भौगोलिक अवस्थामा रहेका,जोखिममा परेका,आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु, सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच पुऱ्याउन,अपाङ्गता भएका,कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्नु,विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री,भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु,पाठ्यक्रम,पाठ्यसामग्री,शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता,समता तथा समावेशिता अभिबृद्धि गर्नु, विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउनु जस्ता कार्यहरू अवसर चुनौती दुबै छन।

शैक्षिक समता र समावेशीकरणका दृष्टिले विश्लेषण गर्दा यस नगरपालिकाका बालबालिकाहरूको अवस्था सकारात्मक नै छ। अटिजम भएका बालबालिकाहरुका लागि स्रोतकक्षाको व्यवस्था गर्नको लागि पूर्वाधारको काम भइरहेको छ । त्यसैगरी आर्थिक,विपन्नता र अपाङ्गताका कारणले कुनै पनि बालबालिकाहरू विद्यालय बाहिर नरहुन भन्ने अवधारणालाई आत्मसाथ गरिएको छ।

**४.३.३ उद्देश्य**

शैक्षिक समता र समावेशीकरण विषय क्षेत्रअन्तरगत देहायका उद्देश्य रहेका छन् :

१. जोखिममा रहेका,विपन्न वर्ग,अपाङ्गता भएका, द्वन्द्वबाट प्रभावित,जनजाति, दलित,महिला र आर्थिक रूपमा कमजोर वर्गलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु
२. समता र समावेशीकरणका सिद्धान्तअनुसार गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु
३. लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्दै शिक्षाको गुणस्तर सुनिश्चित गर्नु
४. विद्यालयमा कुनै प्रकारको विभेद,दुर्व्यवहार मुक्त वातावरण सुनिश्चित गर्नु
५. विविधता,समता एंव समावेशी मूल्य,मान्यतामा आधारित भइ विद्यालय शिक्षा प्रणालीलाई सुदृढ गरी गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्नु

**४.३.४ रणनीतिहरू**

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार,हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री,भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने
३. अपाङ्गता भएका र अन्य लक्षित समूहका बालबालिकाकालागि समतामूलक कार्यक्रम मार्फत पहुँचको सुनिश्चितता गर्ने
४. दिवा खाजा,छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने
५. कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने
६. भाषाका कारणले सिकाइमा समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने
७. चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकालाई आवश्कताअनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने
८. आवश्यकताअनुसार केही विद्यालयमा स्रोतकक्षाको व्यवस्था गर्ने
९. विद्यालयमा बालमैत्रीपन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने

**४.३.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**४.३.५.१.उपलब्धि**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चति भइ सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ
२. विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरु घटेको हुनेछ

**४.३.५.२. नतिजा**

१ नगरपालिकाभित्रका दलित,जनजाति,अपाङ्गता भएका बालबालिका, द्वन्द्व प्रभावित,सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुनेछ

२ विद्यालयहरूमा बालमैत्री वातावरणसहित सिकाइमा सुधार भएको हुनेछ

३ विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना हुनेछ

४ पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि भइ समता सूचकहरुमा सुधार हुने

### ४.३.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८२।८३ - २०८६।८७ ) | | | | | | बजेट रु 000 | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | | | |
| १ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि १ |
| २ | छात्रा र छात्रहरूको समान सहभागिता सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | ६४१ | पालिका | पि २ |
| ३ | भेदभाव र दुर्व्यवहार विरुद्ध सचेतना जस्ता कार्यक्रम | विद्यलाय | ७ | ७ | ७ | ७ | ७ | ३५ | ६४१ | पालिका | पि२ |
| ४ | आवश्यकता अनुसार भाषा नीतिको विकास र मातृभाषामा शिक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ४०० | पालिका | पि १ |
| ५ | विद्यालयको बालमैत्रीपनको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ४०० | पालिका | पि २ |
| ६ | सिकाइमा भाषाका कारणले कठिनाइ भएका बालबालिकाका लागि मातृभाषामा शिक्षण | विद्यालय | २ | २ | २ | २ | २ | १० | ६११ | पालिका | पि१ |
| ७ | बालमैत्री विद्यालय कार्यक्रम निरन्तरता | वडा | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका | पि २ |
| ८ | लैङ्गिक फोकल पर्सनको व्यवस्था ( विद्यालयस्तर) | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ० | पालिका | पि२ |
| ९ | बालकेन्द्रित शिक्षण बालमैत्री शैक्षणिक वातावरण शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ० | पालिका | पि१ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८२।८३ - २०८६।८७ ) | | | | | | बजेट रु 000 | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/८७ | ५ वर्षको जम्मा | | | |
| | विकास ( विद्यालय स्तर) | | | | | | | | | | |
| १० | अपाङ्गताको प्रकृति अनुसार विद्यार्थीका लागि आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | ६११ | पालिका | पि१ |
| ११ | नियमित विद्यालयमा जानै नसक्ने समूहका बालबालिकाका लागि सिकाइको वैकल्पिक व्यवस्था गरी सिकाइ परीक्षण र प्रमाणीकरण | बाल वालिका | ५ | ५ | ५ | ५ | ५ | २५ | ६१ | पालिका | पि २ |
| **जम्मा ( आन्तरिक स्रोत) प्रतिवर्ष बजेट** | | | ९७३ | ९७३ | ९७३ | ९७३ | ९७३ | ४८६५ | ४८६५ | | |
| १२ | आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति | विद्यार्थी | १२३ | १२३ | १२३ | १२३ | १२३ | ६१५ | १५०२ | पालिका प्रदेश र गैसस | पि १ |
| १३ | विद्यालयमा हुन सक्ने प्रत्येक प्रकारका भेदभाव र दुर्व्यवहार विरुद्ध सम्बन्धित पक्षहरूलाई सचेतना तथा संयत्र निर्माण | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ५०९३ | पालिका प्रदेश सरकार र गैसस | पि १ |
| जम्मा (वाह्य स्रोत ) प्रतिवर्ष बजेट | | | १३१९ | १३१९ | १३१९ | १३१९ | १३१९ | ६५९५ | ६५९५ | | |
| **जम्मा** | | | **२२९२** | **२२९२** | **२२९२** | **२२९२** | **२२९२** | **११४६०** | **११४६०** | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालका विद्यालयहरूमा सञ्चालित दिवा खाजा कार्यक्रम (Mid-Day Meal Program) बालबालिकाहरूको पोषण, स्वास्थ्य र शिक्षा सुधार्न सरकारी तथा गैहसरकारी पहल हो । यस कार्यक्रमले विद्यालय जाने बालबालिकाहरूलाई पौष्टिक खाना प्रदान गरेर उनीहरूको शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याउँछ । यो कार्यक्रम विशेष गरी गरिबी तथा विपन्नतामा रहेका बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि गर्ने,कक्षामा ध्यान दिन र सिकाइ परिणाम सुधार्न सहयोगी साबित भएको छ । दिवा खाजा कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक र स्थानीय सरकारको सक्रिय सहभागिता रहन्छ । यस पहलले बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि,पोषण सुधार र सिकाइमा सकारात्मक प्रभाव पार्दै आएको छ । दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम विद्यार्थीहरूको शारीरिक,मानसिक र शैक्षिक विकासलाई प्रोत्साहित गर्नका लागि सञ्चालित महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय उमेरका बालबालिकाहरूलाई नियमित स्वास्थ्य जाँच पौष्टिक खाना तथा स्वच्छता सम्बन्धी शिक्षा प्रदान गरेर उनीहरूको स्वास्थ्य सुधार्न मद्धत गर्दछ । यस कार्यक्रम अन्तर्गत बालबालिकाहरूलाई आवश्यक पोषक तत्वहरू समावेश गरिएको खाना दिइन्छ जसले कुपोषण घटाउन र उनीहरूको सिकाइ क्षमतालाई सहयोग पुग्दछ । विद्यालयहरूमा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई व्यक्तिगत सरसफाइ र स्वच्छताको महत्त्व बुझाउने प्रयास गरिन्छ । यसरी दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमले बालबालिकाहरूको स्वस्थ र सशक्त भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ ।

### ४.४.२ वर्तमान अवस्था

बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच,सहभागिता,निरन्तरता र सिकाइस्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ विभिन्न ढाँचाका दिवा खाजा कार्यक्रम आधारभूत तहमा विगत केही दशक देखि कार्यान्वयनमा रहेको छ । "स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि ५ कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरिरहेको छ ।

यस नगरपालिकामा रहेका १९ सामुदायिक विद्यालय र १९ वटा मातृविद्यालयमा आधारित बालविकास र शिक्षा केन्द्रहरूका जम्मा २७८६ जना बालबालिकाहरूले दिवा खाजाको सुविधा पाएको देखिन्छ । सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा प्रति विद्यार्थी प्रति दिन रू १५ मा नगरपालिकामा प्राप्त हुने र नगरपालिकाले विद्यालयमा विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी प्रति दिन रू १०थप गरी विद्यालयमा निकासा दिने प्रावधान रहि आएको छ । विद्यालयमा अभिभावक सहितको सहभागितामा विद्यालय खाजा व्यवस्थापन समिति गठन गरी खाजा व्यवस्थापन समिति मार्फत खाजा तयार गरी टिफिनको समयमा विद्यार्थीहरूलाई खाजा खुवाइने प्रावधान रहि आएको छ । यस नगरपालिका स्थित सबै विद्यालयहरूमा बालबालिकाले साबुन र पानी सहितको शौचालय तथा पिउने पानीको सुविधा प्राप्त गरिरहेका छन् ।

महङ्गीका कारणले संघीय सरकाबाट प्राप्त रकमले सोंच अनुसारको स्वस्थकर तथा पोषणयुक्त खाजाको व्यवस्था गर्न नसकिनु, विद्यालयमा खाजाको व्यवस्था गर्नका लागि अलग्गै कर्मचारीको व्यवस्था नहुनु,स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्ट्रको उचित प्रयोग गर्न नसक्नु, बालबालिकामा स्वास्थ्य तथा सरसफाइसम्बन्धी शिक्षा दिने कार्यलाई कतिपय विद्यालयहरूले महत्व नदिनु, बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न नसक्नु, केही विद्यालयहरूले नगरपालिकाबाट प्राप्त हुने खाजा वापतको रकमलाई विद्यालय खाजा नबनाई सोझै विद्यार्थीको अभिभावकलाई उपलब्ध गराउनु आदि यस नगरपालिकाको दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख समस्याहरू हुन् ।

### ४.४.३ उद्देश्य

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका उद्देश्य देहायअनुसार रहेका छन् :

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चितता गर्नु
२. स्वास्थ्य,पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

३. विद्यार्थीहरुको शारीरिक, मानसिक लगायत समग्र स्वास्थ्यका साथै सुरक्षित वातावरणमा शिक्षा प्राप्त हुने सुनिश्चितता गर्नु

### ४.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिनेछ :

१. स्थानीय स्तरमा उत्पादन हुने मौसमी उत्पादनहरूको प्रयोग गर्दा खाजाको लागत पनि कम हुने र पोषण पनि वढी प्राप्त हुने भएकोले त्यस्ता वस्तुहरूलाई खाजा कार्यक्रममा प्राथमिकता दिई खाजा व्यवस्थापनलाई सुदृढ गरिनुको साथै अभिभावकको सहयोगमा कक्षा १० सम्मका बालबालिकाहरूलाई खाजा व्यवस्थापनको पहल गर्ने

२. स्थानीय समुदायमा प्रचलित स्वस्थकर रेसिपीहरूको प्रयोग गरी परम्परागत खाना शैलीलाई आधुनिक पोषण आवश्यकताहरू सँग समायोजन गरिने

३. विद्यार्थीहरू र अभिभावकहरूलाई पोषणको महत्व र स्वस्थ खाजाका बारेमा शिक्षा दिई दिवा खाजा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गरिने

४. विद्यालय परिसरमा सानो बगैंचा (किचन गार्डन) स्थापना गरेर ताजा सागसब्जी उत्पादन गरी विद्यार्थीहरूलाई बगैंचामा सहभागी गराएर कृषि ज्ञान समेत प्रदान गरिने

५. विद्यार्थीहरूको रुचि र आवश्यकतालाई ध्यानमा राखेर दिवा खाजामा विविधता ल्याउन प्रत्येक हप्ताको लागि विभिन्न खाजाका मेनु तयार गरिने

६. दिवा खाजाको व्यवस्थाका लागि विद्यालयहरूलाई विभिन्न सामग्री वितरण गरिने

७. नगरपालिका स्थित स्वस्थ्य चौकीहरुको सहयोग लिई बालबालिकहरूको आवधिकरूपमा स्वास्थ्य परीक्षण र जुकाको औषधीको व्यवस्था मिलाउने

८. विद्यार्थी स्वास्थ्यसहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गरी समय समयमा उक्त रजिष्ट्ररको विश्लेषण गरिने

९. विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गरिने

१०. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने

११. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने

### ४.४.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.४.५.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार,मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुनेछ

२. गम्भीर रोगबाट सुरक्षित भइ पर्याप्त पोषणका साथ बालबालिका स्वस्थ रुपमा विद्यालयमा सहभागी भएको हुनेछन्

#### ४.४.५.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. खाजा व्यवस्थापन समिति सक्रिय भइ नियमित रुपमा मध्यान्हमा विद्यार्थीहरूले खाजा खाएको हुनेछन

३. आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुनेछ

४. विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था,बालबालिकाहरूको आवधिकरूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की,जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुनेछ

४.४.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य( २०८२।८३ - २०८६।८७ ) | | | | | | बजेट रु ००० | जिम्मेवारी र स्रोत | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | | | |
| १ | स्थानीय कृषि सहकारी किसान तथा अन्य स्रोतहरूसँग साझेदारी | विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | ० | नगरपालिका./ स्थानीय संघ संस्था | पि २ |
| २ | स्थानीय स्तरका मौसमी उत्पादनहरूको पहिचान तथा साप्ताहिक स्थानीय रेसिपी तयार | विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | ० | नगरपालिका./ स्थानीय संघ संस्था | पि २ |
| ३ | विद्यार्थीहरू र अभिभावकहरूलाई पोषण र स्वस्थ खाजा सम्बन्धी शिक्षा | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ५०० | नगरपालिका | पि १ |
| ४ | परम्परागत खाना र पोषण बुकलेट तयार तथा कार्यान्वयन | पटक | १ | | | | | १ | १०० | नगरपालिका | पि १ |
| ५ | एक विद्यालय एक किचन गार्डन स्थापना | विद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ | २५०० | नगरपालिका | पि१ |
| ६ | खाजा व्यवस्थापन समिति गठन तथा अभिमुखीकरण | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ५०० | नगरपालिका./ स्थानीय संघ संस्था | पि १ |
| ७ | अभिभावकको सहयोगमा विद्यालय दिवा खाजा कार्यक्रमको लागि टिफिन | विद्यार्थी | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | १५०० | नगरपालिका./ स्थानीय संघ संस्था | पि २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वक्स वितरण (कक्षा इसिडी -५) | | | | | | | | | |
| ८ | दिवा खाजाका लागि सामग्री प्रदान (विद्यालय स्तर ) | विद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ | १५०० | नगरपालिका | पि १ |
| ९ | विद्यालयमा हात धुनका लागि पानी र साबुनको व्यवस्था | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ८२० | नगरपालिका | पि १ |
| १० | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षा | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | ० | नगरपालिका/ विद्यालय | पि १ |
| ११ | स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको प्रयोग | पटक | १९ | १९ | १९ | १९ | १९ | ९५ | २५० | नगरपालिका/ विद्यालय | पि १ |
| जम्मा ( आन्तरिक स्रोत ) प्रति वर्ष बजेट | | | १५३४ | १५३४ | १५३४ | १५३४ | १५३४ | ७६७० | ७६७० | | |
| १२ | बालबालिकाका लागि भिटामिन ए आइरन चक्की फोलिक एसिड जुकाको औषधी वितरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | ० | नगरपालिका/स्वास्थ्य चौकी / अन्य संघ संस्था | पि २ |
| १३ | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | ० | नगरपालिका/ स्वास्थ्य चौकी / अन्य संघ संस्था | पि२ |
| १४ | एक विद्यालय एक किचन वा क्यान्टिन स्थापना | वटा | ३ | ४ | ४ | ४ | ४ | १९ | ९५०० | संघ प्रदेश र गैसस | पि २ |
| जम्मा ( वाह्य स्रोत ) प्रति वर्ष बजेट | | | **१५००** | **२०००** | **२०००** | **२०००** | **२०००** | **९५००** | ९५०० | | |
| जम्मा | | | **३०३४** | **३५३४** | **३५३४** | **३५३४** | **३५३४** | **१७१७०** | **१७१७०** | | |

## ४.५ विद्यालयमा सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा कार्यक्रमले बालबालिकाहरूको निरन्तर शिक्षालाई सुनिश्चित गर्न र उनीहरूको शैक्षिक अधिकारको रक्षा गर्न महत्वपूर्ण भूमिका खेल्छ । भूकम्प, बाढी, पहिरो, महामारी जस्ता विपतका समयमा विद्यालय सञ्चालनमा अवरोध आए पनि यस कार्यक्रमले वैकल्पिक शिक्षण विधिहरू जस्तै अस्थायी कक्षाकोठाहरू, रेडियो र अनलाइन कक्षाहरू मार्फत सिकाइ प्रक्रिया जारी राख्छ र यसको साथसाथै विद्यार्थीहरूलाई सामाजिक सुरक्षा प्रदान गर्दै उनीहरूको मानसिक स्वास्थ्यमा पनि ध्यान दिन्छ । यस किसिमको पहलले बालबालिकाहरूको सिकाइलाई निरन्तरता दिन सहयोग पुर्‍याउँछ जसले गर्दा उनीहरू विपतका चुनौतीहरू सामना गर्न सक्ने क्षमताको विकास गर्दै सक्षम नागरिकको रूपमा अघि बढ्ने अवसर प्रदान गर्दछ ।

यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी,आपतकालीन अवस्थामा क्षति न्यून हुने गरी तत्काल प्रतिकार्य गर्ने र आपत्काल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचामा समेटिने गरिन्छ । आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएको छ ।

वृहत विद्यालय सुरक्षा गुरूयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ ले विद्यालयको न्यूनतम सुरक्षाका उपायसम्बन्धी क्रियाकलापहरू,शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट बचाउने,विपतपछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपत जोखिम न्यूनीकरण तथा उत्थानशिलता विकास गर्ने व्यवस्था गरेको छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपाल विश्वको भूकम्प जाने देश मध्ये एक हो यहाँ कुनै पनि बेला भूकम्प जानसक्छ । विगत २०७२ सालमा यस क्षेत्रमा गएको विनासकारी भूकम्पले ठूलो पाठ सिकाएको छ । जलवायु परिवर्तनले भू-मण्डलिय तापक्रम वृद्धि गर्दा मौसम, बेमौसम, अल्प तथा अति वृष्टिले गर्दा बाढीको समस्या पनि बढदै गएको छ । पहाडहरूबाट पहिरोहरू गएर मानविय क्षतिमा बृद्धि हुँदैछ । प्रत्येक वर्ष तापक्रममा बृद्धि भएर खडेरी, महामारी र भूखमरीको समस्या पनि बढदै गैरहेको छ । त्यसैगरी कुनै पनि बेला कुनै पनि प्राकृतिक प्रकोप हुनसक्छ र आपतकालीन अवस्था सृजना हुनसक्छ भन्ने अनुमान विशेषगरी केही वर्ष देखि गरिएकै हो ।

प्राकृतिक प्रकोप,महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपत्कालीन अवस्थाको स्थान परिवेश र अवस्था अनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकिन भविष्यवाणी गर्न भने सकिदैन । त्यसैगरी कतिपय प्रकोप, महामारी तथा आपत्कालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो । स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार हुने जस्ता मुद्दाहरू यसमा रहेका छन् ।

आपतकालीन तथा सङ्कटकालिन अवस्थामा अथवा विपतको सामना गर्न तीनै तहका सरकारका साझा काम हो यति हुँदाहुँदै पनि यसको कार्यान्वयन नहुनु, विपतको समयमा आवश्यक पर्ने तालिम प्राप्त दक्ष जनशक्ति र उपकरणहरूको अभाव,विपत व्यवस्थापन सम्बन्धमा जन चेतनाका कार्यक्रम नहुनु, विपतको सही व्यवस्थापनको लागि आवश्यक पर्ने प्रविधिको विकास जस्तै पूर्व चेतावनी प्रणाली विकास गरी लागु हुन नसक्नु, विपतको लागि बनाएका योजना पनि विपतको समय कार्यान्वयन नहुनु, विपत सम्बन्धी आवश्यक स्रोत साधनहरूको अभाव हुनु जस्ता समस्या तथा चुनौती रहेका छन । विपत व्यवस्थापनको लागि केही वडाहरुमा प्रशस्त मात्रामा रहेको खुला ठाउँलाई उच्चतम प्रयोग गर्न सकिने सम्भावना छ । वनजङ्गलको आगलागी नियन्त्रणको लागि सीमित आवश्यक चौडाईको अग्नीरेखा बनाउनु पर्ने देखिन्छ ।

### ४.५.३ उद्देश्य

यस विषय क्षेत्रका उद्देश्य देहाय बमोजिम रहेका छन् :

१. विपत् जोखिम न्यूनीकरण,विपत् प्रतिकार्य एवं पूनर्लाभलाई प्रभावकारी बनाउनु

२. संभावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक,मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु
३. जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्वन गर्दै क्षति न्यूनीकरण गर्नु
४. विपत्को समयमा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्ने उपायहरूको अभ्यास गराउनु
५. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका बिधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु

### ४.५.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू परिपूर्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछ:

१. नगरपालिकाको भौगोलिक,प्राकृतिक,विद्यालय सडक संरचना,खोला,नाला,वन जङ्गल आदि स्पष्ट देखिने गरी विपत् जोखिमको नक्साङ्कन तयार गर्ने
२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
३. विपत्को समयमा शिक्षालाई निरन्तरता दिन आवश्यक नीति,मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
४. स्थानीय पाठ्यक्रममा समेत विपत् व्यवस्थापन सम्बन्धी विषयवस्तु समावेस गर्ने
५. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास गराउने
६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
७. विपत् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने
८. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बिच वडा तहसम्म समन्वय र जिम्मेवारीका लागि संयन्त्र बनाउने
९. विपत् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने
११. विपत् व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी भएका कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन तयार गर्ने
१२. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) को कार्यान्वयन गर्ने
१३. विपत व्यवस्थापनका लागि नगरपालिका र विद्यालयको क्षमता विकास गर्ने
१४. स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गर्ने
१५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरुको तयारी गर्ने

### ४.५.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.५.५.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ
२. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ

#### ४.५.५.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. नगरपालिकाको भौगोलिक, प्राकृतिक, विद्यालय, सडक संरचना, खोला, नाला, वन जङ्गल आदि स्पष्ट देखिने गरी विपत् जोखिमको नक्साङ्कन तयार भएको हुनेछ
२. नगरपालिका र विद्यालयहरूमा विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ
३. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक,मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ
४. विपत् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन भएका हुनेछन्

४.५.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८२।८३ - २०८६।८७ ) | | | | | | बजेट | जिम्मेवारी | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | रु ००० | स्रोत | क्रम |
| १ | विपत् जोखिमको नक्साङ्कन | पालिका | १ | | | | | १ | २०० | पालिका | पि २ |
| २ | विपत् वा सङ्कटको पूर्वानुमान प्रभावको मूल्याङ्कन विश्लेषण | पालिका | | १ | | | | १ | २०० | पालिका | पि२ |
| ३ | विपत् सम्बन्धी नीति मार्गदर्शन तथा कार्यविधि तयार | पालिका | १ | | | | | १ | २०० | पालिका | पि१ |
| ४ | स्थानीय पाठ्यक्रममा  विपत् व्यवस्थापन सम्बन्धी विषयवस्तु समावेस | पटक | | १ | | | | १ | २०० | पालिका | पि१ |
| ५ | विपत् सम्बन्धी पूर्वसावधानी प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास | विद्यालय | नियमित | | | | | | ० | पालिका तथा स्थानीय संघ संस्था | पि १ |
| ६ | विपत् व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तयार | पटक | | १ | | | | ३५ | २०० | पालिका तथा स्थानीय संघ संस्था | पि२ |
| ७ | विभिन्न निकायहरू समन्वय र जिम्मेवारीका लागि संयन्त्र तयार | पालिका | नियमित | | | | | | ० | पालिका /स्थानीय सरकारी कार्यालय/ संघ संस्था | पि२ |
| ८ | विपत् व्यवस्थापन संयन्त्र निर्माण र परिचालन | पालिका | नियमित | | | | | | ० | | पि२ |
| ९ | हरित विद्यालय अभियान | विद्यालय | नियमित | | | | | | ० | | पि२ |
| १० | आपत्कालीन  योजना तयार | पटक | | | १ | | | १ | २०० | पालिका /स्थानीय संघ संस्था | पि २ |
| ११ | विद्यालयहरूमा विपत् कोष व्यवस्था | विद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ | १९०० | पालिका/स्थानी | पि२ |

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८२।८३ - २०८६।८७ ) | | | | | | बजेट | जिम्मेवारी | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | रु ००० | स्रोत | क्रम |
| | | | | | | | | | | य संघ संस्था | |
| १२ | प्रत्येक विद्यालयमा सङ्कटकालीन किटको व्यवस्थापन | विद्यालय | पहिचान | | | | | ३५ | ० | पालिका /विद्यालय | पि२ |
| १३ | सुरक्षित वहिर्गमन मार्ग स्थलहरू पहिचान | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ४५१ | पालिका | पि२ |
| १४ | आपतकालीन सूचना प्रणाली स्थापना (अभिभावक एड्रेस सिस्टम एसएमएस अलर्ट सिस्टम र अन्य डिजिटल प्लेटफर्म) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ६४१ | पालिका /स्थानीय सरकारी कार्यालय/ संघ संस्था | पि २ |
| **जम्मा ( आन्तरिक स्रोत ) प्रति वर्ष बजेट** | | | **८३८** | **८३८** | **८३८** | **८३८** | **८४०** | **४१९२** | **४१९२** | | |
| १५ | ReAL Plan को कार्यान्वयन | विद्यालय | आवश्यकता अनुसार Int | | | | | | २५०० | पालिका तथा संघीय सरकार | पि १ |
| १६ | मनोवैज्ञानिक परामर्श | विद्यालय | आवश्यकता अनुसार Int | | | | | | २००० | पालिका तथा संघीय सरकार | पि१ |
| १७ | शिक्षण निरन्तरताको लागि लचिलो पाठ्यक्रम निर्माण अनलाइन / अस्थायी कक्षा सञ्चालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १००० | पालिका ./स्थानीय सरकारी कार्यालय/ संघ संस्था | पि२ |
| १८ | विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरी विद्यालय पुन: सञ्चालन | विद्यालय | आवश्यकता अनुसार | | | | | | १००० | | पि२ |
| **जम्मा (वाह्य स्रोत) प्रतिवर्ष बजेट** | | | **१३००** | **१३००** | **१३००** | **१३००** | **१३००** | **६५००** | **६५००** | आवश्यकता अनुसार | |
| **जम्मा** | | | **२१३८** | **२१३८** | **२१३८** | **२१३८** | **२१४०** | **१०६९२** | **१०६९२** | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्छ । प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधारको सुनिश्चितता हुनु अपरिहार्य छ । विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरू पर्दछन् जसले शिक्षण-सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ। भवन/ कक्षाकोठा, फर्निचर,शौचालय सुविधा,पिउने पानी, खेल मैदान,खेल सामाग्री,सुरक्षित घेरबार, पार्क/बगैंचा, पुस्तकालय, विषयगत प्रयोगशाला,प्रविधि र सूचना प्रणालीका सामग्री, शैक्षिक सामग्रीहरू आदि जस्ता तत्वहरू विद्यालयको भौतिक पूर्वाधारहरू अन्तर्गत पर्दछन। विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ। यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित बालमैत्री हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

### ४.६.२ वर्तमान अवस्था

विगत यस क्षेत्रमा आएको विनासकारी भूकम्प पश्चात गरिएको विद्यालयहरूको पुनर्निमाणले भौतिक पूर्वाधारको विकासमा राम्रो फड्को मारेको छ। यहाँका विद्यालयहरू प्राय पक्की भवनमा सञ्चालनमा र कक्षाकोठाहरू राम्रो अवस्थामा रहेका छन्। पुराना केही भवन तथा कक्षाकोठाहरूको मर्मत गरी कक्षा सञ्चालन गर्नुपर्ने अवस्था पनि रहेको छ। फर्निचरको अवस्था राम्रो छ जसले विद्यार्थीहरूको अध्ययन वातावरणलाई सहज बनाइ रहेको छ । स्वास्थ्य र सरसफाइका सुविधा सन्तोषजनक छ र शुद्ध पिउने पानीको व्यवस्था प्राय: सबै विद्यालयमा उपलब्ध छ। सबै विद्यालयमा बिजुली र इन्टरनेटको सुविधा छ जसले विद्यार्थीहरूलाई डिजिटल शिक्षामा पहुँच पुर्‍याइ रहेको छ। खेल मैदान र अन्य अतिरिक्त क्रियाकलापका लागि थौरै मात्रामा मात्र स्थलहरूको व्यवस्था छ।

यस नगरपालिका अन्तरगतका जम्मा १९ विद्यालय र १९ वटा बालविकास केन्द्रहरूमा भवन संख्या कच्ची १९ तथा पक्की ३६ गरी कूल ५५ वटा छन, ३७२ वटा कोठाहरू तीमध्ये २५२ वटा कोठाहरू कक्षाकोठाका रूपमा उपयोग भएका छन् भने प्रअ तथा स्टाफ कक्षका रूपमा २९,पुस्तकालयका रूपमा ९ वटा,विज्ञान प्रयोगशालाका रूपमा १३ वटा,जिन्सी तथा भण्डारका लागि १५वटा, ICT प्रयोगशालाका लागि १३ वटा गरी जम्मा ७९ कक्षाहरू उपयोग भै रहेका छन। त्यसै गरी दिवा खाजाको लागि १० वटा, सबै विद्यालयहरूमा डिजिटल प्रविधि कक्षको लागि १३ वटा, माध्यमिक तहमा सभाहल १० वटा गरी जम्मा ३३ वटा कोठाहरूको उपयोग हुने अवस्था रहेको छ। विद्यालयहरूमा कक्षाकोठा र अन्य कामकाजको लागि आवश्यक पर्ने कोठाहरूको लागि विद्यमान भौतिक संरचना प्रयाप्त रहेको देखिन्छ । नगरपालिका भित्रका विद्यालयहरूको मर्मत गर्नुपर्ने कक्षा कोठाहरूको संख्या भने ४९ वटा रहेकोले विद्यालयहरूको भौतिक संरचना निर्माण भन्दा व्यवस्थित तरिकाले कक्षाकोठाहरूको मर्मत सम्भार गर्नु पर्ने आवश्यकता रहेको छ । विद्यार्थीहरूको बसाइको लागि प्रयाप्त वेञ्च तथा सोही अनुपातमा डेस्कहरूको व्यवस्थापन गरिएको छ। यस नगरपालिकामा WASH सहितको सुविधा भएको शौचालय १६ वटा, अपाङ्ग मैत्री शौचालय ३ वटा, छात्रा शौचालय ३२ वटा रहेको छ। त्यसै गरी १९ विद्यालयहरू मध्ये २ वटा विद्यालयमा खानेपानीको व्यवस्था नभएको, १० वटा विद्यालयमा घेरवार, १५ वटा विद्यालयमा सामान्य खेलकुद मैदान, ३ वटा विद्यालयमा बालमैत्री धारा नभएको अवस्था छ । बालविकासका बालबालिकाहरूको लागि १० वटा वाविकेको लागि सिकाइ क्षेत्र रहेकोमा ९ वटा विद्यालयमा सिकाइ क्षेत्र नपुग हुने अवस्था छ । पुस्तकालय भएको विद्यालयहरूको संख्या ९ वटा छ भने अध्ययन कक्ष सहितको पुस्तकालय ४ वटा विद्यालयहरूमा छन्। नगरपालिका स्थित विद्यालयहरूमा १५ वटा बुक कर्नर रहेकोमा ४ वटा विद्यालयमा कुनै पनि बुक कर्नर छैन

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खेलकुद कक्ष, विद्यालय सभाहल, मञ्च,बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) के-कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ,प्रदेश र स्थानीय सरकार कसले कसरी लिने भन्ने विषय अन्यौल देखिन्छ।

### ४.६.३ उद्देश्य

भौतिक पूर्वाधारको क्षेत्रअन्तर्गत देहायका उद्देश्य निर्धारण गरिएको छ :

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास  तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate sart Infrastructure बनाउन परामर्श गर्नु
४. बाल सुरक्षाका लागि अभिभावकत्व लिने शिक्षा क्षेत्रका जनशक्तिको ज्ञान,सिपसहितको क्षमता विकास गर्नु

### ४.६.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा समेत स्रोत व्यवस्थापन गरी मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने
२. अन्य संघसंस्थाले बनाउने भौतिक पूर्वाधारहरू मापदण्ड बमोजिम भए मात्र स्वीकार गरी बनाउने अनुमति दिने
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने
४. नगरपालिकाले विद्यालयको माष्टर प्लान तयार गरी सोही बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने
५. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह र विद्यार्थी संख्याको प्रक्षेपणको आधारमा मापदण्ड विकास गर्ने
६. एक विद्यालयमा पूर्वाधार विस्तारका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
७. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्धार प्रणाली अपनाउने
८. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय सरकारी एवम् गैह्रसरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण गर्ने

### ४.६.५ उपलब्धि  नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.६.५.१ उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र सुरक्षित हुनेछ
२. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुनेछ
३.  विद्यालयहरुमा भौतिकपूर्वाधारहरूको विकास भइ विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुनेछ

#### ४.६.५.२ नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. विद्यालयहरूमा पर्याप्त भौतिक संरचनाहरू निर्माण एवम् मर्मत हुने छन्
२. विद्यालयका भौतिक संरचना बालमैत्री,अपाङ्गतामैत्री, लैङ्गिकमैत्री र सुरक्षित हुने छन्
३. सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार तथा स्तरोन्नत्ति भएको हुनेछ
४. विद्यालयहरु सुरक्षित भइ अपाङ्ग एवम् छात्रामैत्री हुनेछ

### ४.६.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | कूल बजेट | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वुक कर्नर | | ४ | ४ | ४ | ४ | ३ | १९ | १२२१ | पि १ |
| २ | विद्यालय मर्मत संभार | कक्षाकोठा | ४ | ४ | ४ | ४ | ३ | १९ | ५००० | पि १ |
| ३ | बालविकासदेखि कक्षा ३ सम्मका कक्षाकोठा व्यवस्थापन (भुईँ बसाइ भित्ते लेखन लगायत) | विद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ | ५००० | पि१ |
| ४ | प्रारम्भिक बाल विकास कक्षा एवम वाविकेको लागि सिकाइ क्षेत्र | विद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ | ७०० | पि २ |
| ५ | प्रारम्भिक बाल विकास कक्षा एवम बाविकेको लागि अलग्गै खेलमैदान | | ४ | ४ | ४ | ४ | ३ | १९ | ५००० | पि २ |
| ६ | हरित विद्यालय | | १९ | १९ | १९ | १९ | १९ | ९५ | ३८०० | पि२ |
| **जम्मा (आन्तरिक स्रोत ) प्रति वर्ष बजेट** | | | **४१४४** | **४१४४** | **४१४४** | **४१४४** | **४१४५** | **२०७२१** | **२०७२१** | |
| **वाह्य स्रोत - संघीय सरकार तथा प्रदेश सरकार र अन्य** | | | | | | | | | | |
| **क्र. स.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **बजेट** | **प्राथमिकता** |
| | | | **०८२/ ८३** | **०८३/ ८४** | **०८४/ ८५** | **०८५/ ८६** | **०८६/ ८७** | **५ वर्षको लक्ष्य** | **रु ०००** | |
| ७ | अपाङ्गमैत्री लैगिङ्क मैत्री एवम् बालमैत्री भौतिक सुविधा विस्तार | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ | १८५६ | पि २ |
| ८ | छात्राको लागि WASH सहितको शौचालय निर्माण | शौचालय | | २ | २ | २ | २ | ८ | १११९ | पि १ |
| ९ | छात्रा शौचालय | विद्यालय | | २ | २ | २ | २ | ८ | ९२८२ | पि १ |
| १० | शौचालय | विद्यालय | १ | | | | | १ | १००० | पि १ |
| ११ | खानेपानीको व्यवस्था | विद्यालय | १ | | | | | १ | ० | पि १ |
| १२ | विद्यालय मर्मत | कक्षाकोठा | | २२ | २२ | २२ | २२ | ८८ | ११०५१ | पि २ |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | कूल बजेट | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | छात्रावासको व्यवस्था (क्रमागत) | विद्यालय | १ | | | | | १ | २५०० | पि २ |
| १४ | अध्ययन कक्ष सहितको पुस्तकालयको व्यवस्था | विद्यालय | | २ | २ | २ | २ | ८ | ६४९७ | पि २ |
| १५ | विषयगत प्रयोगशालाको व्यवस्था - आधारभूत तह | विद्यालय | | २ | २ | २ | २ | ८ | ७४२६ | पि २ |
| १६ | विद्यालयको बालमैत्री खेलमैदान निर्माण तथा संरचना तयार (खानेपानी सहित) | विद्यालय | | ६ | ६ | ६ | ६ | २४ | १००२३ | पि २ |
| १७ | विद्यालयमा खेल सामग्रीको व्यवस्था | विद्यालय | | ७ | ७ | ७ | ७ | २८ | ३२४९ | पि २ |
| १८ | विद्यालय घेराबारको व्यवस्था | पटक | | ३ | ३ | ३ | ३ | १२ | ६९६२ | पि २ |
| १९ | बुक कर्नरको व्यवस्था | विद्यालय | ३ | ४ | ४ | ४ | ४ | १९ | ४७९१ | पि १ |
| २० | विषयगत प्रयोगशालाको व्यवस्था - माध्यमिक तह | विद्यालय | १ | २ | २ | २ | २ | ९ | ८३१५ | पि २ |
| २१ | विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा सुधार | विद्यालय | | २ | २ | २ | २ | ८ | ४६४१ | पि २ |
| **जम्मा (वाह्य स्रोत) प्रति वर्ष बजेट** | | | **१५७४२** | **१५७४२** | **१५७४२** | **१५७४२** | **१५७४४** | **७८७१२** | **७८७१२** | |
| **जम्मा (आन्तरिक र वाह्य स्रोत ) प्रति वर्ष बजेट** | | | **१९८८६** | **१९८८६** | **१९८८६** | **१९८८६** | **१९८८९** | **९९४३३** | **९९४३३** | |

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ परिचय

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) ले शिक्षाको गुणस्तर सुधार गर्न र विद्यार्थीहरूलाई आधुनिक विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ । सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । विद्यालयहरूमा ICT को प्रयोगलाई बढावा दिन विविध पहलहरू सञ्चालन भइ रहेका छन । विद्यालयहरूमा कम्प्युटर इन्टरनेट र शैक्षिक सफ्टवेयरको उपलब्धता बढ्दै गएको छ जसले विद्यार्थीहरूको सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ । ICT को प्रयोगले विद्यार्थीहरूलाई इन्टरनेटमार्फत विश्वभरको जानकारी हासिल गर्न र उनीहरूको ज्ञानको क्षितिज बिस्तार गर्न सहयोग पुऱ्याएको छ । साथै शिक्षकहरूलाई पनि नयाँ शिक्षण विधिहरू अपनाउन र धारणात्मक शिक्षण शैलीमा जोड दिन प्रेरित गरेको छ । शिक्षा क्षेत्रमा  ICT को पहुँच विस्तार गर्न विशेष कार्यक्रमहरू सञ्चालन भइ रहेका छन । डिजिटल शिक्षण सामग्रीको प्रयोग अनलाइन पाठ्यक्रमहरू र भर्चुअल कक्षा सञ्चालनले शिक्षामा नयाँ आयामहरू थपेको छ । यसरी ICT को परिचयले नेपाली शिक्षामा आधुनिकता ल्याई विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

#### ४.७.२ वर्तमान अवस्था

सूचना प्रविधिमा भएको विकासले विश्वलाई पर्याप्त लाभ दिएको छ । नेपालमा पनि सूचना र सञ्चार क्षेत्रमा भएको विकास उतसाहजनक छ। सामुदायिक विद्यालयका शिक्षकहरूको सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ तालिम सञ्चालन,ICT ल्याब स्थापना,सिसि टिभी क्यामरा जडान भइ  विद्यार्थी तथा शिक्षकहरूको सकारात्मक गतिविधिको सुरुवात,परीक्षा,अनुगमनमा सहजता,पठनपाठनमा प्रभावकारिता आएको तथा शिक्षकको नियमितता तथा समय व्यवस्थापन (Time Management) प्रभावकारी भैरहेकोले सबै विद्यालयहरू इन्टरनेटको उपलब्धताले सूचना प्रविधि प्रयोगशाला सञ्चालनमा सहजता आई प्रभावकारी शिक्षण सिकाइको व्यवस्था भएको,शिक्षण सिकाइको coverage  बढेको, Smart board को प्रयोगले धारणात्मक शिक्षण सिकाइमा  सहज, नयाँ टेक्नोलोजिको प्रयोगले चक डस्टर भन्दा Visual देखाँउदा विद्यार्थीको सिकाइ उपलब्धिमा सहयोग पुगि रहेको भएता पनि ICT & Computer lab मा धेरै सुधार गर्नुपर्ने देखिन्छ ।

यस नगरपालिकामा मोबाइल नेटवर्क कभरेज क्षेत्र ९५ प्रतिशत, इन्टरनेटमा पहुँच प्राप्त परिवार ७५ प्रतिशत, अप्टिकल फाइबरको विस्तार ६० प्रतिशत, इन्टरनेट उपलव्ध भएका विद्यालय संख्या १९ वटा, इन्टरनेट उपलव्ध भएका सरकारी कार्यालयहरु, फ्रि वाईफाई उपलव्ध भएका सार्वजनिक स्थलहरु ११, ई -कक्षा सञ्चालन गर्ने विद्यालय संख्या १२ रहेको र सञ्चारका कुनै एक साधन उपलव्ध घरधुरी ९९ प्रतिशत रहेको छ । विद्यालयमा ICT ल्याब १३ वटा विद्यालयमा सिसिक्यामरा जडान कम्प्युटर र १० वटा विद्यलयमा २६ वटा प्रोजेक्टर रहेको भएता पनि अधिकांश विद्यालयहरू सूचना तथा संचार प्रविधिमा धेरै पछाडि परेका छन । नगरपालिकाबाट भै गरेका शैक्षिक क्रियाकलाप जस्तै कक्षा ८ को परीक्षा सञ्चालन परीक्षाफल प्रकाशन तथा सूचनाहरू नगरपालिकाको वेभसाइट मार्फत प्रकाशित हुने गरेका छन । स्रोत साधनको अभावले विद्यालयहरूमा सूचना प्रविधिको माध्यमबाट शैक्षिक क्रियाकलाप सञ्चालन भएको खासै  पाइदैन । स्रोत साधनको अभाव ICT प्रयोगको लागि उपयुक्त कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शिक्षकहरूलाई तालिमको अभाव जस्ता  सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित विद्यमान समस्या रहेका छन भने  कक्षाकोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु दक्षजनशक्तिको विकास सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रुपमा कक्षाकोठामा प्रयोग गर्नु अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु ICT को पूर्वाधार विकास गर्नु सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु जस्ता कार्यहरू चुनौतीको रुपमा रहेका छन । त्यसैगरी अनियित सामाजिक सन्जालको प्रयोगसँगै समयमा बढ्दै गएको दुरुपयोग रोक्न कठिन हुदै गएको छ । सूचना प्रविधिको उपयोग शिक्षा, स्वास्थ्य तथा आर्थिक विकास तर्फ लक्षित गर्नु आजको मुख्य चुनौती रहेको छ ।

#### ४.७.३ उद्देश्य

सिकाइमा सूचना तथा सञ्चार प्रविधि विषय क्षेत्रका देहायका उद्देश्य रहेका छन् :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
२. सिकाइ र सुशासनलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षाको समग्र शैक्षिक व्यवस्थापनलाई प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु

#### ४.७.४ रणनीतिहरू

१. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोगको विस्तार गरिने
२. स्वसिकाइ, मेन्टरिङ् र तालिमसमेतको प्रबन्ध गरी सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गरिने
३. लागत साझेदारीसमेतका माध्यमबाट विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था गरी अधिकतम् प्रयोग गर्ने व्यवस्था मिलाइने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने
५. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनसमेतमा सूचना प्रविधिको प्रयोगको विस्तार गरिने
६. सरकारी गैह्र सरकारी तथा विभिन्न संघसंस्थासमेतलाई अनुरोध गरी सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
७. कम्प्युटर,लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने
८. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय शिक्षक र विद्यार्थीको पँहुच विस्तार गर्ने

#### ४.७.५ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ४.७.५.१ उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ
३. विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्धन भएको हुनेछ
४. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पहुँच तथा प्रयोगमा वृद्धि भइ शैक्षिक योजना,व्यवस्थापन तथा सुशासनको गुणस्तर र कुशलतामा सुधार भएको हुने

#### ४.७.५.२ नतिजा

१. सबै विद्यालयले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने छन्
२. विभिन्न कक्षा र विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको व्यवस्था भइ सिकाइमा उपयोग हुनेछ
३. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास हुनेछ
४. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुधार भइ सुदृढ हुनेछ
५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनेछ

#### ४.७.५.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८२।८३ - २०८६।८७ ) | | | | | | | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | बजेट | | क्रम |
| १ | सबै शिक्षकहरूलाई ICT तथा EMIS तालिम | शिक्षक | ३६ | ३६ | ३६ | ३६ | ३५ | १७९ | ३००० | पालिका | पि२ |
| २ | विद्यालयमा इ-हाजिरी र सिसिटिभीको व्यवस्थापन | विद्यालय | ७ | ७ | ७ | ७ | ५ | ३३ | २१३७ | पालिका | पि२ |
| ३ | विद्यालयमा सूचना प्रविधिको फोकल प्रर्सन छनौट तथा प्रोत्साहन भत्ता | विद्यालय | ७ | ७ | ७ | ७ | ५ | ३३ | १०२६ | पालिका | पि२ |
| जम्मा | | | १२३२ | १२३२ | १२३२ | १२३२ | १२३५ | ६१६३ | ६१६३ | | |
| वाह्य स्रोत - संघीय तथा प्रदेश सरकार र गैसस | | | | | | | | | | | |
| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | | जिम्मेवारी र स्रोत | प्राथमिकता |
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको लक्ष्य | बजेट रु ००० | | |
| ४ | ICT ल्याब विस्तार (माध्यमिक विद्यालय) | विद्यालय | १ | १ | १ | २ | २ | ७ | ७००० | संघीय र प्रदेश सरकार | पि २ |
| ५ | विद्यालयहरूमा डिजीटल प्रविधि प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको स्थापना | विद्यालय | ३ | ४ | ४ | ४ | ४ | १९ | ५००० | संघीय र प्रदेश सरकार | पि२ |
| ६ | स्मार्ट विद्यालय स्थापना र व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५००० | | पि २ |
| जम्मा (प्रति वर्ष बजेट) | | | ३४०० | ३४०० | ३४०० | ३४०० | ३४०० | १७००० | १७००० | | |
| जम्मा (आन्तरिक र वाह्य स्रोत ) | | | ४६३२ | ४६३२ | ४६३२ | ४६३२ | ४६३५ | २३१६३ | २३१६३ | | |

# परिच्छेद : पाँच

## ५. संस्थागत विद्यालय

### ५.१ परिचय

विद्यालय शिक्षामा सामुदायिक (सरकारी लगानी) र संस्थागत(निजी लगानी) गरी दुई प्रकारका विद्यालयहरु सञ्चालनमा रहेका छन् । सरकारको सार्वजनिक निजी साझेदारीको नीति अनुसार शिक्षा क्षेत्रमा निजी लगानी बढ्दै गइरहेको छ र केही वर्ष अघि शहरी क्षेत्रमा मात्र सीमित निजी विद्यालयहरु हाल साना साना गाउँ बस्तीहरुमा पनि खुलेका छन् । व्यक्ति, समूह, संघ, संस्थाहरुको लगानी र अभिभावकहरुको योगदानबाट सञ्चालित संस्थागत विद्यालयहरुले गुणात्मक शिक्षाको लागि पुऱ्याएको योगदानलाई अझ व्यवस्थित गरी संस्थागत विद्यालयहरु माथिको विश्वास र आशालाई अझ भरपर्दो बनाउन र गुणस्तरका माध्यमबाट सार्वजनिक शिक्षाको गुणात्मकता अभिवृद्धिका लागि यस्ता विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न जरुरी भएकोले ती विद्यालयहरुको स्थापना देखि सञ्चालनका सम्पूर्ण विषयको नियमन गर्नको लागि शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) अनुसार स्थापना भएका संस्थागत विद्यालयहरु हुन । अहिले यस्ता विद्यालयहरु शुल्क तिर्न सक्ने अभिभावकहरुको पहिलो रोजाइमा परेका छन् ।

### ५.२ वर्तमान अवस्था

यस नगरपालिकामा विशुद्ध निजी लगानीमा सञ्चालित सेवा तथा नाफामूलक संस्थागत विद्यालयहरु कम्पनी ऐन, २०५८ अनुसार सम्बन्धित निकायबाट अनुमति लिइ सञ्चालनमा रहेका छन् । यस नगरपालिकामा संस्थागत विद्यालय तर्फ बालविकास केन्द्र ७७ वटा, आधारभूत तह १-५ सञ्चालन भएका १९ वटा,आधारभूत तह १-८ सञ्चालन भएका ४ वटा, माध्यमिक तह १-१० सञ्चालन भएका ३१ वटा तथा माध्यमिक तह १-१२ सञ्चालन भएका १६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् ।

### ५.३ अवसर एवम् सवल पक्ष

विद्यालय शिक्षामा निजी क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ । सात दशक भन्दा पुरानो इतिहास बोकेको निजी क्षेत्रले झण्डै तीन दशक देखि लगातार रुपमा सरकारलाई रावश्व तिर्ने एउटा व्यावसायिक क्षेत्रको रुपमा परिचित भएको संस्था नै संस्थागत विद्यालय हो । निजी क्षेत्रले शिक्षामा आजका दिनसम्म गरेको लगानीलाई साच्चिकै प्रतिफलमा बदल्ने हो भने समाज र राज्यका लागि हामी अपरिहार्य तत्व हौ भन्ने बोध गराउन सफल संस्थागत विद्यालय भएको छ । यस पालिकामा संस्थागत विद्यालयको विद्यालय संख्याको आधारमा ७३ प्रतिशत तथा विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशत हिस्सा संस्थागत विद्यालयको रहेको छ । सरकारले अवलम्वन गरेको शिक्षा नीतिलाई अक्षरश पालना गराउने र गुणस्तरीय शिक्षा प्राप्तिका लागि उचित वातावरण सृजना गरी सहकार्य, समन्वय र सहजीकरण गर्नु आजको आवश्यकता रहेको छ ।

### ५.४ समस्या तथा चुनौतीहरु

निजी विद्यालयको शिक्षा गुणस्तरीय हुन्छ भन्ने विश्वास आम अभिभावकमा छ । गुणस्तरीय शिक्षामा गरेको योगदानलाई बेवास्ता गरेर निजी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई राज्यले प्रदान गर्ने छात्रवृत्ति तथा अन्य सुविधाबाट बञ्चित गराएको, निजी विद्यालयमा सरकारी कर्मचारीका छोराछोरीहरुलाई पढाउन निरुत्साहित गर्ने नीति लिएको, सेवा क्षेत्र भनिए पनि कुनै प्रकारको सेवा सहुलियत र छुट नदिइएको जस्ता गुनासो निजी विद्यालयका संगठनहरुको रहेको पाइन्छ । यस्तो स्थितिमा निजी शिक्षामा गरिएको लगानीको सुरक्षा गर्दै निजी विद्यालयहरुलाई नियमन गरेर सेवामुखी बनाउनु पर्ने आवश्यकता रहेको छ ।

### ५.५ उद्देश्य

१. संस्थागत विद्यालयलाई प्रचलित ऐन र नियमावली बमोजिम नियमन तथा सहजिकरण गरी सेवामुखी बनाउनु
२. विद्यालयमा सुशासन कायम गरी गुणस्तरीय शिक्षाको लागि अभिप्रेरित गर्नु
३. विश्व बजारमा प्रतिस्पर्धा योग्य जनशक्ति उत्पादन गर्नु

### ५.६ रणनीतिहरु

१. निजी लगानीमा खुलेका विद्यालयहरुलाई नियमन गर्ने
२. गुणस्तरीय शिक्षाका लागि प्रोत्साहन गर्ने
३. विद्यालयमा सुशासन कायम गर्ने
४. निजी विद्यालयहरुका भवन, कक्षाकोठा, फर्निचर आदि भौतिक सुबिधाहरुको मापदण्ड तोकी बालमैत्री बनाउन लगाउने
५. समय सापेक्ष हुने गरी पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरू थप गर्ने/गर्न लगाउने
६. लेखापरीक्षक नियुक्ति कम्पनी ऐन अनुसार हुने सोको जानकारी तथा प्रतिवेदन स्थानिय निकायलाई उपलब्ध गराउने
७. संस्थागत विद्यालयको प्रतिनिधि सहितको अनुगमन समिति मार्फत अनुगमनको भूमिका प्रदान गर्ने
८. निजी विद्यालयहरुमा नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम लागु गराउने र प्राथमिक तहको कक्षा १-३ मा लागु गरिएको एकिकृत पाठ्यक्रमको सिद्धान्त लागु गराउने
९. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई तोकिए अनुसार निजी विद्यालयहरुले छात्रवृत्ति प्रदान गर्नुपर्ने व्यवस्थालाई अनिवार्य रुपमा लागु गराउने
१०. गुणस्तरीय शिक्षाका लागि एउटा संस्थागत विद्यालयले कुनै एउटा सामुदायिक विद्यालयसँग सहकार्य गर्नुपर्ने नीति लागु गराउने
११. संस्थागत विद्यालयहरुको संलग्नतामा सामुदायिक- संस्थागत विद्यालय साझेदारीको नमुना तयार गरी लागु गराउने

### ५.७ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ५.७.१ उपलब्धि

१. संस्थागत सामुदायिक विद्यालय साझेदारी विकास कार्यक्रम सञ्चालन भएको हुनेछ
२. निजी विद्यालयको भौतिक सुबिधाको मापदण्ड तोकिनेछ
३. विद्यालय नक्साङ्कन र समायोजन भएको हुनेछ
४. राष्ट्रिय पाठ्यक्रम लागु भएको हुनेछ
५. विद्यालय वर्गीकरण तथा तोकिएको छात्रवृत्ति नियमानुसार वितरण भएको हुनेछ

#### ५.७.२ नतिजा

१. विद्यालय शासन तथा सार्वजनिक जवाफदेहीताको पालना भएको हुनेछ
२. शिक्षामा गुणस्तर तथा शैक्षिक सुशासन कायम भएको हुनेछ
३. कानुन बमोजिम संस्थागत विद्यालयको नियमन भएको हुनेछ

५.७.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( २०८२।८३ - २०८६।८७ ) | | | | | | | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | बजेट | | क्रम |
| १ | निजी विद्यालय व्यवस्थापन तथा नियमन | शिक्षक | निरन्तर | | | | | | ० | पालिका | पि२ |
| २ | लक्षित वर्गको सेवा सुविधा वितरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५००० | पालिका | पि २ |
| ३ | कक्षाकोठाको अवलोकन एवम् निरीक्षण गर्ने | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ० | पालिका | पि २ |
| ४ | संस्थागत तथा सामुदायिक विद्यालय बिच सिकाइ अनुभव आदान प्रदान | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ७५ | ४५०० | | पि 2 |
| ५ | विव्यस अभिभावकहरुको क्षमता विकास | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ७५ | २५०० | संघीय र प्रदेश सरकार | पि २ |
| ६ | एकीकृत रुपमा आधारभूत तहको परीक्षा सञ्चालन | विद्यालय | २००० | २००० | २००० | २००० | २००० | १०००० | १५०० | संघीय र प्रदेश सरकार | पि२ |
| **जम्मा (प्रति वर्ष बजेट)** | | | **२७००** | **२७००** | **२७००** | **२७००** | **२७००** | **१३५००** | **१३५००** | | |
| **जम्मा (आन्तरिक स्रोत )** | | | **२७००** | **२७००** | **२७००** | **२७००** | **२७००** | **१३५००** | **१३५००** | | |

# परिच्छेदः छ

## ६. सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

बालबालिकाको लागि समावेशी,समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गरी नगरको सामाजिक तथा आर्थिक रुपान्तरणमा योगदान गर्ने लक्ष्य प्राप्तिका लागि प्रभावकारी शासकीय प्रबन्ध तथा व्यवस्थापन आवश्यक छ । सार्वजनिक सेवालाई सबल,चुस्त,सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व,पारदर्शिता,जिम्मेवारी बोध वा जवाफदेहीपन,विधिको शासन,समता तथा समावेशीता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरुलाई जनाउँछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न,कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न,विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ।

शिक्षाको वर्तमान संरचनालाई हेर्दा संघ,प्रदेश र स्थानीय सरकार अन्तर्गत देहाय अनुसारका शैक्षिक प्रशासकीय प्रबन्ध रहेको पाईन्छ। संघीय संरचना अन्तर्गत शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानवश्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई रहेका छन्। प्रदेश संरचना अन्तर्गत सामाजिक विकास मन्त्रालय, प्रदेश शिक्षा विकास निर्देशनालय र शैक्षिक तालिम केन्द्र रहेको छ । स्थानीय संरचना अनुसार सामाजिक विकास समिति, नगर शिक्षा समिति, शिक्षा,युवा तथा खेलकुद शाखा, वडा शिक्षा समिति, आधारभूत र माध्यमिक विद्यालय, सामुदायिक सिकाइ केन्द्र र विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघ रहेको देखिन्छ। शैक्षिक अवसरहरुलाई सेवाग्राहीहरुको सहज पहुँचमा गुणस्तरीय सेवा प्रवाह गर्नु राज्यको अनिवार्य दायित्व हो । उक्त दायित्व पूरा गर्नका लागि शैक्षिक योजना तथा नीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि ऐन, नियम, कार्यविधि र निर्दिशकाहरु जारी गरिएको हुन्छ।

नगरपालिकाको शिक्षा संचरना अन्तर्गत सामाजिक विकास समिति,  नगर शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा,युवा तथा खेलकुद शाखा, १९ वटा सामुदायिक विद्यालय  र  ३ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन्। यस्तै गरी निजि लगानीमा सञ्चालित ७० वटा विद्यालयको अतिरिक्त उक्त सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेका छन। नगर पालिकाको समग्र शैक्षिक गतिविधि एवम् कार्यक्रमहरुलाई  प्रभावकारीरुपमा सञ्चालन  र कार्यान्वयन गर्नका लागि स्थानीय शिक्षा ऐन, २०७४ जारी भएको र सोही अनुसार आन्तरिक शिक्षा प्रशासन र शैक्षिक कार्यक्रम एवम् गतिविधिहरु कार्यान्वयन भएका छन्। संस्थागत संरचनालाई  जीवन्त र गतिशिल बनाई अपेक्षित नतिजा हासिल गर्नका लागि प्रचलित ऐन, नियम र मापदण्ड बमोजिम जनशक्ति व्यवस्थापन गरिएका छन। उक्त संचरनाहरुमा नेतृत्वदायी र सहयोगी भूमिका लागि पदीय जिम्मेवारी सहित कार्यविवरण  तोकिएका छन्।

### ६.१.२ वर्तमान अवस्था

१. स्थानीय शिक्षा ऐन, २०७४ जारी
२. आवधिकरुपमा शिक्षा नीति तथा कार्यक्रम र बजेट निमार्ण र कार्यान्वयन
३. आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु बनाइएको
४. सामाजिक विकास समिति गठन  र समितिले आवश्यता अनुसार नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह
५. नगर  शिक्षा समिति गठन र नेतृत्वदायी भूमिका प्रदान
६. तोकिएको संख्यामा जनशक्ति व्यवस्थापन सहित शिक्षा,युवा तथा खेलकुद शाखाले शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण
७. सबै वडामा वडा शिक्षा समिति गठन भएको र वडास्तरमा शैक्षिक समन्वयात्मक विकास

८. १९ वटा वाविके,५ वटा आधारभूत विद्यालय कक्षा (१-५),२ वटा आधारभूत विद्यालय कक्षा (१-८),६ वटा माध्यमिक विद्यालय कक्षा (१-१०) र ६ वटा माध्यमिक विद्यालय कक्षा (१-१२) अनुमति एवम् स्वीकृति लिई सञ्चालनमा रहेका।
९. ३ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन
१०. ७० वटा संस्थागत विद्यालयहरु अनुमति सहित सञ्चालन
११. सबै विद्यालयमा विव्यस र शिअसंघ गठन र क्रियाशिल
१२. सबै विद्यालयमा सामाजिक परीक्षण समिति गठन र सामाजिक परीक्षण सम्पन्न र सार्वजनिकरण
१३. सबै विद्यालयमा लेखा परीक्षण सम्पन्न र सुझाव कार्यान्वयन
१४. सबै विद्यालयमा तोकिएको मापदण्ड अनुसारको प्र. अ.को व्यवस्थापन गर्न आवश्यक
१५. सबै विद्यालयमा विद्यालय सुधार योजना बनेको यद्यपि कार्यान्वयनमा कठीनाई
१६. सबै विद्यालयमा शिक्षक,विद्यार्थी,अभिभावक र विव्यसका लागि आचारसंहिता रहेको यद्यपि आंशिक परिपालना
१७. विव्यस, शिअसंघ, वडा शिक्षा समिति र नगर शिक्षा समितिका पदाधिकारीहरुका लागि क्षमता विकास तालिमको आवश्यक
१८. सबै प्र. अ. को लागि नेतृत्व तथा क्षमता विकास तालिमको अवसर प्रदान गर्न आवश्यक
१९. शिक्षा,युवा तथा खेलकुद शाखाका कर्मचारीको लागि सेवाकालिन र छोटो अवधिको तालिमको अवसर उपलब्ध गर्न नसकिएको
२०. सबै विद्यालयमा सहायक प्र.अ. र तहगत इन्चार्जको व्यवस्था गर्न आवश्यक रहेको
२१. सबै विद्यालयमा विषयगत समितिहरु गठन र परिचालन हुन आवश्यक रहेको
२२. सबै आधारभूत विद्यालयमा बालक्लव, जुरेस, स्काउट समूह गठन र परिचालन हुन आवश्यक रहेको
२३. सबै विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति र सूचना अधिकारीको व्यवस्था गर्न आवश्यक रहेको
२४. सबै विद्यालयमा सञ्चालन हुने शैक्षिक गतिविधिका लागि फोकल पर्सन व्यवस्था गर्न आवश्यक रहेको
२५. सबै विद्यालयमा गुनासो पेटिकाको अनिवार्य व्यवस्था गर्न आवश्यक रहेको
२६. शिक्षा,युवा तथा खेलकुद शाखामा न्यूनतम अफिसियल सामग्रीको व्यवस्था भएको
२७. सबै विद्यालयमा न्यूनतम अफियसियल सामग्रीको अपर्याप्तता रहेको
२८. सबै विद्यालयमा द्रुतगतिको ईन्टरनेटको पहुँच अपर्याप्त रहेको
२९. सूचना तथा प्रविधिसँग साक्षर नभएका शिक्षक र कर्मचारीको संख्या अधिक रहेको
३०. विद्यालयमा विद्युतीय उपकरणका लागि पावर ब्याकअपको व्यवस्था कमजोर
३१. शिक्षा,युवा तथा खेलकुद शाखामा पावर ब्याकअपको व्यवस्था रहेको
३२. सबै विद्यालयमा नागरिक वडापत्र एवम् सेवाग्राही वडापत्रको आवश्यकता रहेको

**६.१.३ अवसर र चुनौतीहरु**

१. शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता
२. सबै प्र. अ. सँग कार्य सम्पादन करार सम्झौता गर्न आवश्यक
३. आवश्यक पर्ने शिक्षा नियमावली र कार्यविधि एवम् निर्देशिका जारी हुन आवश्यक
४. प्र.अ., विव्यस र शिअसंघका पदाधिकारीहरुको क्षमता विकास तालिम
५. विद्यालयहरुमा गुनासो पेटिका र गुनासो सुन्ने शिक्षक कर्मचारीको व्यवस्था
६. विद्यालयमा लैङ्गिक फोकल पर्सन र सूचना अधिकारीको व्यवस्था
७. विद्यालयका लागि विद्यालय सञ्चालन र प्रअ भत्ताका लागि थप अनुदानको व्यवस्था
८. प्र .अ., शिक्षक र कर्मचारीको पेशागत क्षमता विकास एवम् सहायता पद्धतिका लागि संयन्त्रको व्यवस्था
९. विद्यालयलाई विशुद्ध शैक्षिक र प्राज्ञिक संस्थाका रुपमा विकास गर्न आवश्यक
१०. विद्यालयमा अभिभावकको चासो र सहभागितामा सुधार गर्न आवश्यक

### ६.१.४ उद्देश्यहरु

१. ५ वर्षको आवधिक शिक्षा योजना निर्माण गर्नु
२. शैक्षिक प्रशासन एवम् व्यवस्थापनलाई प्रभावकारी बनाउन शिक्षा ऐन, परिमार्जन शिक्षा नियमावली र कार्यविधि तथा निर्देशिका जारी गर्नु
३. शिक्षा,युवा तथा खेलकुद शाखा, विद्यालय र सामुदायिक सिकाइ केन्द्रमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु
४. सामाजिक विकास समिति, नगर शिक्षा समिति,शिक्षा,युवा तथा खेलकुद शाखा र विद्यालयका प्र.अ.,शिक्षक र विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास गर्नु
५. शैक्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गवाट कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु
६. संघ,प्रदेश र स्थानीय सरकार मातहतका सरकारी निकाय तथा गैह्रसरकारी संघ संस्थासँग समन्वय, सहकार्य र सहयोगको लागि आवश्यक वातावरण विकास गर्नु
७. समग्र शैक्षिक नतिजाप्रति जवाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु

### ६.१.५ रणनीतिहरु

१. प्र. अ.,शिक्षक, विव्यस र शिअसंघका पदाधिकारीको लागि क्षमता विकास तालिम सञ्चालन गर्ने
२. विद्यालय व्यवस्थापन तथा सञ्चालन र प्र. अ.को थप भत्ताका लागि नगरपालिकास्तरबाट कार्यसम्पादन करार सम्झौता र प्राप्त नतिजाको आधारमा प्रोत्साहन उपलब्ध गराउने
३. नगरपालिका भित्रका शिक्षकहरुको सहायताका लागि शिक्षक सहायता पद्धतिको स्थापना गर्ने
४. नगरपालिकाको अधिकार र दायित्वसँग सम्बन्धित अस्पष्ट रहेका पक्षहरुमा स्पष्टताको लागि संघ र प्रदेशस्तरीय कानुनसँग नबाझिने गरी आवश्यक कानुनी व्यवस्थाको प्रबन्ध गर्ने
५. नगरपालिका भित्र स्थापित संरचना र कार्यरत कर्मचारीको क्षमता विकास गर्ने
६. नगरपालिका भित्रका सबै विद्यालयमा शैक्षिक सुशासनसँग सम्बन्धित न्यूनतम कार्य र पेशागत एवम् पदीय जिम्मेवारी बहनका लागि नागरिक वडापत्र र कार्यविवरण लागु गर्ने
७. सबै सामुदायिक विद्यालयको लागि शैक्षिक सुशासन र गुणस्तर सुधारको लागि साझा प्रतिवद्धतापत्र जारी र कार्यान्वयन गर्ने
८. सामुदायिक विद्यालयका प्र. अ. र शिक्षकका लागि कार्यसम्पादन करार सम्झौताको नीति लागु गर्ने
९. विद्यालयहरुका लागि नागरिक वडा पत्र र शिक्षकहरुका लागि सिकाइ वडापत्रको नीति लागु गर्ने

### ६.१.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ६.१.६.१ उपलब्धिहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. नगरपालिकाका शैक्षिक व्यवस्थापनसँग सम्बन्धित निकाय र विद्यालयहरुमा सुशासनको प्रबर्धन भइ बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ
२. शिक्षा,युवा तथा खेलकुद शाखा र विद्यालयहरुमा न्यूनतम स्रोत साधनको व्यवस्थापन भइ कार्यसम्पादनस्तर र नतिजामा सुधार भएको हुनेछ
३. संस्थागत क्षमता अभिवृद्धि भइ उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ
४. विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ

#### ६.१.६.२ नतिजाहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. विद्यालयहरुमा नागरिक वडापत्र र शिक्षक,विद्यार्थी,अभिभावक र विद्यालय व्यवस्थापन समितिका लागि आचारसंहिता निर्माण भइ परिपालना भएको हुनेछ

२. प्र. अ.हरुसँग कार्य सम्पादन करार सम्झौता भइ कार्यान्वयन भएको हुनेछ
३. सबै विद्यालयहरुले शैक्षिक सुशासन र गुणस्तर सुधारका लागि न्यूनतम साझा प्रतिवद्धता पत्र जारी गरि सोको कार्यान्वयन भएको हुनेछ
४. विद्यालयहरुमा सूचना अधिकारी, गुनासो सुन्ने शिक्षक र लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था भएको हुनेछ
५. शिक्षा,युवा तथा खेलकुद शाखा र विद्यालयमा हुने समग्र गतिविधिहरुको डाटावेस अभिलेखीकरण र सम्प्रेषित भएको हुनेछ

६.१.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र . सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकासँग प्रधानाध्यापक कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन (पालिका स्तर) | विद्यालय जना | १९ | १९ | १९ | १९ | १९ | ९५ | 0 | पालिका/ विद्यालय | पि१ |
| २ | प्रधानाध्यापकसँग शिक्षकले कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन (पालिका स्तर) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | 0 | पालिका/ विद्यालय | पि१ |
| ३ | विद्यालयस्तरमा साझा प्रतिबद्धता पत्र र सोको कार्यान्वयन विद्यालय स्तर) र समीक्षा | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | २५० | पालिका/ विद्यालय | पि१ |
| ४ | विद्यालयका प्रमुख सरोकारवालाहरुको लागि आचारसंहिता निर्माण र परिपालना | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | 0 | विद्यालय | पि२ |
| ५ | शिक्षकहरुका लागि सिकाइ वडापत्र जारी र कार्यान्वयन (विद्यालय) र समीक्षा | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | २५० | पालिका/ विद्यालय | पि२ |
| ६ | विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति गुनासो सुन्ने शिक्षक र सूचना अधिकारीको व्यवस्था र अभिमुखीकरण (पालिका स्तर) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | २५० | पालिका/ विद्यालय | पि३ |
| ७ | विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति गुनासो सुन्ने शिक्षक र सूचना अधिकारीको व्यवस्था र (पालिका स्तर) र कार्यान्वयन (विद्यालय) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | 0 | पालिका/ विद्यालय | पि३ |
| ८ | विद्यालय अभिभावक दिवस एवम् | पटक/ | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यालय | पि३ |

| क्र . सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक सुनुवाइ | बार्षिक | | | | | | | | | |
| ९ | वर्ष उत्कृष्ट प्र अ / शिक्षक / विद्यार्थी /अभिभावक सम्मान कार्यक्रम (पालिका स्तर ) | पटक /बार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि३ |
| १० | अनिवार्य अवकाश, जेष्ठ स्थायी शिक्षक सम्मान कार्यक्रम (पालिका स्तर) | जना/बार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका | पि३ |
| ११ | विद्यालयका प्रधानाध्यापकहरुलाई प्रोत्साहन अनुदान | विद्यालय / बार्षिक | १९ | १९ | १९ | १९ | १९ | ९५ | ३९५२ | पालिका<br>प्रति महिना रु ५०० | पि१ |
| १२ | विद्यालय व्यवस्थापन प्रोत्साहन अनुदान | विद्यालय / बार्षिक | १९ | १९ | १९ | १९ | १९ | ९५ | २३७५ | प्रति तहगत विद्यालय ( रु २५०० - ७५०००) | पि२ |
| १३ | पूर्व विद्यार्थी सञ्जाल गठन र परिचालन (विद्यालय स्तर) | निरन्तर | १ | १ | १ | १ | १ | ५ | 0 | विद्यालय / पालिका | पि३ |
| १४ | आमा समूह गठन र परिचालन | निरन्तर | ६ | ६ | ६ | ६ | ६ | ३० | ५०० | पालिका र वडा स्तर | पि३ |
| १५ | शैक्षिक बुलेटिन एवम् स्मारिका प्रकाशन (पालिका स्तर ) | पटक/ बार्षिक | १ | १ | १ | १ | १ | ५ | १००० | शिक्षा,युवा तथा खेलकुद शाखा / पालिका | पि२ |
| **जम्मा (आन्तरिक स्रोत: प्रति वर्ष बजेट )** | | | **१९१५** | **१९१५** | **१९१५** | **१९१५** | **१९१७** | **९५७७** | **९५७७** | | |
| १६ | विद्यालय सामाजिक परीक्षण र | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ५०० | ससर्त | पि१ |

| क्र . सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिकरण (विद्यालय स्तर ) | | | | | | | | | | |
| १७ | विद्यालय लेखापरीक्षण र सुझाव कार्यान्वयन (विद्यालय स्तर ) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | 0 | विद्यालय | पि१ |
| १८ | विद्यालयका प्रमुख सरोकारवालाका लागि क्षमता विकास कार्यकम (पालिका स्तर ) | पटक/ बार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त / पालिका | पि१ |
| १९ | विद्यालय सुधार योजना निर्माण र परिमार्जन एवम् कार्यान्वयन (विद्यालय स्तर) | विद्यालय / वार्षिक | १९ | १९ | १९ | १९ | १९ | ९५ | २३७५ | ससर्त / विद्यालय | पि१ |
| २० | शैक्षिक डाटावेस अभिलेख व्यवस्थापन (पालिका स्तर) | निरन्तर | १ | १ | १ | १ | १ | ५ | 1000 | ससर्त / विद्यालय / पालिका | पि२ |
| **जम्मा (वाह्यस्रोत: प्रति वर्ष बजेट )** | | | **८७५** | **८७५** | **८७५** | **८७५** | **८७५** | **४३७५** | **४३७५** | | |
| **जम्मा (प्रति वर्ष बजेट )** | | | **२७९०** | **२७९०** | **२७९०** | **२७९०** | **२७९२** | **१३९५२** | **१३९५२** | | |

## ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना निर्माण एवम् तर्जुमा गर्नु केवल सुरुवात चरण हो। यसको प्रभावकारी कार्यान्वयनको लागि उक्त योजना अन्तर्गतका प्रमुख क्रियाकलापलाई कार्यक्रम कार्यान्वयन योजना बनाई कार्यान्वयनका लागि स्रोत र साधनको व्यवस्था सहित जनशक्ति परिचालन गर्न जरुरी हुन्छ। कार्ययोजना एउटा मार्ग मात्र हो। जसमा किन गर्ने ? के गर्ने ? कसरी ? कहिले गर्ने ? क- कसको समन्वय र अगुवाईमा गर्ने वा गराउने ? कहाँ गर्ने ? गरेको ठीक छ वा छैन ? जस्ता पक्षहरु समावेश गरिएको हुन्छ। त्यसको कार्यान्वयनका लागि आवश्यक संरचना वित्तीय प्रबन्ध स्पष्ट जिम्मेवारी र उत्तरदायित्व सहित जनशक्ति परिचालन नै योजना कार्यान्वयनको प्रबन्ध हो। Pre- During & Post चरणमा गर्ने समग्र पक्ष केन्द्रित सोच एवम् कार्यदिशा अनुसार कानुनी नीतिगत व्यवस्था गर्नु अनिवार्य हुन्छ। योजनामा लिपिबद्ध कार्यक्रमहरुको कार्यान्वयनका लागि संघ,प्रदेश र स्थानीय सरकारको बिचमा समन्वय सहकार्य र सहयोगको आवश्यक हुन्छ। जसबाट कार्यक्रममा डुब्लिकेशन नभइ कार्यान्वयनमा सहजीकरणका लागि मार्ग प्रशस्त हुन्छ। त्यसको अतिरिक्त कार्यान्वयनको क्रममा साझेदार संस्था र लाभान्वित निकाय वा संस्थासँगको जानकारीमा कार्यक्रम सञ्चालन गरेको अवस्थामा प्रभावकारीरुपमा सम्पन्न हुने कुरामा निश्चित हुन्छ।

### ६.२.२ वर्तमान अवस्था

**क ) जनशक्ति व्यवस्थापन एवम परिचालन**

१. नगरसभामा ५२ जना, कार्यपालिका पदाधिकारी २१ जना र सामाजिक विकास समितिका पदाधिकारी ४ जना
२. नगर शिक्षा समितिका पदधिकारी ११ जना र वडा शिक्षा समिति पदाधिकारी ९ जना
३. शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी ४ जना
४. ३ वटा सामुदायिक सिकाइ केन्द्र र कार्यरत कर्मचारी ३ जना
५. १९ वटा सामुदायिक विद्यालय र कार्यरत प्र.अ. र शिक्षक कर्मचारीहरु २९९ जना
६. ७० वटा संस्थागत विद्यालय र कार्यरत प्र.अ. र शिक्षक कर्मचारीहरु १७५० जना
७. नगरपालिकाका सबै विद्यालयमा अध्ययनरत विद्यार्थीहरु २७५८८ जना
८. सबै विद्यालयका विव्यस र शिअसंघका पदधिकारीहरु
९. संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरु
१०. नगरपालिकाको कार्यालयमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरु
११. स्थानीय शिक्षाविद् र रैथाने ज्ञान, सिप र अनुभवी जेष्ठ नागरिकहरु
१२. नगरपालिका अन्तर्गका विद्यालयमा अध्ययनरत पूर्व विद्यार्थीहरु

**ख) कानुनी आधार एवम् दस्तावेजहरु**

१. नगरपालिकाबाट जारी गरिएका ऐन,नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र निर्देशनहरु तथा नीति तथा कार्यक्रमहरु
२. संघ र प्रदेश सरकारबाट जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र निर्देशनहरु तथा नीति तथा कार्यक्रमहरु
३. शिक्षा,युवा तथा खेलकुद शाखा र विद्यालयहरुबाट विकास गरिएका अभिलेख सूचना तथा तथ्याङ्क र प्रगति प्रतिवेदन

**ग) संस्थागत संरचना**

१. नगर सभा र नगर कार्यपालिकाको कार्यालय
२. नगर शिक्षा समिति र वडा शिक्षा समिति
३. वडा नं १ देखि १० को कार्यालय
४. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ
५. सामुदायिक सिकाइ केन्द्र
६. बालक्लव र पूर्व विद्यार्थी सञ्जाल
७. विद्यालय र विषयगत शिक्षक समिति

**घ) स्रोतको व्यवस्थापन एवम् वित्तीय प्रबन्ध**

१. संघ र प्रदेश ससर्त वित्तीय हस्तान्तरण अनुदान
२. संघ र प्रदेश समानीकरण, समपुरक र विशेष अनुदान
३. नगरपालिकाको आन्तरिक स्रोत
४. विद्यालयको आन्तरिक स्रोत
५. समुदाय र अभिभावक सहयोग
६. साझेदार संस्थाबाट प्राप्त अनुदान एवम् जिन्सी सामग्री
७. स्थानीय संघ / संस्था / समूह र व्यक्तिबाट प्राप्त नगद एवम् जिन्सी सामग्री
८. संघ र प्रदेश सांसद विकास कोष एवम् प्राप्त अनुदान

### ६.२.३ अवसर र चुनौती

१. नगरपालिकाको आवधिक विकास योजना
२. नगरपालिकाको आवधिक शिक्षा योजना
३. नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट
४. नगरपालिका नेतृत्व जनप्रतिनिधि,कर्मचारीहरुको बिच योजना निर्माण तर्जुमा र कार्यान्वयन सम्बन्धी अभिभमुखीकरण एवम् क्षमता विकास
५. विद्यालयस्तरमा प्र.अ.,शिक्षक, विव्यस पदाधिकारीहरुको बिच योजना निर्माण तर्जुमा र कार्यान्वयन सम्बन्धी अभिमुखीकरण एवम् क्षमता विकासको अवसर
६. नगरपालिकास्तरमा लगानी सम्मेलन
७. नगरपालिकास्तरमा योजना तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रम
८. विद्यालयस्तरमा योजना तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रम
९. वडास्तरमा योजना तर्जुमा एवम् कार्यान्वयन सम्बन्धी क्षमता विकास कार्यक्रम
१०. सामाजिक विकास समितिको नेतृत्वदायी र समन्वयकारी भूमिका
११. नगर शिक्षा समितिको नेतृत्व, समन्वय र नियमनकारी भूमिका
१२. अभिभावकको सहभागिता र संलग्नाता
१३. विव्यस, शिअसंघको सहभागिता र संलग्नता
१४. विद्यालय प्र. अ., शिक्षक, विद्यार्थीहरु परिचालन र सहभागिता
१५. स्थानीय जनप्रतिनिधि, विद्यालय बिच समन्वय र सहकार्य
१६. सामुदायिक सिकाइ केन्द्र,अभिभावक वा समुदाय बिचको समन्वय र सहकार्य
१७. संघ,प्रदेश र स्थानीयतहका संस्थागत संरचनाहरु बिचको समन्वय,सहयोग र सहकार्य
१८. पूर्व विद्यार्थीहरुको सञ्जाल गठन र परिचालन

### ६.२.४ उद्देश्यहरु

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु
२. शिक्षा योजनाको कार्यान्वयनको लागि सकारात्मक वातावरण तयार गर्नु
३. शिक्षा योजनाको कार्यान्वयनको क्रममा अनुगमन र सुपरीवेक्षण सहित कार्यान्वयनमा सहजीकरण गर्नु

### ६.२.५ रणनीतिहरु

१. ससर्त संघ र प्रदेशको वित्तीय हस्तान्तरण बजेट तथा नगरपालिकाको आफ्नै आन्तरिक स्रोतको आधारमा बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि र निर्देशिका एवम् मापदण्ड विकास गर्ने
३. बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विद्यालयहरुमा निकासा हुने बजेट तथा कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका विकास गर्ने

४. शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा देखिने समस्या एवम् जोखिमको लागि आवश्यक नीति र निर्देशन सहित समन्वय गर्ने
५. एकीकृत सूचना प्रणाली मार्फत कार्यक्रमको प्रगति प्रतिवेदनका आधारमा नतिजा सूचकहरु एकिन गर्ने मूल्याङ्कन / समीक्षा पश्चात सुधारका लागि पृष्ठपोषण प्रयोग गर्ने
६. विद्यालयहरुमा विव्यस र शिअसंघ गठन पश्चात मात्र विद्यालय सुधार योजना निर्माण गर्न सहजीकरण गर्ने
७. विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न अनिवार्य गर्ने
८. अभिभावकको रोहवरमा सामाजिक परीक्षण समितिबाट गरिएको परीक्षण प्रतिवेदनलाई सार्वजनिकरण गर्न सहजीकरण गर्ने
९. वित्तीय व्यवस्थापन खरिद प्रकिया र शिक्षकको कक्षाकोठामा बिताउने समय र कार्यको सुनिश्चितताको लागि आवश्यक मापदण्ड तयार गर्ने
१०. विद्यालय र समुदायको सहभागितामा सामुदायिक सिकाइ केन्द्र मार्फत विद्यालय बाहिर रहेका वा कक्षा छाडेका बालबालिकाहरुको तथ्याङ्क एकिन गर्ने र नवसाक्षरहरुको लागि निरन्तर शिक्षा एवम् आय आर्जन केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने
११. सामाजिक विकास समिति, नगर शिक्षा समिति, वडा शिक्षा समितिका पदाधिकारी र शिक्षा,युवा तथा खेलकुद शाखाका कर्मचारीहरुका लागि शिक्षा योजना तर्जुमा, बार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा अनुगमन सम्बन्धमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
१२. विद्यालय तहमा कार्यक्रम कार्यान्वयनको क्रममा आउने समस्याको समाधान र गुनासोको सम्बोधन नगर शिक्षा समितिको अगुवाईमा गर्ने

### ६.२.६ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### ६.२.६.१ उपलब्धिहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन

१. आवधिक शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको लागि सुनिश्चितता भएको हुनेछ

#### ६.२.६.२ नतिजाहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछ

१. पालिकाको शिक्षासँग सम्बन्धित सबै संस्थागत संचरना एवम् विद्यालयमा सुशासनको प्रबर्धन भइ बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ
२. योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति, निर्देशन, कार्यविधि र निर्देशिका तयार भएको हुनेछ
३. विद्यालय स्तरमा सामाजिक परीक्षण र विद्यालय सुधार योजना निर्माण सम्बन्धी न्यूनतम ज्ञान,सिप र अभ्यास केन्द्रित क्षमता विकास भएको हुनेछ
४. नगरपालिका स्तरका प्रमुख सरोकारवालाहरुमा शिक्षा तर्जुमा कार्यान्वयन र समीक्षा सम्बन्धी न्यूनतम ज्ञान सिप र अभ्यास केन्द्रित क्षमता विकास भएको हुनेछ
५. नगरपालिका भित्रका विद्यालय बाहिर रहेका एवम् कक्षा छाडेका बालबालिका र नवसाक्षरहरुको लागि आधारभूत र कार्यमूलक साक्षरताको सिप प्राप्त भएको हुनेछ

६.२.६.३ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्र . सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | अनुमानित बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लगानी सम्मेलन | पटक | १ | | | | | १ | ५०० | पालिका | पि१ |
| २ | नगरपालिकामा खेलकुद प्रबर्धन तथा एक खेलकुद शिक्षकको व्यवस्था | पटक /जना | १ | १ | १ | १ | १ | ५ | १४८८० | पालिका | पि१ |
| ३ | सामुदायिक विद्यालय सवलीकरण (PBF) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | ९५०० | पालिका | पि१ |
| ४ | घर शिक्षा टोल शिक्षा कार्यक्रम (थालनी) | विद्यालय | १९ | १९ | १९ | १९ | १९ | ९५ | १७१० | पालिका | पि१ |
| ५ | बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा (पालिका स्तर) | पटक/ बार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका / शिक्षा,युवा तथा खेलकुद शाखा | पि१ |
| ६ | बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि मापदण्ड र निर्देशिका निर्माण (पालिका स्तर) र परिमार्जन | पटक/ बार्षिक | १ | | | | | १ | २०० | पालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा | पि१ |
| ७ | कार्यक्रम कार्यान्वयन कार्यविधि, मापदण्ड र निर्देशिकाको प्रवोधिकरण (पालिका स्तर) | पटक/ बार्षिक | १ | | | | | १ | २०० | पालिका / शिक्षा,युवा तथा खेलकुद शाखा | पि१ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | अनुमानित बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षा क्षेत्रका प्रमुख सरोकारवालाहरुको लागि शैक्षिक गुणस्तर एवम् बार्षिक कार्यक्रम समीक्षा सम्बन्धी अन्तरक्रिया कार्यकम (पालिका स्तर) | पटक/ बार्षिक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका/ शिक्षा,युवा तथा खेलकुद शाखा | पि१ |
| ९ | कार्यपालिका, पदाधिकारी, नगर पालिका र वडा शिक्षा समिति र शाखाका कर्मचारीका लागि शिक्षा योजना तथा कार्यक्रम तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक/ बार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका / शिक्षा,युवा तथा खेलकुद शाखा | पि२ |
| **जम्मा (आन्तरिक स्रोत : प्रतिवर्ष बजेट )** | | | **६५१८** | **५६१८** | **५६१८** | **५६१८** | **५६१८** | **२८९९०** | **२८९९०** | | |
| १० | विद्यालय सुधार योजना निर्माण र अद्यावधिक सम्बन्धी क्षमता विकास कार्यशाला तथा तालिम (पालिका स्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त / गैसस | पि२ |
| ११ | सामाजिक परीक्षण सम्बन्धी कार्यशाला तथा तालिम ( पालिका स्तर ) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त / गैसस | पि२ |
| १२ | विद्यालयहरुका लागि बार्षिक प्रगति प्रतिवेदन एवम् स्थिति प्रतिवेदन सम्वन्धी क्षमता | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त / गैसस | पि२ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | इकाइ | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ५ वर्षको जम्मा | अनुमानित बजेट रु००० | जिम्मेवारी र स्रोत | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकासकार्यक्रम (पालिका स्तर) | | | | | | | | | | |
| १३ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कार्यक्रमका लागि सामुदायिक सिकाइ केन्द्र परिचालन कार्यक्रम (वडा स्तर एवम् समुदाय स्तर) | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० | ससर्त / सासिके / गैसस | पि२ |
| **जम्मा (वाह्य स्रोत : प्रति वर्ष बजेट )** | | | **८००** | **८००** | **८००** | **८००** | **८००** | **४०००** | **४०००** | | |
| **जम्मा** | | | **७३१८** | **६४१८** | **६४१८** | **६४१८** | **६४१८** | **३२९९०** | **३२९९०** | | |

# परिच्छेद : सात

## ७. लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

संवैधानिक एवम् कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहित गुणस्तरीय शिक्षा प्रदान गर्नु तीन तहका सरकारको साझा दायित्व हो । यसको लागि संरचनागत संस्थागत सक्षमता अनिवार्य शर्त हो । जसको विना गुणस्तरको सपना केवल नारामा सीमित हुने कुरा निश्चित छ । संस्थागत सक्षमताबाट नै शैक्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अपेक्षित गुणस्तरीय नतिजा प्राप्त गर्न सकिन्छ । जसका लागि विवेक पूर्णढङ्गबाट स्रोतको पहिचान, कार्यक्रम प्राथमिकीकरण र उपलब्ध स्रोतको विनियोजन तथा कार्यान्वयनका लागि जनशक्ति व्यवस्थापन, अनुगमन एवम् मूल्याङ्कन हुनु आवश्यक हुन्छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको लागि वित्तीय व्यवस्थापन संघ,प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतको लागि संघीय र प्रदेश स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै आन्तरिक स्रोतबाट शिक्षाको लागि लगानी हुने गरेको छ । यसको अतिरिक्त स्थानीय सहयोगी हातहरु र गैह्र सरकारी निकायसँगको सहकार्यबाट शिक्षामा भएको योगदानलाई पनि वित्तीय स्रोतको रुपमा लिन सकिन्छ । साथै स्थानीय सरोकारवालाहरुको श्रमदान र वित्तीय सहयोग तथा स्वयं विद्यालयहरुको आन्तरिक आम्दानीलाई पनि विद्यालय शिक्षाको लागि अर्को स्रोतको रुपमा लिन सकिन्छ । संघ र प्रदेश सरकारबाट अनिवार्य दायित्व केन्द्रित र कार्यक्रममा आधारित तोकिएको खर्च शीर्षक र मापदण्डमा खर्च व्यवस्थाका लागि ससर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण हुने प्रावधान छ । यसको कार्यान्वयनमा सहजीकरणका लागि संघ एवम प्रदेश सरकारबाट आवश्यक मार्गदर्शन र कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका उपलब्ध हुने गरेको छ ।

शिक्षा क्षेत्रमा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने ? कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने ? विनियोजित स्रोतको प्रवाह कसरी गर्ने ? र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषय यस परिच्छेदमा विश्लेषण सहित प्रस्तुत गरिएको छ ।

### ७.२ वर्तमान अवस्था

बालबालिकाको शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको अध्ययनहरुले देखाएका छन् । संस्थागत विद्यालयहरुमा वार्षिक शुल्कलगायत सबै खर्च घरपरिवारबाटै हुने गर्छ भने सामुदायिक विद्यालयहरुमा पनि घरपरिवारको लगानी स्टेशनरी तथा पोसाक लगायतमा हुने भएकोले बालबालिकाको शिक्षामा उनीहरुको उल्लेख्य लगानी भइरहेको छ । सार्वजनिक शिक्षामा लगानीको कुरा गर्दा शिक्षकको आपूर्ति तथा व्यवस्थापनमा सर्वाधिक लगानी हुने गरेको छ । भौतिक पूर्वाधार एवम् संरचना,पाठ्यपुस्तक एवम् शैक्षिक सामग्री, प्रशासनिक खर्च, छात्रवृत्ति, विद्यालय दिवा खाजा आदि अन्य लगानीका प्रमुख विषयक्षेत्र हुन । शिक्षामा लगानी क्रमिकरुपमा बढोत्तरी गर्नुपर्छ भन्ने कुरा संघ,प्रदेश र स्थानीय सरकारको बिचमा सैद्धान्तिक सहमति भएको पाइन्छ । गतविगत वर्षको तुलनामा आगामी वर्षहरुमा लगानीको परिमाण बढ्नु स्वभाविक छ । यस नगरपालिकाको ३ वर्षको तुलनात्मक अध्ययन विश्लेषण गर्दा शिक्षाको बजेटमा वृद्धि भएको देखिन्छ ।

**आ व २०७८।०७९ देखि २०८१।८२ को तुलनात्मक विश्लेषण (शिक्षा) रु हजारमा**

| आ व | संघ ससर्त अनुदान | आधार वर्ष र हेरफेर | स्थानीय तहको आन्तरिक स्रोत | आधार वर्ष र हेरफेर | प्रदेश ससर्त अनुदान | आधार वर्ष र हेरफेर | जम्मा | आधार वर्ष र हेरफेर % प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | % प्रतिशत | | % प्रतिशत | | % प्रतिशत | रु ००० | |
| २०७८।०७९ | १७१३९० | ०.००% | ९२०६ | ०.००% | ४६७ | 0.00% | १८१०६३ | 0.00% |
| २०७९।०८० | १९०५७७ | ११.१९% | ११९१५ | २९.४३% | ४६७ | 0.00% | २०२९५९ | १२.०९% |
| २०८०।०८१ | १९२१०० | १२.०८% | ५०००० | ४४३.१२% | ५६८ | २१.६३% | २४२६६८ | ३४.०२% |
| २०८१।०८२ | १९७४०० | १५.१८% | ६३१०० | ५८५.४२% | ५६८ | २१.६३% | २६१०६८ | ४४.१९% |

माथि उल्लेखित बजेट प्रवाह तालिका अनुसार आ.व.२०७८।०७९ लाई आधार वर्ष मानि आ.व. २०७९।०८० र २०८०।८१ र २०८१।०८२ को बजेट प्रवाहलाई हेर्दा संघ ससर्त तर्फ क्रमश: ११.१९, १२.०८ र १५.१८ प्रतिशतले वृद्धि भएको देखिन्छ भने स्थानीय तहको बजेट प्रवाह क्रमश : २९.४३,४४३.१२ र ५८५.४२ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यस्तै प्रदेश ससर्त तर्फ क्रमशःवृद्धि ०र २१.६३ प्रतिशत भएको देखिन्छ । संघ ससर्त तर्पको बजेट प्रवाहलाई हेर्दा अनिवार्य दायित्व तर्फ भन्दा पनि कार्यक्रमको आधारमा वढोत्तरी भएको देखिन्छ र स्थानीय तहको कार्यक्रममा पनि अनिवार्य दायित्वलाई विशेष ध्यानमा राखि कार्यक्रम कार्यान्वयनको प्रगति स्थितिलाई हेरि बजेट हेरफेर भएको देखिन्छ । यसरी स्थानीय तहको बजेटको विनियोजनलाई विश्लेषण गर्दा राजश्व संकलन र आम्दानीको आधार लिएको देखिन्छ । यद्यपि स्थानीय सरकारको आदर्श वाक्य अर्थात दूरदृष्टिलाई हेर्दा शिक्षा प्राथमिकतामा नै रहेको देखिन्छ । तथापि बजेट सुनिश्चितता नभइ कार्यक्रम तथा बजेट विनियोजन गर्नु भन्दा कार्यान्वयनयोग्य कार्यक्रम तथा बजेट विनियोजन गर्नु उत्तम मानिन्छ । साथै आ. व. २०८१/०८२ का लागि विनियोजन बजेट रु ६३१०० हजारमा आन्तरिक स्रोततर्फको अनिवार्य दायित्व न्यून पारिश्रमिक रहेका बाल विकास सहजकर्ता २२ जना र विद्यालय कर्मचारी ४३ जना लागि थप प्रोत्साहन अनुदान समेतका लागि ७३ लाख,शिक्षण सिकाइ अनुदान ३ करोड ३१ लाख, दिवा खाजा ७० लाख स्थानीय सरकारले व्यवस्था गर्नु पर्ने स्थिति विद्यमान रहेको हुदाँ बाँकी १५७ लाख मात्र अन्य आवश्यक शैक्षिक गतिविधिका लागि विनियोजित भएको देखिन्छ । तसर्थ यस ५ वर्षे योजना भित्र पहिलो वर्षका लागि प्रस्तावित गरेका कार्यक्रम कार्यान्वयनका लागि थप स्रोतको खोजी र व्यवस्थापन गर्नका लागि संघ,प्रदेश सरकार र स्थानीय गैह्र सरकारी संघ, संस्था लगायतका सहयोगी हातहरुसँगको समन्वय, साझेदारी र सहकार्यको वातावरण हुन आवश्यक रहेको छ । यद्यपि सीमित स्रोतबाट अपेक्षित आवश्यकताको सम्बोधन गर्न हुने कठीनाईलाई ध्यानमा राखि कार्यान्वयनमा सहजताको लागि विना बजेट र बजेट आवश्यक हुने प्रस्तावित कार्यक्रमहरुलाई प्राथमिकताक्रममा राखिएको छ ।

**संघ र प्रदेश ससर्त बजेट प्रवाह स्थिति ( आ. व. २०७९ देखि २०८१ ) – ref CEHRD Nepal**

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | आ. व. २०७९।८० | आ.व. २०८०।८१ | आ.व. २०८१।८२ | कैफियत |
|---|---|---|---|---|---|
| **संघ ससर्त (क) अनिवार्य दायित्व तर्फ** | | | | | |
| ११ | आधारभूत तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी करार र विशेष शिक्षा परिषदका शिक्षक तथा कर्मचारीको तलवभत्ता र पोशाक अनुदान | ११४८०० | ११०००० | १०७६७० | |
| २ | माध्यमिक तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी राहत करार र विशेष शिक्षा परिषद तर्फका शिक्षक र कर्मचारीको तलवभत्ता र पोशाक (प्राविधिक धार तर्फका प्रशिक्षक समेत) अनुदान | ३७२०० | ४२३०० | ४४१३५ | |
| **जम्मा ( क १ र २ )** | | १५२००० | १५२३०० | १५१८०५ | |
| ३. विद्यालय शिक्षा क्षेत्र कार्यक्रम -SESP | | | | | |
| ३.१ | प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ६७१५ | ७४०१ | ७२८७ | |
| ३.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय \ मातृभाषा समेत) | ३३६३ | ३३६६ | ३६४२ | |
| ३.३ | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान | ८२८६ | ८२८० | ७७६० | |
| ३.४ | सार्वजनिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क | १३८९ | १३६२ | १३४१ | |

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | आ. व. २०७९।८० | आ.व. २०८०।८१ | आ.व. २०८१।८२ | कैफियत |
|---|---|---|---|---|---|
| | सेनेटरीप्याड व्यवस्थापन अनुदान | | | | |
| ३.५ | सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | १००२ | १०९१ | ६०४ | |
| ३.६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालय अनुदान | २१५८ | २१६७ | २९९२ | |
| ३.७ | विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान | १४३८ | १४९३ | १५१५ | |
| ३.८ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | ९१२ | ११३६ | १७३४ | |
| ३.९ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका कक्षा (६-१२) अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | ० | ० | १०० | |
| **जम्मा (क ३ )** | | **२५२६३** | **२६२९६** | **२६९७५** | |
| **संघीय ससर्त (ख) कार्यक्रम अनुदान तर्फ** | | | | | |
| ३.११ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १६५० | १८०० | ११५० | |
| ३.१२ | शैक्षिक पहुँचमा सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाइ केन्द्र ) | ८४१ | २७५० | ४००० | |
| ३.१३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षणका लागि अनुदान | ० | ८५४ | ८३२ | |
| ३.१४ | कोभिड १९ वाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपतको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम (ReAl Plan ) कार्यक्रम अनुदान | ५०० | ५०० | ५०० | |
| ३.१४ | दिगो तथा सम्मानित रोजगारको लागि सिप परियोजना | ५३०० | ७६०० | ८९७६ | |
| **जम्मा ( ख ३ )** | | **८२९१** | **१३५०४** | **१५४५८** | |
| **कुल जम्मा ( संघ ससर्त क र ख )** | | **३३५५४** | **३९८००** | **४२४३३** | |
| **प्रदेश ससर्त कार्यक्रम अनुदान तर्फ** | | | | | |
| **(क) अनिवार्य दायित्व तर्फ** | | | | | |
| ११ | माध्यमिक तहमा सुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी, गणित र विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ४६७ | ५६८ | ५६८ | |
| जम्मा ( प्रदेश ससर्त क ) | | ४६७ | ५६८ | ५६८ | |
| कुल जम्मा ( संघ र प्रदेश ) | | १८६०२१ | १९२६६८ | १९४८०६ | |

**संघ ससर्त अनिवार्य दायित्व तर्फ**

१. आधारभूत तहका स्वीकृत दरवन्दिका शिक्षक राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गका शिक्षक कर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत )

२. माध्यमिक तहका स्वीकृत दरवन्दिका शिक्षक राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गका शिक्षक कर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत )

**विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु**

३. प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान (५२ जना )

४. सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान (१९ विद्यालय )

५. तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान (१९ विद्यालय )

६. सार्वजनिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान (१४ विद्यालय )

७. सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान (१९ विद्यालय )

८. प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालय अनुदान (१९ विद्यालय )

९. विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान (१९ विद्यालय )

१०. शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान (३ विद्यालय )

११. शैक्षिक पहुँचमा सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाइ केन्द्र ५ वटा )

१२. शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा सुपरीवेक्षण (१९ विद्यालय)

१३. माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान (३ जना) - आ.व.२०८१।८२ को थप सहित

१४. कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपतको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम ( ५ लाख)

१५. सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान (१ वटा)

**संघ ससर्त कार्यक्रम तर्फ**

१६. विद्यालयमा विज्ञान प्रयोगशाला /सूचना तथा प्रविधि प्रयोगशाला / पुस्तकालय व्यवस्थापन अनुदान ( ११ लाख ५०हजार)

१७. सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन तथा प्रौढ विद्यालय अनुदान ( ४० लाख )

१८. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको निरन्तर पेशागत विकास र मेन्टरीङ पद्धतिको कार्यान्वयन अनुदान ( ८ लाख ३२ हजार)

१९. दिगो तथा सम्मानित रोजगारको लागि सिप परियोजना कार्यक्रम ( ८९ लाख ७६ हजार)

**संघ ससर्त संघ स्रोत तर्फ**

- राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता ( एक लाख)

**ससर्त प्रदेश स्रोत तर्फ**

- शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी गणित र विज्ञान विषय शिक्षकका लागि शिक्षण सहयोग अनुदान (२ कोटा )

**आन्तरिक स्रोत तर्फ ( नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत)**

२०. प्रारम्भिक बाल कक्षा सहजकर्ता, विद्यालय सहयोगी तथा विद्यालय सुरक्षाकर्मी प्रोत्साहन अनुदान (२२+ १९+१३ =५४ जना )

२१. विद्यालय लेखा सहायकका लागि प्रोत्साहन अनुदान ( ११ जना )

२२. दिवा खाजा व्यवस्थापन अनुदान ( २७८६ जना )

२३. शिक्षण सिकाइ अनुदान ( १९ वटा विद्यालय )

२४. नगरस्तरीय आन्तरिक तथा कक्षा ८ को परीक्षा सञ्चालन ( ५४३७ जना)

२५. सट्टा शिक्षक अनुदान एवम् स्वयंसेवक शिक्षक अनुदान
२६. स्थानीय पाठ्यपुस्तक छपाई कक्षा (१-८) तथा थप पाठ्यसामग्री खरिद (१९विद्यालय)
२७. शिक्षक तालिम / पेशागत क्षमता विकास कार्यक्रम तथा ईमिस तालिम ( विद्यालय ईमिस शिक्षक )
२८. माध्यमिक विद्यालय स्काउट कार्यक्रम अनुदान तथा खेलकुद कार्यक्रम (१२विद्यालय )
२९. आधारभूत शिक्षा परीक्षा (कक्षा ८) सुदृढीकरण तथा अतिरिक्त क्रियाकलापका लागि विद्यालय अनुदान
३०. नमुना विद्यालय एवम् उत्कृष्ट विद्यालय अवलोकन भ्रमण तथा विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यक्रम
३१. शैक्षिक समाचार बुलेटिन तथा शैक्षिक क्यालेण्डर निर्माण ( शिक्षा,युवा तथा खेलकुद शाखा)
३२. कम्प्युटर र प्रिन्टर व्यवस्थापन ( विद्यालय) तथा मर्मत संभार र फर्निचर व्यवस्थापन (विद्यालय)
३३. अनुगमन साधन प्रगति स्थिति प्रतिवेदन र शिक्षक डायरी (शिक्षा,युवा तथा खेलकुद शाखा)
३४. नगरपालिका शिक्षा योजना निर्माण र परिमार्जन
३५. गैह्र सरकारी संस्थासँगको साझेदारी कार्यक्रम ( बालमैत्री सिकाइ वातावरण )

**७.३ उद्देश्यहरु**

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. शिक्षा योजनामा समावेश कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु
४. लगानीको उपयोगिता एवम लगानी अनुरुपको प्रतिफल प्राप्त हुने उपयुक्त विधि र कार्य प्रकिया सहित जवाफदेहिता स्पष्ट गर्नु

**७.४ रणनीतिहरु**

१. शिक्षा योजना कार्यान्वयनका लागि संघीय, प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा कानुनी प्रावधान बमोजिम लगानीको सुनिश्चित गर्ने
२. शिक्षा योजना कार्यन्वयनको लागि संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय तहको लगानी वृद्धि गर्ने
३. शिक्षामा लगानीको लागि निजी क्षेत्र र गैहसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने
४. विद्यालय शिक्षाको समतामूलक पहुँच,सहभागिता र गुणस्तरको सुनिश्चितताका लागि लगानी प्रभावकारिता वृद्धि गर्ने
५. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने
६. Zero Budget, Low Budget, Actual/High Budget को आधारमा कार्यक्रम कार्यान्वयन गर्ने
७. वित्तीय व्यवस्थापन क्षमतामा सुधारल्याई वित्तीय कार्यकुशलता, अनुशासन, पारदर्शिता र जिम्मेवारी एवम् उत्तरदायित्व वहनको कार्यसंस्कारलाई सवल गर्ने
८. नगरपालिकाको कूल बजेटको निश्चित "प्रतिशत बजेट" शिक्षाको लागि व्यवस्था गर्ने
९. प्रचलित तोकिएको मापदण्डका आधारमा खर्च र प्रगति प्रतिवेदन पद्धतिको अवलम्वन गर्ने
१०. संघ,प्रदेश र स्थानीय सरकार बिच शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आपसी समन्वय सहयोग र सहजीकरणको नीति अवलम्वन गर्ने
११. नगरपालिकाभित्र सञ्चालनमा रहेका गैहसरसरकारी संस्था बिच कार्यक्रम कार्यान्वयनका लगि आपसी समन्वय र सहकार्य गर्ने

**७.५ उपलब्धि र नतिजाहरु**

**७.५.१ उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु देहाय बमोजिम हुनेछन्

१. शैक्षिक पहुँच, समत,गुणस्तर तथा संस्थागत क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ
२. वित्तीय कार्यकुशला, पारदर्शिता, जिम्मवेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ

### ७.५.२ नतिजाहरु

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरु देहाय बमोजिम हुनेछन्

१. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ
२. संघ, प्रदेश सरकार र गैहसरकारी संस्था लगायत सहयोगी हातहरुसँगको आपसी समन्वय र साझेदारीमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन र परिचालनको वातावरण तयार भएको हुनेछ
३. प्रमुख सरोकारवालाहरुको भूमिका र जिम्मेबारीका आधारमा प्रस्तावित कार्यक्रमलाई विना बजेटमा गर्न सकिने र प्राथमिकताको आधारमा न्यून बजेट एवम् वास्तविक बजेटमा सम्पन्न गर्न सकिने गरी कार्यक्रम एवम् क्रियाकलाप वर्गीकृत भएको हुनेछ
४. स्थानीय आन्तरिक श्रम र योगदानमा आधारित स्रोत परिचालनको वातावरण तयार भएको हुनेछ

| संघ ससर्त वितीय हस्तान्तरण तर्फ कार्यक्रम तथा बजेट प्रक्षेपण (२०८२।८३ देखि २०८६।८७) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथोवर्ष | पाँचौ वर्ष | ५ वर्षको बजेट | कैफियत |
| | | ०८२/ ८३ | ०८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८६/ ८७ | ०८२।८६ | आधारवर्ष २०८१।०८२ |
| A. | अनिवार्य दायित्व तर्फ | | | | | | | |
| १ | आधारभूत तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी करार र विशेष शिक्षा परिषदका शिक्षक तथा कर्मचारीको तलव भत्ता र पोशाक | १०७६७० | १०७६७० | १०७६७० | १०७६७० | १०७६७० | ५३८३५० | प्रत्येक वर्ष संघ सरकारको नीति तथा कार्यक्रम र बजेटमा हुने वृद्धि प्रतिशत अनुसार वढोत्तरी गरी AWPB तयार गर्ने प्रावधान रहेको। स्वीकृत दरबन्दी र प्रचलित तलव स्केल र तलव वृद्धि अनुसार हुने। |
| २ | माध्यमिक तहमा स्वीकृत दरबन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी राहत करार र विशेष शिक्षा परिषद तर्फका शिक्षक र कर्मचारीको तलव भत्ता र पोशाक (प्राविधिक धार तर्फका प्रशिक्षक समेत) | ४४१३५ | ४४१३५ | ४४१३५ | ४४१३५ | ४४१३५ | २२०६७५ | |
| **जम्मा ( १ र २)** | | **१५१८०५** | **१५१८०५** | **१५१८०५** | **१५१८०५** | **१५१८०५** | **७५९०२५** | |
| ३ . विद्यालय शिक्षा क्षेत्र कार्यक्रम -SESP | | | | | | | | |
| **३.१** | प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ७४०१ | ७४०१ | ७४०१ | ७४०१ | ७४०१ | **३७००५** | स्वीकृत दरबन्दी र नर्म्स अनुसार |
| **३.२** | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय एवम् मातृभाषा समेत) | ३६४२ | ३६४२ | ३६४२ | ३६४२ | ३६४२ | **१८२१०** | विद्यार्थी संख्या अनुसार |
| **३.३** | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान | ७७६० | ७७६० | ७७६० | ७७६० | ७७६० | **३८८००** | विद्यार्थी संख्या अनुसार |
| **३.४** | सार्वजनिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान | १३४१ | १३४१ | १३४१ | १३४१ | १३४१ | **६७०५** | विद्यार्थी संख्या अनुसार |
| **३.५** | सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | ७०४ | ७०४ | ७०४ | ७०४ | ७०४ | **३५२०** | विद्यार्थी संख्या अनुसार |
| **३.६** | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री | २९९२ | २९९२ | २९९२ | २९९२ | २९९२ | **१४९६०** | विद्यालय संख्या अनुसार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालय अनुदान | | | | | | | |
| ३.७ | विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान | १५१५ | १५१५ | १५१५ | १५१५ | १५१५ | **७५७५** | विद्यालय संख्या अनुसार |
| ३.८ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | १७३४ | १७३४ | १७३४ | १७३४ | १७३४ | ८६७० | स्वीकृत कोटा अनुसार |
| ३.९ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका कक्षा (६-१२) अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्वीकृत कोटा अनुसार |
| **जम्मा (अनिवार्य दायित्व तर्फ )** | | **२७१८९** | **२७१८९** | **२७१८९** | **२७१८९** | **२७१८९** | **१३५९४५** | |
| **B. संघीय ससर्त कार्यक्रम अनुदान तर्फ** | | | | | | | | |
| ३.१ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ११५० | ११५० | ११५० | ११५० | ११५० | **५७५०** | कार्यक्रमको प्रावधान अनुसार |
| ३.११ | शैक्षिक पहुँचमा सुनिश्चितता अनौपचारिक तथा बैकल्पिक शिक्षा (सामुदायिक सिकाइ केन्द्र | ४००० | ४००० | ४००० | ४००० | ४००० | **२००००** | कार्यक्रमको प्रावधान अनुसार |
| ३.१२ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | ८३२ | ८३२ | ८३२ | ८३२ | ८३२ | **४१६०** | कार्यक्रमको प्रावधान अनुसार |
| ३.१३ | विद्यालय भौतिक पूर्वाधार विकास | २६५२२ | २६५२२ | २६५२२ | २६५२२ | २६५२२ | **१३२६१०** | कार्यक्रमको प्रावधान अनुसार |
| ३.१४ | कोभीड १९ वाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपतको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम (ReAl Plan ) कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | कार्यक्रमको प्रावधान अनुसार |
